शान्ति प्रक्रियाबारे समीक्षा

एसिया ब्रिफिङ नं. १२०
काठमाडौं/ब्रसेल्स, ७ अप्रिल २०११

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# नेपालको लागछोड शान्ति प्रक्रिया

## १. सिंहावलोकन

नेपाल लागछोड शान्ति प्रक्रियाको एउटा यस्तो चरणमा प्रवेश गरिरहेको छ जसमा देशले कथित "तार्किक निष्कर्ष" फेला पार्ने छाँट देखा परेको छ। त्यो तार्किक निष्कर्ष भनेको माओवादी लडाकूहरूको पुनःस्थापना र समायोजन गर्नु तथा नयाँ संविधान तयार पार्नु हो। संसदमा सबभन्दा ठूलो पार्टी रहेको माओवादी पार्टी एमालेद्वारा नेतृत्व गरिएको गठबन्धनमा बस्न राजी भएर सरकारमा फेरि फर्केको छ। दोस्रो ठूलो पार्टी नेकालाई सरकारमा ल्याउने प्रयास निष्कर्षहीन भए पनि त्यो चलिरहेको छ। संवैधानिक विषयहरूमा सहमतिमा पुग्ने काम भइरहेको छ र समायोजनबारे छलफलहरू पनि भइरहेका छन्। कुनै पनि पार्टी गम्भीर मुठभेड गराउने पक्षमा छैनन् संविधानसभामा चलिरहेको संविधान लेखनको प्रक्रियालाई धराशायी पारेको दोष लिन कुनै पार्टी चाहँदैनन्। तर यस प्रक्रियाको सफलता संविधानसभा विघटन गर्ने धम्की दिइरहेका प्रतिपक्षी पार्टीहरूमा त्यत्तिकै भर पर्दछ जतिको सरकारले उनीहरूसित गर्ने व्यवहारमा र त्यसरी नै सरकारमा रहेका पार्टीहरूले आफ्नै घरझगडा कसरी मिलाउँछन् भन्नेमा पर्दछ। यसमा माओवादीहरूले पनि आफ्ना सेनालाई भङ्ग गर्ने दिशामा पनि निकै ठूलो कदम उठाउनु त्यत्तिकै जरुरी छ।

हातहतियार र सेना सम्बन्धमा भएका सम्झौताहरू मूलतः राजनीतिक प्रकृतिका थिए भन्ने कुरा जनवरी २०११ मा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) फर्केर गएकाले प्रस्ट भएको छ। त्यसैगरी शान्ति प्रक्रियाको लचकता र माओवादीहरूको तत्परता पनि यसबाट प्रस्टिएको छ। यस कुराका साथसाथै शान्ति प्रक्रियाले अहिले लिएको ताजा गति उत्साहप्रद छ। तर प्रमुख चुनौतीहरू यथावत् छन्। समायोजन वा सङ्घीयताबारे पार्टीहरू छिटै सहमतिमा आउन नसके २८ मे २०११ मा म्याद सकिन लागेको संविधानसभाको म्याद छोटो समयका लागि भए पनि थप्न आवश्यक हुनेछ। तर मधेसी पार्टीहरू र नेका तथा एमालेभित्रका केही वर्ग म्याद थप्न नहुने कुरा गर्दैछन्। यस तर्कका पछाडि राजनीतिक सौदाबाजी गर्ने र सहमतिमा विलम्ब गरेर संविधानसभा पङ्गु भएको दर्साउने मनसाय देखिन्छ। सरकारमा रहेका सबै पार्टीहरू गुटबन्दीको तानातानमा अल्झिएका छन्। उनीहरूको आन्तरिक कलह र पार्टी फुट्नसमेत सक्ने सम्भावनाले परिस्थितिलाई केही जटिल तुल्याएको छ। दौड पूरा गर्ने हतारोमा सबै पार्टीहरूले प्रक्रिया "सम्पन्न" गरेको विधि मात्रै पुऱ्याउने छाँट छ। सत्ताका लागि २१ महिना लामो लुछाचुँडी चल्यो। प्रधानमन्त्री चुन्नका लागि सोह्र-सोह्र पटकसम्म त निष्फल चुनाव भयो। त्यसभन्दा अघिल्लो वर्षमा पनि खासै केही प्रगति हुन सकेन, जसका कारण बृहत् शान्ति सम्झौता कागतको खोस्टा भएका छन्।

भूमिउपरको स्वामित्वको कस्तो अवस्था छ भन्नेबारे आजसम्म कुनै वस्तुनिष्ठ सर्वेक्षण भएकै छैन र भूमि सुधारसम्बन्धी कुनै पनि नीतिहरू पूर्णतः लागू गरिएका छैनन्। बेपत्ता भएकाबारे सत्य निरूपण तथा मेलमिलाप आयोग अझै गठन गरिएका छैनन्। बृहत् शान्ति सम्झौतामा उल्लेखित नेपाली सेनाको "प्रजातान्त्रिकरण" अहिलेसम्म तजबिजको विषय बनेको छ र सेनालाई घेरेर बसेका कर्मचारीतन्त्रलाई चिरिच्याट्ट पारेर राख्ने काममा मात्र सीमित रहेको छ, सैन्य सङ्गठनलाई जवाफदेही र सानो आकारको बनाउने कुरामा ध्यानै दिइएको छैन। यस्ता दीर्घकालीन आयोजनाहरूलाई थाँती राख्नु सजिलो छ। तर त्यसो गर्नाले नयाँ बन्ने संविधानको कार्यान्वयन तथा बृहत् शान्ति सम्झौतामा परिकल्पना गरिएका गम्भीर राजनीतिक सुधारका विषय ओझेलमा पर्न जानेछन् र शान्तिलाई टिकाउ बनाइराख्ने कुरामा पनि त्यसको छाया पर्नेछ। राज्य पुनर्संरचना आवश्यक र टार्न नसकिने विषय भएकोमा मोटामोटी रूपमा सहमति भइसकेको भए तापनि सार्वजनिक तवरमा यो माओवादीहरूले अघि सारेका सङ्घीयताको विवादास्पद परिभाषाउपर वादविवाद गर्ने विषय बन्न पुगेको छ, नेपालीहरू यसबाट कस्तो खालको परिवर्तन चाहन्छन् र कसरी त्यसलाई प्राप्त गर्न सकिन्छ भन्ने होइन।

समायोजन र नयाँ संविधान जस्ता तत्कालै गरिहाल्नुपर्ने कार्यहरूको प्रभाव उपर्युक्त विषयहरूको दीर्घकालीन समाधानमा पर्न जानेछ। अहिले सरकारसित दुईतिहाइ बहुमत छ जसका आधारमा नयाँ संविधान पारित गर्न सकिन्छ वा संविधानसभाको म्याद थप्न सकिन्छ। तर भारतको धापमा नेकाभित्रका एउटा पक्षको र मधेसी पार्टीहरूको प्रतिरोधका कारण अन्तिम क्षणमा हतपतको निर्णय हुन सक्नेछ जसले गर्दा सत्ता साझेदारीलाई टिकाउन मूलभूत विषयहरू सम्झौतामा टुङ्गिन सक्नेछन्। त्यसबाहेक कुनै पनि ठूला पार्टीले सही नगरेको संविधान आएमा वा संविधान ल्याउने कामलाई पर सार्ने योजना आएमा त्यसको विरोध सुरुबाटै हुन थाल्नेछ। राज्यको रूपान्तरण गर्ने जिम्मेवारीलाई तिलाञ्जलि दिइएको छैन भनेर जनता र खण्डित राजनीतिक व्यवस्थालाई आश्वस्त पार्नका लागि र २८ मेको तिथि नजिकिँदै जाँदा स्थानीय तवरमा उठ्न सक्ने हिंसाको प्रतिकार गर्नाका लागि केही काम गरेरै देखाउनुपर्ने हुन्छ। त्यसका लागि सङ्घीयताको विषयलाई किनारा लगाउन फेरि म्याद थप्न नसकिने गरी संविधानसभाको म्याद छोटो अवधिका लागि बढाउन सकिन्छ र आंशिक भए पनि संविधानको मस्यौदालाई सार्वजनिक गरिनुपर्छ।

यस विषयमा लिइने निर्णयहरूलाई यथार्थमा सहमतिपूर्ण बनाउन र त्यसको सफलताको राजनीतिक लाभ समान रूपमा प्राप्त गर्नाका लागि नेका र मधेसी पार्टीहरू सरकारमा जानुपर्छ। त्यसो नहुँदासम्म एमाले-माओवादी गठबन्धनले ती पार्टीहरूसित समय खेर नफाली छलफल

गरिरहनुपर्छ। माओवादीहरूले अरूलाई विश्वास दिलाउन जनमुक्ति सेनाको विघटन गर्नेतर्फ पत्यारिलो कदम चाल्नुपर्छ। नेकाले पनि माओवादीले राज्य कब्जा गर्छन् र प्रजातन्त्रको रक्षा गर्नुपर्छ भन्ने एकोहोरो रटानभन्दा पर्तिर गएर मिलनबिन्दु फेला पार्न सकारात्मक योगदान गर्न सक्नुपर्छ।

माओवादीहरू रूपान्तरणको दौरबाट गुज्रिरहेछन्। उनीहरूका नेताहरूबीच सार्वजनिक रूपमा चलिरहेको विभाजनकारी दोहोरीबाट पनि यो कुरा प्रस्ट हुन्छ। एकातिर उनीहरूले प्रजातान्त्रिक अभ्यासको सीमालाई हदैसम्म बढाएर लैजाने क्रान्तिकारी पार्टीका रूपमा आफूलाई प्रस्तुत गर्नुपरेको छ भने अर्कातिर फैलिँदै गएको वित्तीय स्वार्थ र संरक्षणवादको कारोबार पनि चलाइरहनु परेको छ। सरकारमा रहँदारहँदै "स्वयंसेवी"हरूको नौलो दस्ता गठन गर्नु, पार्टीका विभिन्न सङ्गठनहरूले जबर्जस्ती चन्दा असुल्ने काम जारी राख्नु, केही जिल्लाहरूमा अरूलाई पेलेर एकलौटी निर्णय लिने र थर्काउने काम गर्नु अनि बारम्बार "विद्रोह" गर्ने चेतावनी दिइरहनु, यी यस्ता कार्य हुन् जसका कारण माओवादीलाई साझेदारका रूपमा विश्वास गर्न गाह्रो हुन्छ। हतियारको बलमा राज्य शक्ति कब्जा गर्ने नीति आफूले छाडिसकेको स्वीकार गर्ने र आफ्नो नेतृत्वभित्रको बेमेललाई सुल्झाउने बेला माओवादीहरूका लागि अहिले नै हो।

नेका र एमालेले सन् २००८ को संविधानसभा निर्वाचनपछि आफ्ना सङ्गठनको पुनर्निर्माण र गुमेको राजनीतिक साखलाई पुनः प्राप्त गर्न खासै प्रयास गरेका छैनन्। ती दुवै पार्टीले शान्ति प्रक्रियाका तात्कालिक र मध्यवर्ती लक्ष्यहरू पाउन सकारात्मक योगदान गर्न सकेमा उनीहरूकै राजनीतिक आधार बलिया हुनेछन्। नत्र कमजोर साङ्गठनिक अवस्था, आन्तरिक कलह, शान्ति प्रक्रियाले ल्याउने सुधारबारेको धुकचुक र आफ्ना पार्टीका नीतिहरूलाई प्रस्टतासाथ राख्न नसकेका कारणबाट उनीहरू अझ पर्तिर घचेटिँदै जानेछन्।

विगत दुई वर्षमा धेरैजसो मधेसी पार्टीहरूले राष्ट्रिय राजनीतिमा देखाएका सहभागिता भनेको मूलतः भिन्न-भिन्न गठबन्धनमा सङ्ख्या पुऱ्याउनु रहेको छ र उनीहरू अझै सहयोगका लागि दिल्लीको मुख ताक्ने गर्छन्। राजनीतिक गठबन्धन निम्ति उनीहरूद्वारा प्रदर्शित अवसरवादी व्यवहारले गर्दा उनीहरूका राजनीतिक एजेन्डाको अवमूल्यन हुन पुगेको छ। तर उनीहरूले केही बल पाउने हो भने सरकारलाई आछ्यु आछ्यु पार्न सक्ने क्षमता उनीहरूमा अझै बाँकी छ र आफूले खोजेका कुरा पूरा गराउन सक्ने निर्णयकारी भूमिका खेल्न सक्छन् ।

अनमिनको बहिर्गमनपछि नेपालसितको अन्तर्राष्ट्रिय सम्बन्धको हकमा नयाँ दिल्लीले नेतृत्वकारी भूमिका लिन पुगेको छ। नयाँ बनेको गठबन्धनले माओवादीहरूलाई अलग्याउने नीति नलिने प्रस्ट पारिसकेकोले अब भारतले त्यही नीति कायम राख्ने कि नराख्ने सोच्नुपर्ने भएको छ। साथै संविधानसभा विघटन गर्ने उसको जुन प्राथमिक चाहना हो त्यसलाई पूरा गर्दा उत्पन्न हुन सक्ने परिणामहरूलाई झेल्न सकिने नसकिने पनि उसले विचार गर्नुपर्छ। माओवादीहरूसित फेरि व्यवहार चलाउन अहिलेसम्म माओवादीका सम्बन्धमा भारतीय संस्थापनाका विभिन्न निकायहरूले कस्दै आएका मोर्चाबाट आफूलाई निकाल्नुपर्छ। यसो गर्दा उनीहरूले आफ्नो बाटो फेर्नुपर्ने हुन्छ। नेपाली राजनीतिका खेलाडीहरूलाई माओवादी विरोधी चरम नीति अँगाल्न उक्स्याएर अब बाटो फेर्दा त्यसको राजनीतिक मूल्य काठमाडौंका उसका सहयोगीहरूले चुकाउनुपर्ने हुन्छ। बाँकी अन्तर्राष्ट्रिय समुदायले भने शान्ति प्रक्रियाका दीर्घकालीन प्रतिबद्धताहरूलाई पूरा गराउन परामर्शका साथै निरन्तर र पारदर्शी सहयोग दिन सक्छन्।

## २. चालिएका केही कदम

शान्ति प्रक्रिया (त्यसमा पनि विशेषतः संविधान लेखन तथा समायोजन) र सत्ताको भागबण्डा तथा पार्टीहरूको आन्तरिक कलह एवं नेपाली राजनीतिमाथि नयाँ दिल्लीको अनेकन् प्रकारका प्रभावबीचको मोटामोटी सम्बन्ध-सूत्र नयाँ प्रधानमन्त्रीको चुनावको सन्दर्भमा उत्पन्न गतिरोधको अवधिमा प्रस्ट भएको थियो।[१] मे २०१० मा मध्यरातमा गरिएको संविधानसभाको म्याद थप्ने निर्णय होस् या सेप्टेम्बर २०१० मा अनमिनलाई धपाउने प्रपञ्च होस् या सोह्र पटकको निरर्थक मतदानपछि आखिर फेब्रुअरी २०११ मा एमाले-माओवादी सरकारको गठन होस् यी सबै घटनाक्रम र वातावरणमा ती सम्बन्ध-सूत्रले काम गरेका छन्।[२] वर्तमान सरकारले आंशिक संविधानलाई एक पक्षीय रूपमा पारित गर्न चाहेमा त्यसका लागि आवश्यक दुईतिहाइ बहुमत ल्याउन सक्छ, तर अनेक विषयहरूमा सहमति खोज्ने क्रममा सरकारको नेतृत्व फेरि धरापमा पर्न सक्छ। जे भने पनि अहिले आएर शान्ति प्रक्रिया भनेको समायोजन गर्ने तथा त्यस निम्ति जनमुक्ति सेना विघटन गर्ने र नयाँ संविधान सकेसम्म चाँडो घोषणा गर्ने कुरामा सीमित हुन पुगेको छ। संस्थागत तथा सामाजिक सुधार गर्ने र दण्डहीनताको विषयलाई सम्बोधन गर्ने जस्ता अन्य प्रतिबद्धताहरू यसै सेलाएर गएका छन्।

---

[१]यी सवालहरूबारे क्राइसिस ग्रुपका पहिलेका रिपोर्टहरू हेर्नुहोस्: बिस्तृत शान्ति सम्झौता र शान्ति प्रक्रियाका सम्बन्धमा क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १२६, *Nepal's Peace Agreement: Making it Work*, १५ डिसेम्बर २००६; नं. १५५, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?*, ३ जुलाई २००८; नं. १६३, *नेपालको धरमराउँदो शान्ति प्रक्रिया*, १९ फेब्रुअरी २००९; नं. १८४, *नेपालः शान्ति र न्याय*, १४ जनवरी २०१०; नं. १९९, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, १३ जनवरी २०११; र क्राइसिस ग्रुपको एसिया ब्रिफिङ नं. ६८, *नेपालको नाजुक शान्ति प्रक्रिया*, २८ सेप्टेम्बर २००७; नं. ७२, *नेपालः स्थगित शान्ति*, १७ डिसेम्बर २००७; नेपालको राजनीनिक प्रक्रियाको लचकता र समाज रूपान्तरणमा तिनले कसरी काम गर्दछन् भन्ने सम्बन्धमा, एसिया रिपोर्ट नं. १९४, *नेपालको राजनीतिक संस्कार*, २९ सेप्टेम्बर २०१०; परिवर्तित शान्ति प्रक्रियाको सन्दर्भ र बदलिँदो अन्तर्राष्ट्रिय प्रभावका सम्बन्धमा, एसिया रिपोर्टहरू नं. १३२, *नेपालका माओवादीहरू विशुद्धतावादी कि व्यवहारवादी*, १८ मे २००७; नं. १३६, *हिंसाको तापमा तराई*, ९ जुलाई २००७; नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य*, ३ जुलाई २००८; नं. १७३, *नेपालको भविष्य कसको हातमा*, १३ अगस्ट २००९। सन् २००७ देखि यताका सबै रिपोर्ट र ब्रिफिङहरूको नेपाली अनुवाद www.crisisgroup.org/nepali मा उपलब्ध छन्।

[२]शान्ति सम्झौता र अन्तरिम संविधानको प्रावधानबमोजिम अप्रिल २००८ मा संविधानसभाको चुनाव सम्पन्न भयो जसले २८ मे २०१० को म्यादभित्र नयाँ संविधान बनाएर घोषणा गर्नुपर्ने थियो। तर त्यो म्याद सकिने रात संविधाननसभाको समय एक वर्षका लागि थप गरियो।

एनेकपा (माओवादी) संविधानसभाको म्याद थप्न राजी हुनुका पछाडि एउटा लेनदेन थियो जसअन्तर्गत प्रधानमन्त्री माधवकुमार नेपालले जून २०१० मा पदबाट राजीनामा गरेका थिए। तर त्यसपछाडिका सात महिनामा नयाँ प्रधानमन्त्री छान्न संसदमा सोह्र पटक निष्फल चुनाव भयो। तिनमध्ये एघार पटकको चुनावमा नेकाका एक्ला उम्मेदवार खडा भएका थिए। त्यसपछि भएका निर्वाचनमा त आवश्यक गणपुरक सङ्ख्यासमेत पुगेन।[३] कसलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने र कससित गठबन्धनमा जाने भन्ने विषयमा पार्टीहरूभित्र निकै ठूलो रडाको मच्चियो। समायोजनबारे कुनै प्रगति हुन सकेन, यद्यपि तीन ठूला पार्टीहरू (एनेकपा (माओवादी), नेका र एमाले) समायोजन, सत्ता साझेदारी र संविधानबारेको "प्याकेज डील" सम्बन्धमा आआफ्ना अडान दोहोर्‍याउनलाई बेलाबखत भेट्ने गर्थे। उता अनमिनको हुर्मत लिने काम पनि जोडसित चलिरह्यो र नेपाली सेनालाई लगाम लगाउन सक्ने सामर्थ्य भएको हातहतियार र सेनासम्बन्धी सम्झौता पनि सेलाएर ठन्डा भयो।[४]

अनमिनको जनवरी २०११ मा भएको बहिर्गमनपश्चात् शान्ति प्रक्रियामा केही हलचल आएको देखियो। खासगरी माओवादी जनमुक्ति सेनालाई सरकारमा हस्तान्तरण गर्ने र त्यसका साथसाथै नयाँ सरकार चुन्नलाई निर्वाचनसम्बन्धी संसदीय नियमावली संशोधन गर्ने सहमतिलाई त्यस हलचलका रूपमा हेर्न सकिन्छ। तर "माओवादीलाई रक्षाकवच" प्रदान गर्ने अनमिन नभएमा शान्ति प्रक्रियाले गति लिन्छ भन्ने मान्यता राख्ने अनमिनका आलोचकहरूले एमाले र एनेकपा (माओवादी) बीच मिलेमतो भएर माओवादी अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीको उम्मेदवारी छाड्नेछन् र एमालेका अध्यक्ष झलनाथ खनाललाई समर्थन गर्नेछन्[५] भन्ने अनुमान सायद गर्न सकेनन्। जनमुक्ति सेनालाई सरकारको जिम्मा लगाउने कुरा वास्तवमा साङ्केतिक थियो। जनमुक्ति सेनाको नेतृत्वकारी तह अझै जस्ताको तस्तै छ त त्यसले सन् २००९ मा गठन गरिएको माओवादी लडाकूहरूको सुपरीवेक्षण, समायोजन र पुनःस्थापनबारेको विशेष समितिलाई[६] जानकारी गराउने काम अझसम्म गरेको छैन। अनि अनमिनको प्रतिस्थापन गर्न तानतुन गरेर बनाइएको राष्ट्रिय अनुगमन संयन्त्रको वास्तविकभन्दा अवधारणात्मक महत्त्व मात्र छ।[७] तर पनि माओवादी शिविरहरूमा उत्पात मच्चिने कुनै डर हाललाई छैन र नेपाली सेनाले पनि आफूमाथि लगाइएको प्रतिबन्धहरूलाई चुनौती दिने कुनै काम गरिहालेको छैन।

प्रधानमन्त्री खनालले आफ्नै पार्टीको, नेकाको र एनेकपा (माओवादी) भित्रकै असन्तुष्टहरूको आलोचना झेल्दै आफ्नो कार्यकालको सुरुआत गरे। उनले एमालेलाई अहिलेको व्यवस्था स्वीकार्ने बनाए, उपेन्द्र

---

[३] "Voting being repeated to satisfy Maoists, speaker: Paudel", myrepublica.com, १० अक्टोबर २०१०।

[४] अनमिनको कार्यकाल सिद्धिन निकै दिनअघि सेप्टेम्बर २०१० मा त्यस बेलाको काम चलाउ सरकार र माओवादीबीच चार बुँदे सहमति भएपछि अनमिनको म्याद अन्तिम पटक थपिएको थियो। त्यस सहमतिको पाँचौं तर अलिखित बुँदाचाहिँ शान्ति सेनाको तालिमका लागि मागबमोजिम नेपाली सेनाले गोलीगट्ठाहरू खरिद गर्न सक्छ भन्ने थियो। हातहतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता (AMMAA) को उलङ्घन गर्दै सन् २०१० मा नेपाली सेनाले भर्ना लिन थाल्यो। सन् २०१० मै माओवादीलाई काखी च्यापेको भन्ने अत्तो थापेर अनमिनलाई बदनाम गर्ने काम भयो र अनमिनको नेतृत्वका साथै संयुक्त राष्ट्रसङ्घीय राजनीतिक मामिला विभागको कार्यक्षमताउपर प्रश्न खडा गरियो। सेप्टेम्बर २०१० मा काम चलाउ सरकारले अनमिनको म्याद थपका लागि पठाएको अनुरोधपत्रमा शान्ति प्रक्रियाबारे विरलै उल्लेख थियो र देशको जटिल राजनीनिक गतिरोध वा अनमिनको भूमिका प्राविधिक मात्र नभई राजनीतिक पनि भएको तथ्यलाई स्वीकार्ने काम पनि त्यसमा भएको थिएन। अघिल्लो सरकारले लिएको माओवादी विरोधी अडान, नेपाली सेनाको परिवर्तन नचाहने अडान र ती कुरामा भारतले गरेको समर्थनबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्य कसको हातमा?* माथि उल्लेखित।

[५] पार्टी राजनीति र शान्ति प्रक्रियासम्बन्धी वार्ताहरूमा अनमिनले पार्न सक्ने प्रभाव सीमित हुँदाहुँदै पनि सबै थोकमा प्रगति हुन नसकेकोमा अनमिनलाई दोष्याइयो। एमाले र माओवादीबीच भएको सम्झौताको खुलासा खनाल प्रधानमन्त्री चुनिएपछि मात्रै भयो। एमालेको अनुदारवादी खेमाले त्यसमा परेका कुराको चर्को आलोचना गर्दै खनाल र उनका समर्थकहरूले गोप्य सम्झौता गरेको भनेर ठूलो आपत्ति जनायो। नेकाले माओवादीले "सत्ता कब्जा गर्न" लागेको र वामपन्थीहरू गोलबन्द भएर ध्रुवीकरणतर्फ लागेको त्रास देखाउन थाल्यो। जनमुक्ति सेनाका लडाकूहरूलाई राज्यका अन्य सुरक्षा बलसित मिलाएर एउटा नयाँ सुरक्षा निकाय निर्माण गर्ने, माओवादीलाई गृह मन्त्रालय दिने तथा एमाले र एनेकपा (माओवादी) बीच पालैपालो प्रधानमन्त्री बन्ने व्यवस्था भएका त्यस सम्झौताका विरोधीहरूको चासो र सरोकार बुझ्न सकिने खालका थिए। त्यो सहमति अन्य सम्झौतावार्ताहरूको सुरुआती बिन्दु थियो। त्यो गोप्य रहिरहने वा त्यसलाई आम रूपमा स्वीकार गरिने कुरा खनाल र प्रचण्डले पनि सोचेका थिएनन् होला र प्रधानमन्त्रीका हैसियतले खनालको पहिलो काम सरकारमा सामेल हुन नेपाली काङ्ग्रेसलाई गरिएको आग्रह थियो। तर, २८ मेभन्दा अगावै सबभन्दा ठूलो दलको नेताको हैसियतले आफू प्रधानमन्त्री हुने दाबी प्रचण्डले गरे भने संविधानसभाको म्याद थप्नेबारेको छलफल झन्झटिलो हुन सक्छ।

[६] सन् २०१० को अन्त्यसम्म विशेष समितिको बैठक आक्कलझुक्कल मात्र बस्थ्यो र त्यसले काम पनि खासै गर्न सकेको थिएन। जनमुक्ति सेनाको हस्तान्तरण भएदेखि यता भने विशेष समिति र यसको सचिवालयले समायोजनसम्बन्धी छलफल फेरि सुरु गरेका छन्। सचिवालयले दुवै सेनाको अनुगमनको काम हेरेजस्तो गरेको छ।

[७] अनमिन कार्यालय बन्द भएको दिनदेखि उसले गर्दै आएको अनुगमन कार्यको जिम्मा विशेष समितिलाई दिने कुरामा दलहरू सहमत भएका थिए। संयुक्त राष्ट्रसङ्घीय अनुगमनकर्ताको ठाउँ नेपाली सेना, सशस्त्र प्रहरी बल, जनमुक्ति सेना र विशेष समिति सचिवालयसमेतको प्रतिनिधित्व रहेको एउटा सानो अनुगमन टोलीले लियो। संयुक्त राष्ट्रसङ्घले सरकारलाई अनुगमन गर्ने उपकरण त दियो तर तिनलाई प्रयोगमा ल्याउन चाहिने वातावरण बनाउन सरकारलाई मुस्किल परिरहेको छ। अनुगमन गर्नुपर्ने हातहतियारका कण्टेनरहरू जनमुक्ति सेनाका सात मुख्य शिविरहरूमा तथा नेपाली सेनाको काठमाडौंस्थित छाउनी ब्यारेकमा छन्। कन्टेनहरूको लगातार फोटो खिचिरहन र भू-उपग्रहको इन्टरनेट माध्यमद्वारा तस्बिरहरू सम्प्रेषण गर्नका लागि बिजुलीको अटुट आपूर्ति भइरहनुपर्छ। नयाँ अनुगमनकर्ताहरूसँग न त कारहरू छन् न गतिलो आवास सुविधा। विशेष समितिको सचिवालयले अनेक थोकको अनुगमन गर्नुपरेकामा गुनासो गरिरहन्छ। फेब्रुअरीमा अनमिनले शिविर छाडेको झन्डै एक महिना बितिसकेको थियो तर त्यतिन्जेलमा विशेष समितिको टोली जनमुक्ति सेनाका २१ ओटा उपशिविरहरूमध्ये जम्माजम्मी तीनओटामा मात्र पुग्न सकेको बताइन्छ। "Satellite camps unmonitored since UNMIN exit", *Republica*,१४ फेब्रुअरी २०११। अनुगमन कार्य फितलो छ, तर थुप्रै कठिनाइहरू हुँदाहुँदै पनि त्यस संयुक्त टोलीले सम्बन्धित पक्षहरूमा एक खालको विश्वास भने आर्जन गर्न सकेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी, २०११।

यादवले नेतृत्व गरेका मधेसी जनअधिकार फोरम (नेपाल) लाई सरकारमा आउने पारे र नेकालाई पनि मनाउने काममा लागिरहेछन्। तर एमाले र एनेकपा (मोओवादी) भित्र चलेको गुटबन्दीको जटिल चक्र यस्तो छ जसका कारण मन्त्रालयको बाँडफाँडमा असहमति उत्पन्न भयो र अहिलेको व्यवस्था नै खारेज गर्नुपर्ने आवाज पनि उठ्न गएको छ। त्यसले गठबन्धनलाई कमजोर पार्न पनि सक्छ।[८] सरकारका सामु अरू पनि चुनौतीहरू छन् – नेकाले समायोजनको जुनसुकै उपायको पनि विरोध गर्न सक्छ, नयाँ दिल्लीको धाप पाएर मधेसी पार्टीहरू संविधानसभाको म्याद बढाउने कुराको विरोधमा निक्लन सक्छन् र अन्य प्रकारले अवरोध खडा गर्न सक्छन्। त्यसमाथि सार्वजनिक सुरक्षा उल्लेखनीय तवरले खल्बलिन गएमा वा विशेषगरी तराई र काठमाडौंमा जानाजान हिंसा थालिएमा त्यसबाट जटिलता झनै थपिनेछ र त्यो सरकार विरुद्धको हथकण्डा हुन जानेछ।[९]

सरकारसित दुईतिहाइको बहुमत छ जो संविधान पारित गर्नलाई वा संविधानसभाको म्याद बढाउनलाई मनग्गे छ।[१०] प्रतिपक्षी पार्टीहरूले संविधानसभालाई भङ्ग गर्ने वा नयाँ निर्वाचनको माग गर्ने आँट जुटाउन सकेका छैनन्। मधेसी पार्टीहरूमा एउटाबाहेक सबै पार्टीहरू सरकारबाहिर रहेका छन्, तर सबै मधेसी पार्टीहरूको पहिचान राज्यको पुनर्संरचना र बृहत्तर राजनीतिक तथा सामाजिक समावेशीकरणको मागमा टिकेको छ। तथापि भारतीय संस्थापनाको आडमा उनीहरू संविधानसभाको म्याद थप्ने कुराको विरोध गरिरहेछन्। संविधानसभाको म्याद नथपिएमा के हुन्छ त्यसको हेक्का उनीहरूलाई छैन। उनीहरूले बुझेका एउटै कुरा हो आमनिर्वाचन हुन्छ भन्ने। नेका अझै शान्ति प्रक्रियाप्रति प्रतिबद्ध छ, तर सरकारमा जाने कि नजाने भन्नेमा उसलाई धुकचुक छ। सरकारमा गइहाले पनि उसले सरकारको नेतृत्व नपाउने त पक्का छ। तसर्थ त्यस पार्टीले सरकार परिवर्तन गर्ने हिसाबले संविधानसभाको म्याद नथप्ने दाउ लिन सक्छ।[११]

एमाले र माओवादीबीच भएको सात बुँदे सम्झौतामा नपरेको आठौं अलिखित समझदारीचाहिँ संविधानसभाको म्याद छ महिना बढाउने रहेको थियो। त्यस सम्झौतालाई प्रतिपक्षी पार्टीहरूले गठबन्धनलाई विश्वास गर्न नसकिने साक्ष्यका रूपमा लिएका छन् र त्यसबाट गठबन्धनको बदनियत प्रकट भएको ठान्छन्। त्यसैले संविधानसभाको म्याद थप्ने कुराको विरोध गर्नुको अर्थ त्यस सम्झौतालाई अस्वीकार गर्नु र सरकारलाई चुनौती दिनु हो। न त प्रधानमन्त्री खनाल न त प्रचण्डले नै दुई पार्टीले पालैपालो सरकार चलाउने बुँदालाई त्यागेका छन्। त्यसले गर्दा प्रतिपक्षलाई र उनीहरूका आफ्नै पार्टीभित्रैका खेमाहरूलाई कुरा काट्ने आधार मिलेको छ। अर्को ठूलो चुनौती भनेको सङ्घीयताका विषयमा पार्टीहरू सहमत हुन सक्लान् त भन्ने हो। मधेसी पार्टीहरू संविधानसभाको थपिएको म्याद सकिने बेलासम्ममा यससम्बन्धी यावत् विषयहरू समाधान हुनुपर्ने ग्यारेन्टी चाहन्छन्। यस विषयलाई राज्य पुनर्संरचना आयोगको जिम्मा लगाउने

---

[८]एमाले र एनेकपा (माओवादी) दुवै पार्टीका वरिष्ठ नेताहरूले सरकारका बारेमा जथाभाबी टिप्पणी गरेका छन्। एमालेभित्र खनालका प्रतिस्पर्धी केपी ओलीले पार्टीको स्वीकृति नलिईकन सम्झौतामा हस्ताक्षर गर्नुलाई खनालको "मानवीय कमजोरी" भनेर आलोचना गरे। माओवादी उपाध्यक्ष बाबुराम भट्टराईले यस गठबन्धनले शान्ति प्रक्रियालाई अगाडि बढाउन नसक्ने बताए। उदाहरणका लागि हेर्नुहोस्, "Maoists can't be given home ministry: Oli", myrepublica.com, १८ फेब्रुअरी २०११ र "Peace, constitution not possible under Khanal govt: Bhattarai", myrepublica.com, ५ फेब्रुअरी २०११। एनेकपा (माओवादी) भित्रका विभिन्न खेमाहरूको प्रचण्डमाथि दबाब छ। अहिलेको कामकारबाही र सहमतिको विरोध गर्ने नेत्रविक्रम चन्द "विप्लव" जस्ता नेताहरूका लागि मन्त्री पदको उस्तो आकर्षण छैन, तैपनि पार्टीभित्रका सबै खेमाको प्रतिनिधित्व गराउनु आवश्यक हुन्छ र त्यस्तो महत्त्वाकाङ्क्षा राख्नेहरू पार्टीभित्र मनग्गे छन्। नेकाझैं एमालेभित्रको अनुदारवादी खेमा गृह मन्त्रालय माओवादीका हातमा गएमा जनमुक्ति सेनाका साथै नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुवैलाई माओवादीले आफ्नो नियन्त्रणमा लिनेछ भनेर गृह मन्त्रालयउपर माओवादीको दाबीको विरोध गर्दछ। तर एनेकपा (माओवादी) ले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुवैलाई आफ्नो इच्छाबमोजिम चल्न बाध्य पार्न सक्ने देखिँदैन र व्यक्तिगत बातचितमा एमालेभित्रको असन्तुष्ट पक्षलाई त्यसको सट्टामा कुनै शक्तिशाली र आकर्षक मन्त्रालय दिइएमा उनीहरूलाई त्यो मान्य हुने बताइन्छ। मन्त्रिमण्डल विस्तार गर्न ढिलाइ गरेकामा प्रधानमन्त्री खनालको आलोचना हुने गरेको छ, तर माधवकुमार नेपाललाई आफ्नो मन्त्रिमण्डल विस्तार गर्न सन् २००९ मा २५ मे देखि ११ सेप्टेम्बरसम्मको समय लागेको थियो र त्यस अवधिमा उनले आठ पटक मन्त्रिमण्डल विस्तार गरे र आफ्नो गठबन्धनका साझेदारहरूलाई भाग पुर्‍याउन उनले तीनओटा मन्त्रालयलाई फुटाएर छओटा बनाउनु पर्‍यो। नेपालले ४४ जनाको मन्त्रिमण्डल गठन गरे जो शेरबहादुर देउवाले सन् १९९६ मा बनाएको मन्त्रिमण्डलपछिको दोस्रो ठूलो मन्त्रिमण्डल थियो। देउवा सरकारमा सम्पूर्ण संसदको २० प्रतिशतभन्दा बढी सदस्य समावेश गरिएका थिए।

[९]तराईमा कैयौं महिनासम्म कायम रहेको शान्तिपश्चात् मार्च २०११ को अन्त्यतिरको तीन दिनमा सार्वजनिक बसहरूभित्र चारओटा बम विस्फोट भए। त्यसबाट एक जनाको मृत्यु भयो र अरू ४० जना घाइते भए। घटनाको जिम्मेवारी कसैले लिएन। तर त्यो आक्रमण सरकारलाई नीचा देखाउने र संविधानसभाको म्याद बढाउने प्रयासलाई चुनौती दिने हिसाबले गरिएको हुन सक्छ। "संविधानसभा विरुद्ध मच्चित हिंसा", *कान्तिपुर*, २८ मार्च २०११।

[१०]मे २०१० मा अन्तरिम संविधानमा रहेको सङ्कटकालीन अवस्थाको घोषणालाई संविधानसभाको म्यादसित जोड्ने प्रावधानले जुन चिन्ता जगाएको थियो त्यो यस पटक देखिएको छैन। यो सम्भवतः फेब्रुअरी २०११ मा सर्वोच्च अदालतले गरेको फैसलाका कारणले पनि हुन सक्छ। उक्त फैसलामा अन्तरिम संविधानको धारा ६४ र ८३ को हवाला दिँदै संविधानसभाले आफ्नो काम सम्पन्न नगरुन्जेल आफ्नो म्याद बढाउन पाउँछ भनिएको थियो। "CA extension decision irrevocable, says SC", २४ फेब्रुअरी २०११।

[११]जति नै आक्रामक ढाँचा देखाए पनि मूल धारका धेरै दलहरू विघटनले ल्याउने खतराप्रति सचेत छन्। त्यस्ता खतरामा माओवादीको प्रहार हुन सक्ने र अधिनायकवादी सत्ता आउन सक्ने कुरा पनि पर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली र काठमाडौं, जनवरी-मार्च २०११। सरकार भित्रैबाट पनि म्याद थप्ने कुरामा चुनौतीहरू आउन सक्छन्। सन् २०१० मा संविधानसभाको म्याद थप्दाखेरि एमालेका १०८ जना सभासदहरूमध्ये आधाभन्दा धेरैले यदि माओवादीले माग गरेजस्तो म्याद बढाउने र प्रधानमन्त्री नेपालले पदबाट राजीनामा दिने काम सँगसँगै नभएमा विपक्षमा भोट दिने र परेमा पार्टी फुटाइदिने धम्की दिएका थिए। यस पटक यदि नेकाले त्यस्तो माग उठाएमा वा माओवादीभित्रको बाबुराम भट्टराईको असन्तुष्ट पक्षले त्यसो गरेको खण्डमा झलनाथ खनाल विरोधी पक्षले ठ्याक्कै त्यसै गर्न सक्नेछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी-मार्च २०११।

काम भएमा त्यसलाई विलम्ब गर्ने र सङ्घीयताप्रतिको प्रतिबद्धतालाई धमिल्याउने प्रयासका रूपमा हेरिनेछ।[१२]

## क. समयसीमा र सिलसिला

विवादास्पद विषयहरूउपर सहमतिमा पुग्न पार्टीहरूले लगाएका समयलाई दृष्टिगत गर्दा २८ मे २०११ भित्र संविधान लेखिसिध्याउने कुरा महत्त्वाकाङ्क्षी देखिन्छ। त्यसबाहेक, संविधानसभाले समयभित्र संविधान बनाउनै सक्दैन भनेर निराशापूर्ण चित्र कोर्नेहरू पनि केही गरी संविधान आएमा त्यसको खुलेर विरोध गर्न तम्तयार छन्। त्यस्ताहरूमा नेकाभित्रकै पनि केही व्यक्ति छन्।[१३] तर विगत चार वर्षको अनुभवलाई हेर्ने हो भने यस सन्दर्भमा हुने प्रगति सुस्त र विकेन्द्रित हुनाका साथै मन्त्री पद तथा संविधानसभाका विषयहरूमा गरिने सम्झौतासित जोडिएको हुनेछ।

नेकाले विशेषगरी सरकारमा सामेल हुने निर्णय गरेर देखाउने लचकता संविधानसभाउपर गरिने बृहत्तर र सापेक्षिक तवरमा विवादरहित सहमतिका लागि अत्यावश्यक छ। नेकाले एमाले र माओवादीबीच भएको सात बुँदे सम्झौता खारेज भएमा सरकामा जाने कुरा बताउँदै आएको छ। तर माओवादीहरूले पनि जनमुक्ति सेनालाई विघटनबारे केही नगरी नहुने अवस्था स्पष्ट छ। नेका र अन्य राजनीतिक पात्रहरूको चाहना संविधानसभाको म्याद नवीकरण हुनुअगावै समायोजनबारे टुङ्गो लागाइनुपर्छ भन्ने रहेको छ। उता माओवादीभित्रकै केही कित्ताको भनाइमा संविधान बन्नुअगावै जनमुक्ति सेनालाई विघटन गरिएको खण्डमा अरू पार्टीहरूले नयाँ संविधान बनाउने छैनन्। तर यस भनाइलाई पुष्टि गर्ने साक्ष्यहरू छैनन्।

नयाँ संविधानको घोषणा हुनुअघि नै माओवादीहरूले समायोजन र पुनःस्थापना सम्बन्धमा पछाडि फर्कन नसक्नेगरी कदम चाल्नुपर्छ भन्ने माग विवेकसम्मत छ। सात बुँदे सम्झौताको खारेजीलेभन्दा बरु यस कामले छिटो नतिजा ल्याउन सक्छ। तर यस प्रक्रियाबाट नेकाले के चाहेको हो त्यसबारे उसमा अन्योल छ। त्यसैले उसका लक्ष्य परिवर्तन भइरहने गर्छन्। उदाहरणका लागि, जनमुक्ति सेनाका लडाकूहरूलाई "पुनर्वर्गीकरण" गर्ने कामलाई यसअघि शान्ति प्रक्रियामा प्रगति भइरहेको लक्षणका रूपमा स्वीकारिएको थियो। तर अहिले आएर जनमुक्ति सेनाको संरचना यथावत् रहेसम्म त्यो कार्य केवल प्रतीकात्मक हो भनी आलोचना गरिँदैछ।[१४] नेका र एमालेका केही हिस्सा नेपाली सेनामा समायोजन गरिनुअघि जनमुक्ति सेनाका सबै इन्चार्ज र कमान्डरहरूलाई पार्टीबाट पूरै अलग्ग पारिनुपर्छ भन्ने पुरानै मागलाई दोहोऱ्याउँदै छन्। "पुनर्वर्गीकरण" बाट यसो हुन सक्तैन र माओवादीहरूले प्रस्ताव गरेका समायोजनका विकल्पहरूबाट पनि यस्तो हुन सम्भव छैन।

तीन ठूला पार्टीहरूले तात्कालिक फाइदाका लागि एकअर्काको खुट्टा तान्ने र एकअर्कालाई अघि बढ्न नदिने जुन नीति लिएका छन् त्यसबाट उत्पन्न हुन सक्ने खतरालाई तौलिन आवश्यक छ। संविधानसभाले मुख्य-मुख्य विषय र प्रतिबद्धतालाई समेट्दै संविधानको मस्यौदा जनसमक्ष ल्याएर बाँकी विषयमा समाधान निकाल्न समय किटान गरी संविधानसभाको अर्को म्याद थप गर्न सक्छ सक्दैन भन्नेबारे तुरुन्तै निर्णय गरिहाल्नुपर्ने देखिन्छ। कुनै प्रगति नदेखाई यसै बस्नाले पार्टीहरूको टेक्ने आधार खस्कने छ र जतिसुकै काम गरेको भए तापनि संविधानसभाको विश्वसनीयतामा अझै भ्वाङ पर्नेछ।

## ख. संविधान मस्यौदाको काम

अहिले माओवादीहरू सरकारमा आएका र एमालेको पनि कम संशयी समूहको हातमा बागडोर भएकाले पोहोर साल छलफलमा रहेका केही अपाच्य विकल्पहरूलाई अघि बढाउन गाह्रो पर्नेछ। ती विकल्पहरूमा राष्ट्रपतिलाई नेपाली सेनाको बलमा प्रत्यक्ष संलग्न गराउने कुरा पनि एउटा थियो।[१५]

नकारात्मक सोच राख्नेहरूले संविधानसभा असफल भइसक्यो भनी बारम्बार जोड दिँदै आएका छन्।[१६] त्यति हुँदाहुँदै पनि र अनेक अवरोधका बाबजुद संविधानसभाका उपसमितिहरूले संवैधानिक विषयहरूमा छलफल चलाउँदै आएका छन् त माथ्लो तहमा उल्लेखनीय प्रगति पनि भएका छन्।[१७] माओवादीहरू सरकारमा गएको केही दिनभित्रै

---

[१२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मार्च २०११।

[१३] उदाहरणका लागि हेर्नुहोस्, "Consensus crucial for timely statute", ekantipur.com, ८ मार्च २०११।

[१४] समायोजनमा जाने वा पुनःस्थापनाको प्याकेज लिने वा अवकाश लिन चाहने यी तीन समूहमा माओवादी लडाकूहरूको "पुनःवर्गीकरण" गर्ने र सोहीबमोजिम सरकारले उनीहरूका लागि जनमुक्ति सेनाको जवान भनेर परिचयपत्र जारी गर्ने र संयुक्त राष्ट्रसङ्घले प्रदान गरेको परिचयपत्रको सट्टामा सो प्रयोग गर्ने। अथवा यसको अर्थ केही शिविरहरूलाई बन्द गर्ने र केहीलाई सुदृढ बनाउनुपर्ने पनि हुन सक्छ। केही गरी यसो भइहालेको खण्डमा २८ मे अगावै देशमा माओवादी लडाकूहरूलाई खुला छाडियो भनेर होहल्ला मच्चाउनेहरू पनि अवश्य हुनेछन्। जे होस्, यी सबै कुराको बन्दोबस्त मिलाउनु चानचुने कुरा होइन। सबभन्दा पहिला त सरकारले परिचयपत्र बनाउने यन्त्र किनेर शिविरहरूमा पठाउनुपर्ने हुन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मार्च २०११।

[१५] जनताको नजरमा नजँच्ने हुनाले पनि यी विकल्पहरूको सम्भावना एकदमै कम छ। सुरक्षा परिषद्सामु पेस गरिएको अनमिनको प्रतिवेदनमा राष्ट्रपति, नेपाली सेना र माओवादीहरूबाट चालिने मुठभेडपूर्ण कदमबाट हुने जोखिमलाई औँल्याइएको थियो। "Report of the Secretary-General on Nepal's request for United Nations assistance in support of its peace process", UN Security Council document S/2010/658, २३ डिसेम्बर २०१०। त्यसउपर तुरुन्त प्रतिक्रिया जनाउँदै राष्ट्रपति रामवरण यादव, माओवादी अध्यक्ष प्रचण्ड र नेपाली सेनाले आफ्नो त्यस्तो मनसाय नभएको बताएका थिए। प्रतिवेदनमा परेको त्यस्तो कुराबाट राष्ट्रपति यादवले आफ्नो "मुटुमा छुरा रोपेको" महसुस गरे, प्रचण्डले त्यसलाई "हल्लाको भरमा" गरिएको विश्लेषण भनेर उडाए र सरकारले चाहिँ सो प्रतिवेदनलाई "बहुलट्ठीपूर्ण" र "दुराशयपूर्ण" भन्यो।

[१६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११। एक जना राजावादी राजनीतिक विश्लेषकले संविधान नबन्ने कुराको ठोकुवा गरे र भने "बनिहाले पनि सडकमा जलाइने संविधान बन्नेछ।"

[१७] प्रचण्डको नेतृत्वमा रहेको एउटा उच्चस्तरीय कार्यदलले संविधानसभाको मस्यौदा अध्ययन समितिले उक्त कार्यदललाई पेस गरेको २१० ओटा "विवादास्पद

दुई सदनात्मक संसद र संवैधानिक अदालत राख्नेबारे सहमति भएको थियो। राज्य सञ्चालन व्यवस्था, निर्वाचन प्रणाली र न्यायपालिकामाथिको निगरानी जस्ता विषयहरूबारे सहमतिमा पुग्ने कुरामा माओवादी कति हदसम्म सम्झौता गर्न राजी हुन्छन् त्यसमा भर पर्दछ। अन्य विषयका साथसाथै प्रत्यक्ष रूपमा निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्छ भन्ने आफ्ना मागप्रति माओवादीहरू अहिले नै लचिलो देखिएका छन्।[१८] संविधानसभाले आफ्नो कार्य पूरा गरेपछिको सङ्क्रमणकालीन अवधिमा क्रियाशील हुने संयन्त्रबारे पनि सहमति भइसकेको छ। त्यसअनुसार संविधानसभा-संसद, प्रधानमन्त्री र राष्ट्रपति आदिले अहिलेकै भूमिका र जिम्मेवारी निर्वाह गर्नेछन्।

सङ्घीयता विवादास्पद विषय रहँदै आएको छ र यसउपर छलफल गर्ने मञ्चबारे पनि विवाद छ। नेका र एनेकपा (माओवादी) दुवैले सन् २००७ को अन्तरिम संविधानमा तोकिएको राज्य पुनर्संरचना आयोग गठन गर्नेबारे दोधारे नीति देखाएका छन्। उनीहरू त्यसबारे निर्णय लिने उपयुक्त ठाउँ संविधानसभा नै हो भन्छन् र त्यस सम्बन्धमा संविधानसभाको उपसमितिले काम गरिसकेको तथा आयोगबारे बृहत् शान्ति सम्झौतामा प्रावधान रहेको कुरा पनि गर्छन्, तर उनीहरूका अडान प्रक्रियालाई रोक्ने, अघि बढाउने वा विलम्ब गराउने खेलसँग सोझै जोडिएको छ।[१९]

मधेसी पार्टीहरूले राज्य पुनर्संरचना आयोग गठन गर्ने कुरालाई लगातार विरोध गर्दै आएका छन्। यस सम्बन्धमा छलफल गर्ने उपयुक्त मञ्च संविधानसभा नै हो भन्ने उनीहरूको तर्क रहेको छ। आयोग सङ्घीयतालाई ढिलो गर्ने र टार्ने साधन बन्ने उनीहरूलाई डर छ। आयोगबाट गरिने निर्णय संविधानसभाको निर्णयभन्दा बढी "विवेकपूर्ण" वा प्राविधिक र कम राजनीतिक हुनेछ भनी सोच्नु बुद्धिमानी हुने छैन। तर केचाहिँ हो भने संविधानसभाको उपसमितिमा हुने छलफलमा ससाना पार्टीहरूले पनि आफ्ना भनाइ राख्न पाउँछन् भने आयोगमा तीन ठूला पार्टीका प्रतिनिधिहरूको बोली बिक्नेछ।[२०]

नेका र एमालेभित्रको एउटा ठूलै हिस्सा सङ्घीयताको कुराबाट असजिलो महसुस गर्छन्। त्यसैले ती दुई पार्टीका साथै अरू पार्टीहरू यस सम्बन्धमा बठ्याइँपूर्ण निर्णय लिनेछन् । त्यस्तो निर्णय यसबारे आंशिक सहमति गर्दा वा पूरै सहमति ढिलो गर्दा वा समायोजन जस्ता कुरामा मोलमोलाही गर्दा केमा बढी राजनीतिक फाइदा छ त्यसमा आधारित हुनेछ। मुख्य-मुख्य विषयबारे निर्णय गर्ने जिम्मा आयोगको टाउकामा राखे पनि आखिरमा आयोगका निर्णयलाई संविधानसभाले नै पारित गर्नुपर्ने हुन्छ अथवा ती विषयलाई थाँती राखेर बाँकी संविधानचाहिँ घोषणा गरेपछि संविधानसभा भङ्ग हुन गई त्यसका ठाउँमा आउने विधायिका-संसदद्वारा पारित हुनुपर्छ वा त्यसको ठाउँमा आमनिर्वाचनद्वारा चुनिएको सदनले पारित गर्नुपर्छ। परिस्थिति जे भए पनि सङ्घीयताका पक्षधरहरूले खोजेका परिणाम माओवादीहरूले भन्दै आएका कुराबाट मात्रै प्राप्त हुने छैन र पहिचानको राजनीति लिएकाहरूले नै त्यसको प्रस्ताव अघि बढाउनुपर्नेछ।[२१]

एक थरी सानो समूह सन् १९९० को संविधानलाई बिउँताउनुपर्छ भनी कोहोलो गरिरहेछन्। अर्का थरी सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे पहिले लिइएका निर्णयहरूबारे जनमतसङ्ग्रह हुनुपर्छ भनिरहेछन्। उनीहरू त संविधानसभाको भविष्यबारे पनि जनमतसङ्ग्रह हुनुपर्ने कुरा उठाइरहेछन्। यस समूहको भनाइमा संविधानसभाको म्याद थप

सवालहरू" मध्ये १२७ ओटा लाई सन् २०१० को अक्टोबरदेखि डिसेम्बरसम्ममा सल्टयायो। त्यसमा राष्ट्रिय हितका विषयहरू, मौलिक अधिकारहरू र निर्देशक सिद्धान्तहरू, स्थानीय तहमा शक्तिको पृथक्कीकरणसित सम्बन्धित विषयहरूलगायत संविधानको मस्यौदा तयार पार्ने संवैधानिक समितिले पारित गरेका अन्य सवालहरू पर्दछन्। "Sub committee formed to settle statute issues", The Himalayan Times online, २५ फेब्रुअरी २०११। संविधानसभाको दायराभन्दा बाहिर गएर निर्णय गरिएको भनेर साना पार्टीहरूले विरोध जनाएपछि सो कार्यदलको कार्यकाल थपिएन। नयाँ सरकार बनेदेखि नै प्रचण्ड आफैले संवैधानिक समितिको विवाद समाधान उपसमितिको नेतृत्व गर्दै आएका छन्। त्यस उपसमितिमा नेकाको तर्फबाट प्रधानमन्त्रीका उम्मेदवार तथा संसदीय दलका नेता रामचन्द्र पौडेल र प्रधानमन्त्री रहिसकेका एमालेका माधवकुमार नेपालसमेत छन्। उपसमितिमा बाँकी रहेका ८० ओटा सवालहरूमध्ये राज्यको पुनर्संरचना, निर्वाचन प्रणाली र शासकीय स्वरूपबाहेकका आधाभन्दा धेरै सवालमा सहमति जुटाउन सफल भयो। "No real progress in dispute resolution", Republica, २९ मार्च २०११। यस नेतृत्वदायी भूमिकामा प्रचण्डको नियुक्ति सर्वसम्मत रह्यो र त्यस पदमा अरू कुनै पार्टीले उम्मेदवारी दिएन। आफ्नै पार्टीभित्रका विरोधीहरूले उनले धेरै सवालहरूमा सम्झौता गरेको र संविधानलेखन प्रक्रियामा "एकाधिकार जमाएको" भनी प्रचण्डको आलोचना गरेका छन्।

[१८] केही विशेष प्रावधानहरूबारे तर्क-वितर्कहरू चलिरहने निश्चित छ। उदाहरणका लागि, नेकाले पहिले सहमति जनाइसकेको संवैधानिक अदालत बनाउने प्रस्तावलाई अहिले आएर विरोध गरेको छ।

[१९] उदाहरणका लागि, सरकारमा रहँदा माओवादीले त्यस्तो आयोग गठन गर्न खोजेको थियो र नेकाले त्यसको विरोध गरेको थियो। अहिले आएर नेका त्यो आयोग बनाउन चाहन्छ र माओवादीले त्यसको विरोध गरेको छ।

[२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मार्च २०११।

[२१] अति अनुदारवादी दलका सदस्यहरूसमेत सारा साधनस्रोत काठमाडौंकै हातमा रहने र निर्णय गर्ने अधिकार पनि काठमाडौंमै केन्द्रित हुने परिपाटी भएको राज्य संरचना बदलिनुपर्छ भन्ने स्वीकार्छन्, तर "सङ्घीयता" शब्दलाई भने उनीहरू पचाउन सक्दैनन्। उनीहरू त्यस शब्दलाई माओवादीहरूले अघि सारेका जातीय आधारमा राज्यको नाम, भौगोलिक सिमाना र अग्राधिकार हुने व्यवस्थासित जोडेर हेर्छन्। एउटा दक्षिणपन्थी पार्टीका एक जना वरिष्ठ नेताले भने, "काम त्यही भए पनि त्यसलाई अत्युच्च विकेन्द्रीकरणको नाम किन नदिने?"। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११। सङ्घीयताका सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित। सङ्घीयताबारेको सार्वजनिक बहसमा यसले विखण्डन ल्याउँछ भन्नेदेखि ओठ लेप्याउने र "सङ्घीयता के हो भन्ने कुरा नेपालीहरूलाई थाहै छैन र उनीहरू सङ्घीयता चाहँदैनन्" भन्ने जस्ता विचारहरू सुन्न पाइन्छन्। "सङ्घीयता" ले बोकेको विविध सम्भावनाहरूबारे थोरै चर्चा भएका छन् र अग्राधिकारको सट्टा अलिक रुचिकर लाग्ने सकारात्मक व्यवहारका उपाय भनेर पर्घेल्ने प्रयास पनि भएको छैन अथवा राज्यको पुनर्संरचनाको दीर्घकालीन परिणामस्वरूप प्राप्त हुने जिम्मेवार र जागरुक राज्यका स्थानीय निकायहरू भनेर बुझाउने चेष्टा पनि भएको छैन। माओवादीहरूले पनि यो गाँठो फुकाउन अथवा आफ्नो दृष्टिकोणलाई बुझाउन र लचिलोपनलाई स्पष्टसँग व्याख्या गर्न जाँगर देखाएका छैनन् र मधेसवादी समूहहरूले पनि यस विषयको सार्वजनिक बहसमा रचनात्मक योगदान पुऱ्याउन सकेका छैनन्।

भएकोबारे सर्वोच्च अदालतले फेब्रुअरी २०११ मा गरेको फैसला राजनीतिउपरको हस्तक्षेप भएकाले त्यस फैसलामा वैधानिकताको अभाव छ।[२२] तर राजनीतिक विचारधाराका कारण यी विषयमा यस्तो अडान लिने राजनीतिक खेलाडीहरूको काठमाडौंमा फराकिलो राजनीतिक आधार भने छैन।

संविधानका केही अंशहरूबाट बेखुसी हुने समूहहरू पक्कै हुनेछन्। मस्यौदा प्रक्रियालाई अघि बढाउँदै लैजाँदा सबै पार्टीहरूसम्मुख खडा हुने चुनौती भनेको कार्यपालिकाको भूमिका, सुरक्षा बलहरूको नियन्त्रण र सङ्घीयता जस्ता विषयमा सन्देहरहित प्रस्टता भएको मनासिब संविधान तयार पार्नु हो। त्यसका साथै त्यसमा नेपालको राजनीतिक अपरिहार्यतालाई समाविष्ट गर्न सक्ने ठाउँ पनि हुनुपर्छ।

## ग. माओवादी लडाकूहरूको समायोजन र पुनःस्थापना

मूलभूत निर्णयहरू एकदमै माथ्लो राजनीतिक तहमा हुने सम्झौता-वार्ताबाट लिइने कुरा भए तापनि नयाँ सरकारअन्तर्गत विशेष समितिका बैठकहरू पुनः थालिनु र समायोजनको ५० दिने योजना आउनु सकारात्मक लक्षणहरू हुन्। एनेकपा (माओवादी) र प्रचण्ड स्वयंका लागि जनमुक्ति सेनाको राजनीतिक उपयोग मिश्रित रहेको छ। बृहत् शान्ति सम्झौता भएपछि लडाकूहरूको तलब रकम पार्टी कोषमा हाल्ने कामबाहेक यसले पार्टीलाई कुनै खास योगदान दिन सकेको छैन। जनमुक्ति सेनालाई योजनाबद्ध ढङ्गले हडताल वा संविधानसभाको चुनाव जस्ता राजनीतिक लडाइँका लागि उपयोग गरिएको छैन। जडसूत्रवादीहरू "जनताको सेना नभए जनताको हात रित्तो हुन्छ" भन्ने माओको उक्तिलाई नै शिरोपर गर्छन्, तर प्रचण्ड र अरू नेताहरूले जनमुक्ति सेनाबारेको सम्झौता शान्ति प्रक्रियाको मुटु हो भन्ने बुझेका छन्।

साविकका लडाकूहरूका सामु सम्भवतः तीनओटा विकल्प हुनेछन्— सुरक्षा बलहरूमा समाहित हुने, पुनःस्थापनाको प्याकेज स्वीकार्ने र राजनीतिक जीवनमा प्रवेश गर्ने। उनीहरू के चाहन्छन् वा उनीहरूसित कस्तो सीप छ त्यसबारे बुझ्न कुनै सर्वेक्षण गरिएको छैन। छनोटको स्वतन्त्रता सीमित हुन सक्ला, तापनि लडाकूहरूलाई विकल्पहरूबारे पूर्व जानकारी भएमा उनीहरूलाई सजिलो हुनेछ। त्यसैले कुनै सर्वेक्षण गरिनुअघि सङ्ख्यामा नभए पनि समायोजनको तरिका (जस्तै पदीय तह, प्रतीक चिन्हहरू आदि) र पुनःस्थापनाको प्याकेजउपर सहमतिमा पुग्नु राम्रो हुनेछ। माओवादीहरू कुनै सम्झौता गरिनुअघि सङ्ख्याबारे सर्वेक्षण हुनुपर्ने कुरा राजनीतिक पार्टीहरूबीच बेलाबेला अझै उक्काउने गर्छन्। तर ६ हजारदेखि ८ हजार लडाकूहरूको समायोजन गरिनेमा सहमति बनेको छ। गैरआधिकारिक अनुमानअनुसार जम्मा १९ हजार पूर्वलडाकूहरूमध्ये १३ हजारदेखि १४ हजार लडाकूहरू अझै शिविरहरूमा छन्।[२३]

सर्वेक्षण कुन समयमा गर्ने र त्यसका पूर्व आवश्यकताहरू के हुनेछन् भन्ने विषयले निर्णयमा पुग्नबाट रोक्न सक्छ। माओवादीहरू समायोजनतर्फ बढ्न अहिले आतुर देखिन्छन्[२४] र नेकाले अनमिनको ठाउँमा आएको अनुगमनकारी संयन्त्रलाई पहिले आवश्यक कर्मचारी बहाल गरेर तथा साधनसम्पन्न पारेपछि मात्र समायोजनको काम थालिनुपर्छ भनी माग गर्दा त्यसको विरोध माओवादीहरूले तुरुन्तै गरिहाले।[२५] फेरि नेकाले के खोजेको हो त्यो ऊ आफैलाई थाहा छैन र उसमा ठूलो अन्योल छ। नेका कहिले समायोजन कुनै पनि हालतमा हुँदैन भन्छ, कहिले माओवादीको प्रस्तावउपर ध्यानपूर्वक विचार पनि गर्दछ। समायोजनको विधि र सङ्ख्याबारे कहिले अगाडि बढेर कहिले पछाडि हटेर उसले प्रक्रियामा बाधा पनि पुऱ्याउँछ। उसले अति न्यून लचकता देखाएको छ र नेपाली सेनाको विद्यमान सेवासर्तहरूमा सानातिना संशोधन मात्रै स्वीकारेको छ अनि सम्झौता हुनुअघि माओवादीले गर्नुपर्ने कामहरूबारे आफ्ना मागहरू बराबर बदलिरहन्छ।[२६]

---

[२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनवरी-मार्च २०११। उदाहरणका लागि हेर्नुहोस्, सूर्य ढुङ्गेल, "The disturbing verdict", *Spotlight*, १९, मार्च २०११।

[२३] जनमुक्ति सेनबारेको सम्झौतावार्ताले पार्टीहरूलाई तिनका केही अडानहरू त्याग्न बाध्य पार्नेछ। उदाहरणका लागि, माओवादीहरूले सर्वेक्षण गरिनुअघि सङ्ख्या तोक्नु "अवैज्ञानिक" हुन्छ भन्दै आएका छन्, तर फेरि उनीहरू नै प्रायः गिरिजाप्रसाद कोइरालासँग तीन हजारदेखि पाँच हजारसम्म समायोजन गर्ने सहमति भएको पनि बताउने गर्छन्। हेर्नुहोस् "PLA integration", *The Kathmandu Post*, १३ सेप्टेम्बर २००९। नेका र उसको जस्तै विचार राख्ने मानिसहरूले नै सरकारले जनमुक्ति सेनाका लडाकूहरूलाई मासिक तलबबापत दिने पाँच हजार रुपियाँको धेरै भाग एनेकपा (माओवादी) ले खान्छ कि खाँदैन भनेर टुङ्गो लगाउनुपर्‍यो। किनभने उनीहरू नै "शिविरहरूमा अब लडाकूहरू बाँकी छैनन्" वा "माओवादीहरूसँग अझ पनि सिङ्गो सेना छ कि छैन के थाहा" भन्ने गर्छन्। राजनीतिका यिनै खेलाडीहरू कहिलेकाहीं एकै समयमा दुई फरक बोली बोलिरहेका हुन्छन्। उनीहरू भन्छन्, "माओवादी फेरि जङ्गल पस्दैनन्" र फेरि भन्छन्, " हिंसात्मक उपायद्वारा माओवादीहरूले तुरुन्तै सत्ता कब्जा गर्ने खतरा छ।" त्यसैगरी कसैकसैको तर्कमा "खास जनमुक्ति सेनालाई शिविरमा पठाइएकै छैन", अनि कोही भन्छन्, "शिविरहरू विद्रोही जन्माउने ब्याड हुन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, नयाँ दिल्ली, जनवरी-फेब्रुअरी २०११।

[२४] केन्द्रीय समितिका सदस्य तथा जनमुक्ति सेनाका एक कमाण्डरले भनेअनुसार पार्टीको गाँठी कुरो संविधान हो र समायोजनबारे अल्झिनु होइन। उनले जनमुक्ति सेनालाई गोडा र संविधानलाई दिमागसँग दाँज्दै भने, "हिँड्नलाई गोडा नभई हुँदैन भन्ने सोच्नु बेकुफी मात्र हो, खास काम त दिमागले पो गर्ने हो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, फेब्रुअरी २०११।

[२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी २०११। माओवादीहरू अनुगमन प्रक्रियालाई फेरि नौलो ढङ्गले थाल्नुभन्दा समायोजन र पुनःस्थापनाको गतिलाई अगाडि बढाउन सबैको प्रयत्न हुनुपर्छ भन्ने पक्षमा छन्, अनमिनको भनाइ पनि त्यही थियो।

[२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी २०११। उदाहरणका लागि, जनमुक्ति सेनामा सेवा गरेको वर्षलाई गणना गरेर त्यसका आधारमा सेनामा दर्जा तोक्न सकिने, तर लडाकूहरूले कुनै दर्जामा पदोन्नति पाउनुअघि तालिम लिनै पर्ने र परीक्षा दिनै पर्ने भनाइ नेकाको छ। यसो भएमा समायोजन भएका लडाकूहरूको अवकाश पाउने उमेर पनि छिटो पुग्छ। तर नेका आफ्ना तीन मूलभूत अडानबाट टसमस हुनेवाला छैनः "थोकमा" समायोजन हुनु हुँदैन, समायोजन हुने व्यक्तिले भर्नाको मापदण्ड पूरा गर्नै पर्छ र नेपाली सेनाको मापदण्डअनुसार दर्जा निर्धारण हुनुपर्छ।

माओवादीहरूले पनि आफूप्रतिको अविश्वासलाई कायम राख्न आफैले बल पुऱ्याएका छन्।[२७] उनीहरूले संयुक्त राष्ट्रले सन् २००७ मा गरेको पहिचान प्रक्रिया पूरा भएपछि फेरि शिविरहरूमा निष्पक्ष रूपमा टाउको गन्तीको काम गर्न मानेका छैनन्। माओवादी पार्टीले संविधान नबनेमा "जनविद्रोह" हुने र त्यस प्रयोजनका लागि नयाँ शक्ति खडा गरिने एकोहोरो रटान लगाउँदै आएको छ। यस्ता कुराले विश्वासको वातावरण बनाउन सघाउँदैन, विशेषतः राज्य संरचनाभित्रै माओवादीहरूले जनमुक्ति सेनालाई जस्ताको तस्तै राख्न खोज्दै छन् भन्ने शङ्का गरिएको परिप्रेक्ष्यमा। उनीहरूले चाहेमा समायोजन र नेपाली सेनाको प्रजातान्त्रिकरण सँगसँगै अघि बढाइनुपर्छ भन्ने पुरानो जिकिरलाई जोड दिन सक्नेछन्। त्यसले गर्दा वार्ता फेरि प्रारम्भ हुन सक्नेछ।

एनेकपा (माओवादी) का केही नेताहरू जनवरी २०१० मा अयोग्य लडाकूहरूलाई शिविर छोडाउँदा तर्सिएका थिए। त्यस बेला लडाकूहरूमा पार्टी नेताहरूविरोधी भावना निकै भड्किएको थियो र प्रचण्ड स्वयंले पनि जनमुक्ति सेना तथा त्यसका लडाकूहरूका निजी चाहनाहरूलाई बुझ्न केही समय चाहिन्छ भनेका थिए।[२८] जनमुक्ति सेना अनेक छलफलको विषय बनेको छ र पार्टीको निर्णयकारी निकायहरूमा पनि यसको गतिलो प्रतिनिधित्व रहेको छ। त्यति भएर पनि पोहोर सालदेखि आफ्नो छुट्टै आवाज भएको र बेग्लै अस्तित्व रहेको एकाइका रूपमा जनमुक्त सेना बाहिर त्यति देखा परेको छैन।[२९]

समायोजन विधिबारेको छलफल टुङ्गोमा पुगेको छैन। हुन त नेपाली सेनाअन्तर्गत "मिश्रित सुरक्षा बल" राख्ने कुरा एउटा विकल्पका रूपमा रहेको छ। त्यस विकल्पलाई तीन ठूला पार्टीहरूले एमाले-माओवादी गठबन्धनको सरकार बन्नुभन्दा केही दिन अगाडि प्रस्ताव गरेका थिए। त्यस मिश्रित सुरक्षा बलमा जनमुक्ति सेना, नेपाली सेना र सशस्त्र प्रहरी बलको प्रतिनिधित्व हुने र त्यो नेपाली सेनाको कमान्डमा रहने कुरा थियो।[३०] यस्तो खालको सुरक्षा बलको निर्माण गर्नु अधकल्चो क्षेत्राधिकार, समग्र नेतृत्वप्रतिको शङ्का र तिक्ततापूर्ण सम्बन्धका कारण राम्रो हुने थिएन र नेपाली सेनाको सङ्ख्या घटाउने तथा त्यसलाई प्रजातान्त्रिकरण गर्दै लैजाने जस्ता सुरक्षा क्षेत्रको बृहत्तर सुधारको उद्देश्यसित त्यो मेल खाने थिएन। तर यसबाट राजनीतिक रूपमा केही फाइदा हुन सक्ने थियो। दुवै सेनाका अधिकृत तहलाई मिलाउने र नेपाली सेनाको प्रवेश नियम लागू गराउनेबारे उठेको मतभिन्नतालाई तत्काल यसले पन्छाउन सघाउने थियो र नेपाली सेनालाई समायोजनका लागि राजी गराउन सक्ने थियो। त्यसका साथै जनमुक्ति सेनाको प्रभावबाट बाँकी सेनालाई "प्रदूषित" हुनबाट जोगाउन उसलाई अलग्गै राखिए पनि समग्रमा भने त्यो नेपाली सेनाकै अधीन र नियन्त्रणमा हुने थियो। यस प्रस्तावको विरोध गर्नलाई नेकाले पनि जनमुक्ति सेनाका निश्चित सङ्ख्याका लडाकूहरूलाई नेपाली सेनाको भर्ना नियम पुऱ्याएर मात्रै समायोजन गरिनुपर्छ भन्ने ढिपीभन्दा अरू नै तर्क दिनुपर्ने हुन्छ।[३१]

## ३. मुख्य पात्रहरूको अडान

प्रायः सबैजसो पार्टीहरूमा फाटो छ र ससाना पार्टीहरू पनि फाटोको सिकार बनेका छन्। यो नेपालको उथलपुथलयुक्त राजनीतिक परिदृश्यको एउटा विशेषता नै हो। आउँदा दिनहरूमा नेपालको राजनीतिले जुनसुकै

[२७] तैपनि, माओवादीले सन् २०११ को सुरुमै जनमुक्ति सेनालाई सरकारको जिम्मा लगाएर तथा नेपाली सेनालाई गोलीगट्ठा ल्याउन दिनेजस्ता काम गरेर समायोजन सम्बन्धमा केही पाइला अगाडि बढाएको छ।

[२८] सन् २०१० को जनवरी र फेब्रुअरीमा माओवादीहरूले चार हजारजति जनमुक्ति सेनाका लडाकूहरूलाई अवकाश दिए। अवकाश पाउने लडाकूहरू तोकिएको मितिभन्दा पछि भर्ना भएका कारण र शिविरमा बस्नका लागि आवश्यक न्यूनतम उमेर नपुगेका कारण संयुक्त राष्ट्रसङ्घको प्रमाणीकरण प्रक्रियाबाट अयोग्य ठहरिएका थिए। अवकाश दिने यस प्रक्रियालाई समायोजन र पुनःस्थापना योजनाको परीक्षणका रूपमा हेरिएको थियो। यसबाट केही समस्याहरू देखिएका छन्। अवकाश पाउने लडाकूहरूमध्ये धेरैजसो यङ कम्युनिस्ट लिग अथवा माओवादी युनियनहरूमा मिसिएलान् भन्ने अनुमान गरिएकोमा त्यस विपरीत धेरै जनालाई आफ्नै हालतमा छाडियो। त्यसले गर्दा पार्टीप्रतिको मोह-भङ्ग भएको उनीहरू बताउँछन् र बेलाबखत आक्रोश पनि व्यक्त गर्छन्। बाँकीलाई चाहिँ स्थानीय पार्टी संरचनाहरूमा औपचारिक वा अनौपचारिक ढङ्गबाट मिसाइएको छ। पार्टी संरचनाले उनीहरूमाथि आँखा राख्ने गरेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११।

[२९] पार्टीको स्थायी समितिका सोह्र जना सदस्यमध्ये युद्धताका जनमुक्ति सेनाको प्रत्यक्ष नेतृत्वको जिम्मेवारी सह्माल्नेहरूमा निम्न सदस्यहरू पर्छन्: वर्षमान पुन "अनन्त" (कमाण्डर, पूर्वाञ्चल डिभिजन), नेत्रविक्रम चन्द "विप्लव" (मध्यमाञ्चल कमाण्ड, विशेष क्षेत्रीय ब्युरो इन्चार्ज), रामबहादुर थापा "बादल" (कमिसार, पूर्वाञ्चल डिभिजन), जनार्दन शर्मा "प्रभाकर" (जनमुक्ति सेना, डेपुटी कमाण्डर)। 'विप्लव' बाहेक अरू सबै मन्त्रिमण्डलको सदस्य बनिसकेका छन्। जनमुक्ति सेना र त्यसका कमाण्डर नन्दकिशोर पुन "पासाङ" ले पार्टी लाइनभन्दा पर्तिर गएर आफ्ना छुट्टै विचार सार्वजनिक रूपमा व्यक्त गर्ने गरेका छैनन्। उनीहरू विशेष समिति, त्यसको सचिवालय र अनुगमन संयन्त्रको छलफल र गतिविधिहरूमा भने भाग लिन्छन्।

[३०] नेपाली सेनाले थुप्रै विकल्पहरू प्रस्तावित गरेको छ। मार्च २०११ मा प्रस्तुत सबभन्दा पछिल्लो विकल्पमा १२ हजार सङ्ख्या रहेको छुट्टै सुरक्षा बलको स्थापना गर्ने र त्यसमा आधाचाहिँ जनमुक्ति सेनाबाट लिइने प्रस्ताव अघि सारिएको छ। नेपाली सेनाका यसअघिका योजनाहरूमा पूर्वमाओवादी लडाकूहरूलाई हतियार बोक्न नपाउने काममा मात्र लगाउने र राष्ट्रिय निकुञ्ज तथा सीमा सुरक्षाको जिम्मेवारी नदिनेजस्ता कुराहरू परेका थिए, तर यस प्रस्तावमा त्यस्ता कुनै सर्तहरू राखिएका छैनन्। "PLA integration: Army mellows on PLA fighters' entry", ekantipur.com, २८ मार्च २०११। फणिन्द्र दाहाल, "Nepal Army's rider on PLA combatants' integration", *The Kathmandu Post*, २८ फेब्रुअरी २०११।

[३१] नेपाली सेनाका आफ्नै विचारहरू छन् र पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल तथा विशेष समितिसमक्ष आफ्ना विचारलाई नेपाली सेनाले प्रस्तुत गरिसकेको छ। नेपाली सेनाका माथ्ला तहका अधिकृतहरू व्यक्तिगत र सार्वजनिक रूपमै के कुरा प्रस्टसँग बताउँछन् भने समायोजनले नेपाली सेनाको निष्ठा, इमान र व्यावसायिकतामा अनेक किसिमले आँच आउनेछ। नेकालगायत सबै पार्टीहरू सेनामाथि बलियो नागरिक नियन्त्रण चाहन्छन् भने उनीहरूले सेनाद्वारा प्रस्तुत सुझावको राम्ररी लेखाजोख गर्नु वाञ्छनीय छ, जस्तो पूर्वमाओवादी लडाकूहरूलाई उनीहरूको प्राविधिक र राजनीतिक दक्षताका आधारमा निश्शस्त्र एकाइहरूमा राख्ने सुझाव।

बाटो लिए पनि विभाजनको यस्ता धाँजा धेरै समयपछिसम्मै रहनेछन्।[३२] सन् २०१० को पछिल्ला महिनाहरूमा संसदमा म्याराथोन दौडझैं चलेको चुनावमा आफैले खडा गरेको उम्मेदवारहरूप्रति माओवादी, नेका र एमालेभित्र देखिएको विमतिले उम्मेदवार हुने व्यक्तिको चुनाव जित्न सक्ने योग्यता र चुनाव निम्ति गरिने गठबन्धनउपरको भिन्न मतलाई प्रकट गरेको थियो। त्यसबाहेक त्यसबाट हरेक पार्टीको नेतृत्वमा विध्यमान होडबाजी र केन्द्रीय समितिमा रहेको गुटबन्दी उजागर भएको छ।

खनाल-प्रचण्ड गठबन्धनले अहिले आएर मूर्त रूप लिएको छ। तर यसो हुनुभन्दा ६ महिनाअगाडि नै प्रचण्डले यसको प्रस्ताव अघि सारेका थिए। गठबन्धन टिकाउ होस् भनेर मात्र उनले त्यसो गरेका थिएनन्। त्यसो गर्नुका पछाडि उनको उद्देश्य एनेकपा (माओवादी) का उपाध्यक्ष र सिद्धान्तकार बाबुराम भट्टराईको प्रभाव आफ्नै पार्टीभित्र कम गराउने र सम्भावित प्रधानमन्त्रीका रूपमा पार्टीबाहिर उनको ग्राह्यता घटाउने पनि थियो। एमालेभित्र त्यस्तो गठबन्धनको विरोध भूतपूर्व उपप्रधानमन्त्री के.पी. ओलीको गुटले गर्ने कारणमा एउटा त एमालेको राजनीतिक इलाकामा माओवादीले अतिक्रमण गर्ला भन्ने डर थियो भने अर्को फेब्रुअरी २००९ मा खनाललाई हराएर ओलीलाई पार्टीको अध्यक्ष हुन नदिएको रिस थियो।[३३] उता नेकाभित्र पहिलेका प्रधानमन्त्री र सेप्टेम्बर २००७ मा पुनःएकीकरण हुनुअघिसम्म नेका (प्रजातान्त्रिक) का नेता रहेका शेरबहादुर देउबा नचाही-नचाही माओवादीहरूतर्फ ढल्किनुको कारण पार्टी अध्यक्ष सुशील कोइराला र पार्टी संसदीय दलका नेता रामचन्द्र पौडेलको प्रभावलाई घटाउनु थियो।

आन्तरिक कलह हुँदाहुँदै पनि एजेन्डा निर्धारण गर्नेमा माओवादीहरू नै भए जसप्रति अरू ठूला पार्टीले प्रतिक्रिया देखाउने काम मात्रै गरे। नेका र एमालेभित्रको एउटा पक्षले प्रतिपक्षीको भूमिका खेलेकोमा काठमाडौं र नयाँ दिल्लीबाट स्याबासी पाए पनि ती दुवै पार्टीहरूले गुमाएका समर्थनको आधार फेरि प्राप्त गर्नलाई यति गरेर मात्र पुग्दैन। त्यस निम्ति उनीहरूले आफ्ना स्थानीय समर्थन आधारलाई फेरि जाँगरिलो बनाउनुपर्छ र स्थानीय विकास बजेट रकमको भाग पाएकामा रमाएर नबसी माओवादीको प्रभुत्वलाई कम पार्न केही जिल्लाहरूमा कम्मर कसेर काम गर्नुपर्छ।[३४]

३० जून २०१० मा माधवकुमार नेपालले प्रधानमन्त्रीको पदबाट राजीनामा दिएपछि अन्तरपार्टी हिंसाको घटनामा कमी आएको छ।[३५] नेपालको तेह्र महिने कार्यकालमा अन्तरपार्टी झडप बरोबर भइरहन्थे, विशेषगरी एनेकपा (माओवादी) र एमाले तथा एमाले आबद्ध समूहहरूबीचमा। माओवादी विरोध प्रदर्शनका बेला हिंसा झनै चुलिएको थियो।[३६] स्थानीय तवरमा भएका हिंसाका घटनामा धेरैजसो माओवादीको हात थियो तर उनीहरू हिंसाका सिकार बनेका घटनाहरू पनि थिए। तेह्र महिनाको अवधिमा सशस्त्र समूहहरूद्वारा चार जना माओवादी, तीन जना एमालेका कार्यकर्ता र ६ जना अज्ञात आक्रमणकारीहरू मारिएका थिए।[३७] माओवादीहरू मारिने वारदात कम भएबाट के सङ्केत मिल्दछ भनेर अहिल्यै निष्कर्ष निकाल्ने बेला भएको छैन। तर झट्ट हेर्दा, माओवादी र एमाले वा नेकाबीच काटमार कम हुनाले जिल्लामा राजनीतिक पार्टीहरूबीचको सम्बन्धमा सुधार आएको देखिन्छ, तर

[३२]सन् २००६ देखियता साविकका पार्टीहरू फुट्नाले कम्तीमा सातओटा नयाँ राजनीतिक पार्टीहरू अस्तित्वमा आएका छन्।

[३३]एमालेको आन्तरिक गतिविज्ञानबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको धरमराउँदो शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[३४]केही राजनीतिककर्मीहरू एनेकपा (माओवादी) केही ठाउँबाहेक छाडेर धेरै ठाउँमा माओवादीको दबदबा र उनीहरूको पकडका कारणले गर्दा तल्लो तहमा गएर राजनीतिक क्रियाकलापहरू गर्न नसकिएको बताउँछन्। वरिष्ठ नेताहरू पार्टी नीतिको कारणले भन्दा पनि आफ्नै तजबीजले आआफ्नो निर्वाचन क्षेत्रमा जाने गर्छन्। त्यसरी जाने नेताहरूले जिल्ला समिति र केन्द्रीय समितिबीचको सेतुका रूपमा काम गर्न सक्छन् अथवा काम गर्छन् भन्ने पनि स्पष्ट छैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११।

[३५]"Political party youth wings in Nepal", The Carter Center, २८ फेब्रुअरी २०११। the South Asia Terrorism Portal (SATP) पनि हेर्नुहोस्, त्यसमा नेपालमा भएका प्रमुख राजनीतिक घटनाक्रमको समय र हिंसात्मक घटनाहरूको समय तालिका दिइएको छ। www.satp.org/satporgtp/countries/ nepal/timeline/ index.html मा उपलब्ध छ।

[३६]अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक विस्तृत अभिलेख राख्ने राष्ट्रिय मानवअधिकार सङ्गठन हो। त्यस संस्थाले राजनीतिक पार्टीहरू, पार्टी सम्बद्ध सङ्गठनहरू र सशस्त्र समूहका तर्फबाट हुने हत्या, अपहरण र कुटपिटसम्बन्धी तथ्याङ्क आफ्नो मानवअधिकार वर्ष पुस्तकहरूमा छाप्ने गरेको छ। त्यसमा दिइएको आँकडाअनुसार सन् २०१० मा भएका धम्की र कुटपिटका घटनाहरूमा ३८ प्रतिशत घटनाका लागि माओवादी पार्टीका कार्यकर्ता, माओवादी विद्यार्थी र युवाहरू जिम्मेवार छन् (१३९१ घटनामा ५३२) र सन् २००९ मा उनीहरू ४७ प्रतिशत घटनाका लागि जिम्मेवार थिए (१९६३ घटनामा ९२२) "मानवअधिकार वर्ष पुस्तक", इन्सेक, २००९ र २०१०।

[३७]हेर्नुहोस् SATP समयक्रम र "मानवअधिकार वर्ष पुस्तक", इन्सेक, २००९ र २०१०, दुवै माथि उल्लेखित। अनुगमनबारेका प्रतिवेदनहरूमा यस प्रकारका राजनीतिक हिंसालाई "राज्य विरुद्ध माओवादीहरू" अथवा "माओवादीहरू विरुद्ध अरूहरू" भनेर चित्रण गरिन्छ। त्यसो गर्नाले सशस्त्र समूहहरू र आपराधिक हिंसाको जटिलता ओझेलमा पर्न जान्छ। त्यसका साथै अन्य पार्टी तथा तिनीहरूसित सम्बद्ध समूहहरूद्वारा घटित हिंसाका घटना र पार्टी-पार्टीबीच हुने झडपहरूको (जस्तै, नेका र एमालेबीचका झडप) बेवास्ता हुन जान्छ। मानवअधिकार वर्ष पुस्तकको "मानव अधिकार हननसम्बन्धी तथ्याङ्क" शीर्षक परिच्छेदमा इन्सेकले राज्य, माओवादी र "अन्य" भनेर त्यसअन्तर्गत तथ्याङ्क दिएको छ र त्यसो गरेर माओवादीहरूले भन्दा धेरै हिंसाका घटना गराउने समूहहरूको तथ्याङ्कलाई वास्ता गरिएको छैन। उदाहरणका लागि, सन् २०१० मा भएका २९ ओटा हत्याको वारदातमा तराईका सशस्त्र समूहरू जिम्मेवार थिए भने त्यसै वर्ष एनेकपा (माओवादी) हत्याको चारओटा वारदातमा मात्र संलग्न थिए। "मानवअधिकार वर्ष पुस्तक", इन्सेक, २००६-२०११। त्यसैगरी SATP ले दिने हताहतीसम्बन्धी आँकडामा पनि युद्धकालको झैं वर्गीकरण राखिएको छ जसले गर्दा अहिले पनि हिंसा मुख्यतः सरकारी सुरक्षा बल र "माओवादी विद्रोहीहरू" बीच मात्रै हुन्छ भन्ने भान पर्न जान्छ। हेर्नुहोस् "Fatalities in Maoist Insurgency since March 2000", SATP, www.satp.org/satporgtp/countries/nepal/ database/ fatalities.htm

संरक्षण र स्रोतका लागि स्थानीय तवरमा हुने लडाइँ एउटा नयाँ समबिन्दुमा पुगेकाले पनि त्यसो भएको हुन सक्छ।[३८]

## क. एनेकपा (माओवादी)

एनेकपा (माओवादी) का नेताहरू प्रचण्ड, वरिष्ठ उपाध्यक्ष मोहन वैद्य 'किरण' र पार्टीका सिद्धान्तकारसमेत रहेका अर्का उपाध्यक्ष बाबुराम भट्टराई र तिनका समर्थकहरूबीच तानातानी र प्रतिद्वन्द्विता छ। गएको वर्षदेखि नै यो तथ्य धेरै तहमा प्रकट भएको छ, जस्तै सार्वजनिक रूपमा एकआपसलाई गरिने घोचपेच, दुवै पटकको निर्वाचन प्रक्रियामा प्रचण्डको उम्मेदवारीउपरको विमति, तीनओटा दुधालु ट्रेड युनियनमा भएको फुट र अन्य संस्थाहरूमा बढ्दै गरेको मतभेद आदि।[३९] भविष्यमा पार्टी फुट्न सम्भव छ। तर फुट्दा कसरी फुट्छ भनी अहिल्यै भन्न गाह्रो छ। कट्टरतावादी गुट फुटेर जाला वा मूलधारको राजनीति अँगाल्ने पक्षमा रहेका भट्टराई र प्रचण्ड नै पो दुई पार्टीमा बाँडिने हुन् कि ?

गोरखाको पालुङटारमा बसेको विस्तारित बैठक र त्यसपछिको केन्द्रीय समितिको बैठकमा पार्टीको कार्यनीतिबारेको असहमति प्रस्ट देखियो। केन्द्रीय समितिले प्रचण्डको राजनीतिक प्रस्ताव पारित त गऱ्यो, तर त्यो वस्तुतः मोहन वैद्य 'किरण' को विद्रोह गर्ने नीति र भूराजनैतिक दृष्टिकोणबाट परिपक्व बाबुराम भट्टराईका विचारहरूको खिचडी थियो। त्यस प्रस्तावमा दुई धारे कार्यनीतिक योजना प्रस्तुत गरिएको थियो – "शान्ति र संविधानका लागि काम गर्ने", त्यसका साथै "जनविद्रोह" को तयारी गर्ने। एक जना विश्लेषकले तीन नेताहरूबीचको फरकलाई "मुख्य अन्तरविरोध" को सङ्ज्ञा[४०] दिँदै यसलाई सही "राजनीतिक लाइन" तात्कालिक कार्यनीति र सङ्गठनले झेलिरहेका समस्याहरूबीचको फरक भनी बताएका थिए।[४१] अन्य फरकहरू व्यक्तिगत शेखाशेख र पार्टीभित्र निजी पकड राख्ने कुरासित सम्बन्ध राख्छन्। पार्टीभित्र तीन गुट देखिए पनि नीति भने दुइटा मात्रै छन्। प्रचण्ड समय र मौका हेरी दुवैतर्फका नीतिहरूबाट सापट लिने गर्दछन्।

केही फरकहरू यस प्रकार छन्:

- दिल्लीको जवाहरलाल नेहरू विश्वविध्यालयबाट विध्यावारिधि गरेका भट्टराईको भारतउपरको दृष्टिकोणप्रति प्रचण्ड र किरण असहमत छन्। भट्टराईले प्राप्त गरेको उच्चशिक्षा नै उनलाई लगाइने आरोपको मर्मथलो बनेको छ र जब उनी भारत "मुख्य शत्रु" होइन, क्रान्तिका लागि अहिलेको अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल छैन र राजावादी तथा अन्य समूहसित "राष्ट्रवादी" गठबन्धन गर्नु ठीक होइन भन्छन् उनको पार्टीनिष्ठाप्रति शङ्का गरिन्छ। प्रचण्ड र किरण भारतले आफूहरूलाई अति दबाएको ठान्छन्। प्रधानमन्त्री हुने आफ्नो महत्त्वाकाङ्क्षा भङ्ग गरिदिएकामा प्रचण्डलाई र सिलिगुढीमा आफूलाई लामो समय बन्दी बनाएर सन् २००५ र २००६ मा भएका अत्यन्त महत्त्वपूर्ण सम्झौता-वार्ताहरूमा बस्न नदिएकामा किरणलाई भारतप्रति रिस छ।
- सेप्टेम्बर २००५ मा माओवादीले मूलधारका सात पार्टी गठबन्धनसित राजा ज्ञानेन्द्रको निरङ्कुश शासनविरुद्ध संयुक्त रूपमा लड्नका लागि बाह्र बुँदे सम्झौता गर्नु गलत थियो भन्ने किरणका विचारप्रति प्रचण्ड र भट्टराई असमत छन्। उनीहरूको भनाइमा पार्टीले प्रजातान्त्रिक राजनीति र प्रक्रियामा प्रवेश गरेर प्राप्त गर्न सकेको धर्मनिरपेक्षता, सङ्घीयता र गणतन्त्र जस्ता उपलब्धिहरूको रक्षा गरिनुपर्दछ।[४२] तीनै जना जनताको संविधान बन्नुपर्छ भन्नेमा सहमत छन्, तर किरणचाहिँ त्यस्तो संविधान बन्ने सम्भावना क्षीण हुँदै गएको भन्ठान्छन्।[४३]

---

[३८]हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार*, माथि उल्लेखित पृ. २१-२४।

[३९]उदाहरणका लागि, हेर्नुहोस् पोष्टबहादुर बस्नेत, "District by district Bhattarai works up stake in party", *Republica*, २८ मार्च २०११। तीनै जना नेताहरूले सन् २०११ को सुरुतिर भएका प्रशिक्षण कार्यक्रमहरूमा आफ्ना कुराहरूलाई अघि बढाउने प्रयत्न गरेका थिए र उनीहरूले आआफ्ना अनुयायीहरूलाई प्रशिक्षित पार्न समानान्तर कक्षाहरू चलाएका थिए। सन् २०१० मा भट्टराई गैरमाओवादीहरूले समेत रुचाएका उम्मेदवार रहेका बेला पार्टीभित्रै केहीले दुईतिहाइ बहुमत जुटाउन सक्ने व्यक्तिलाई मात्र उम्मेदवारी बनाउनुपर्ने तर्क अघि सारेका थिए। त्यसपछि प्रचण्डले अन्तिम समयमा आफ्नो उम्मेदवारी फिर्ता लिएकामा चुनाव जित्न सकिने सम्भावना भएका बेला पार्टीले चुनाव लड्नुपर्ने थियो भन्ने तर्क दिँदै भट्टराईले असहमति जनाएका थिए। नयाँ दिल्लीको धापमा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का विजय गच्छेदारले चुनाव लड्ने निधो गरेपछि मधेसी मत नपाउने टुङ्गोमा पुगेर प्रचण्डले उम्मेदवारी फिर्ता लिएका थिए। माओवादीहरूको नेतृत्वमा सरकार बनाउनका लागि एमालेको समर्थन प्राप्त गर्न असम्भव नभए पनि अत्यन्त कठिन हुने थियो।

[४०]पार्टीको जडसूत्रवादी खेमा नेपालको सामन्ती वर्गलाई भारतले सहयोग गरेको हुनाले पार्टीको प्रमुख अन्तरविरोध भारत र "घरेलु प्रतिक्रियावादीहरू" दुवैसँग रहेको तर्क गर्दछन् र प्लेनममा प्रचण्डले त्यस लाइनको समर्थन गरेका थिए। भट्टराईको तर्कमा भारतले नेपालमाथि सैनिक हमला नगर्दासम्म भारत प्रमुख दुश्मन हुन सक्तैन र अहिलेको प्रमुख अन्तरविरोध "सामन्तवादका अवशेषहरू", घरेलु प्रतिक्रियावादीहरू, दलाल पुँजीपतिहरू र भारतको संरक्षणप्राप्त दलालहरूसँग रहेको छ। प्रशान्त झा, "Maoists in Nepal: The Differences Within", *The Hindu*, ६ डिसेम्बर २०१०।

[४१]प्रशान्त झा, "Maoists in Nepal: The Differences Within", माथि उल्लेखित।

[४२]प्लेनममा प्रस्तुतपत्रहरू डा. बाबुराम भट्टराई, "पार्टीको राजनीतिक र सङ्गठनात्मक कार्यदिशा र तत्कालीन कार्ययोजनाबारे", २५ अगस्ट २०१०; डा. बाबुराम भट्टराई, "अन्तरपार्टी बहसबारे केही थप स्पष्टीकरण", २० सेप्टेम्बर २०१०; मोहन वैद्य "किरण", "वर्तमान परिस्थिति र हाम्रो कार्यभार", २५ अगस्ट २०१०; मोहन वैद्य "किरण", "केन्द्रीय समितिको बैठकमा प्रस्तुत प्रस्तावबारे स्पष्टीकरण", २१ सेप्टेम्बर २०१०; पुष्पकमल दाहाल "प्रचण्ड", "कार्यदिशा र कार्ययोजनाबारे प्रस्ताव", मिति नखुलेको। क्राइसिस ग्रुपसँगका अन्तर्वार्ताहरू, पत्रकारहरू, एनेकपा (माओवादी) नेताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११।

[४३]प्रशान्त झाले लेखेका छन् माओवादीहरूले चाहेका पद्धति भनेको "जनताको सङ्घीय गणतन्त्र" हो जसमा निम्न करा हुनुपर्नेछः केन्द्रमा कार्यकारी अधिकार भएको राष्ट्रपति, जातीयतामा आधारित सङ्घीयता, भारतसित समान हैसियतको सम्बन्ध, जनमुक्ति सेनाका पूर्वलडाकूहरूको समायोजनसहित नेपाली सेनाको "प्रजातान्त्रिकरण" र सेनामाथि पूर्ण नागरिक नियन्त्रण, प्राकृतिक साधनस्रोतहरूमाथि स्थानीय समुदायको "अग्राधिकार", क्रान्तिकारी भूमिसुधार र साम्राज्यवाद एवं सामन्तवादको पक्षपोषक पार्टीहरू खोल्न नपाइने प्रतिस्पार्धात्मक

- किरण र भट्टराई प्रचण्डलाई कुराचाहिँ क्रान्तिकारी गर्ने तर व्यवहारमा भने सबै कुरा सम्झौतामा टुङ्ग्याउने दोहोरो चरित्र भएको दोष लगाउँछन्। प्रचण्डलाई अरू त अरू, जनमुक्ति सेनाभित्रका उनका कट्टर समर्थकहरूले समेत अतिशय ठाँटबाँट देखाउनुपर्ने प्रवृत्तिका भनेर आलोचना गरेका थिए।[४४] प्रचण्ड र भट्टराई एकआपसमा गहिरो वैमनस्यता राख्दछन् र आफैलाई मात्र ठूलो ठान्ने, नातावाद र भ्रष्टाचारलाई प्रश्रय दिने भनेर एकअर्कालाई गाली गर्छन्। भट्टराईका विचारमा प्रचण्ड कट्टरतावादीहरूलाई खुसी तुल्याउन चाहिएभन्दा बढ्ता गर्छन्। शान्ति प्रक्रिया धरमर भएबाट तथा यसको सुस्त चालबाट कट्टरतावादीहरू त्यसै पनि उत्साहित भएका छन् बन्ने मान्यता भट्टराईको छ। संशोधनवादी भएको आरोप लागेका भट्टराई आफूजति आफ्ना सहकर्मीहरू परिश्रमी नभएको दुःखेसो गर्छन्।

भारतसित जोरी खोज्ने र चीनतिर हात बढाउने नीतिगत निर्णयहरू खास सैद्धान्तिक वादविवाद र अडानका प्रत्यक्ष परिणामहरू हुन्। तर सबै क्रियाकलाप आन्तरिक वादविवादअनुरूप नै हुने गर्छन् भनी सोच्नु भने गल्ती हुनेछ, खासगरी माओवादीहरूको विद्रोह गर्ने रटानका सम्बन्धमा। आजको समयमा भिडन्त उनीहरूका लागि आकर्षक विषय हुन सक्तैन।[४५] उनीहरूका पार्टीसित आम जनपरिचालन गर्ने र "जनविद्रोह" गर्ने क्षमता छ (हुन त 'जनविद्रोह' लाई उनीहरू निजी कुराकानीमा सडक आन्दोलन र विरोध प्रदर्शन भनेर व्याख्या गर्छन्) र भिडन्त चर्काउने तथा प्रतिकार गर्ने शक्ति पनि उनीहरूसित नरहेको होइन।[४६] तर धेरै कारणहरूबाट पार्टीको ठूलो हिस्साले यो बाटो रोज्ने छैन। काठमाडौंको शक्ति सन्तुलन अहिले अस्थायी तवरमा उनीहरूका पक्षमा ढल्केको छ, तर आफ्नै आन्तरिक गत्यात्मकताले गर्दा उनीहरूले स्पष्ट अडान देखाउन सक्तैनन्। परम्परागत पार्टीहरू र राज्य संयन्त्रका अङ्गहरू शक्ति प्रदर्शनको कुनै पनि प्रयास विरुद्ध हुनेछन् जसमा नयाँ दिल्लीको पूरापूर साथ हुनेछ।

एनेकपा (माओवादी) को सङ्गठनात्मक पहुँच तल्लो तहसम्म छ। सैद्धान्तिक तथा राजनीतिक दुवै हिसाबमा निर्वाचनको सकारात्मक परिणामबाट मिलेको शक्ति र वैधानिकतालाई उनीहरूले राम्रोसित बुझेका छन्। अनि बहुदलीय प्रतिस्पर्धामा क्रान्तिकारी आन्दोलनले पार्न सकेको प्रशंसनीय प्रभाव पनि उनीहरूले बुझेका छन्।[४७] पार्टीभित्र मौलाउँदो भ्रष्टाचार हुँदाहुँदै पनि माओवादीहरूले आफ्नो भागको रोटीलाई बढीभन्दा बढी समूहहरूबीच पुऱ्याउन सकुन्जेल महत्त्वाकाङ्क्षी र विवादास्पद नै भए पनि यसका एजेन्डाहरू टिकाउ रहन सक्छन्।[४८]

एनेकपा (माओवादी) को रूपान्तरण प्रक्रियामा भित्री र बाहिरी दुवै खाले चुनौती छन्। संविधान सम्बन्धमा त्यस पार्टीले आफ्नो केही ठाउँ छाडेको छ। पार्टी र नेताहरू संरक्षणवादको परम्परागत संरचनामा जाकिएका छन्, स्रोतहरू हात पार्ने दौडमा लागेका छन् र अनेकन् आर्थिक कारोबारमा फँसेका छन्। पार्टीभित्रको सैद्धान्तिक र व्यक्तिमुखी विभाजनका कारणहरू यी पनि हुन्।[४९] एनेकपा (माओवादी) को आमूल

---

बहुदलीय राजनीतिक व्यवस्था। प्रशान्त झा, "Maoists in Nepal: The Differences Within", माथि उल्लेखित। तर कार्यकारी राष्ट्रपति सम्बन्धमा माओवादी पार्टीले पहिलेको अडान छाडिसकेको छ; जातीय आधारको सङ्घीयता र अग्राधिकारको सवाल निकै गाह्रो कुरा हो, सेनाको प्रजातान्त्रिकरण गर्ने विषयमा अघिल्लो सरकारको कोसिस अपर्याप्त रहेकाले यस सरकारले फेरि कार्ययोजना तयार पारेर लागू गर्नुपर्ने हुन्छ, नियन्त्रित बहुदलीय प्रतिस्पर्धाको राजनीतिक व्यवस्थाको विषयले विवाद निम्त्याउनेछ र त्यस्तो पद्धति नेपाली सेना, भारत र बाँकी अन्तर्राष्ट्रिय समुदायलाई स्वीकार्य हुने छैन।

[४४] प्रचण्डका आलोचकहरू चुनबाङ प्लेनमले अध्यक्षलाई धेरै अधिकार दिएपछि उनले आफ्नो व्यक्तिगत लाभ र आफूसित विमति राख्नेहरूलाई पेल्नका लागि ती अधिकारहरूको प्रयोग गर्दै आएका छन् भन्दछन्। प्लेनममा भाग लिएका जनमुक्ति सेनाका १२ सय प्रतिनिधिहरूले प्रचण्ड र बाँकी पार्टी नेतृत्वउपर आफूहरू काठमाडौंमा विलासी जिन्दगी बिताउँदै लडाकूहरूको भविष्यमाथि खेलवाड गरिरहेको आरोप लगाए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११।

[४५] रूढिवादी पार्टीहरू र नयाँ दिल्लीका केही समूहहरूले माओवादीहरूलाई अलग्याउने नीति नै गतिलो ठानेका थिए। नेपालका दक्षिणपन्थीहरूले झैं उनीहरूले माओवादीहरू अब फेरि युद्ध थाल्दैनन् भन्ने निष्कर्ष निकालेका थिए।

[४६] यस वर्षको सुरुमा गरिएको कार्यकर्ता प्रशिक्षण भेलामा प्रचण्डले "जनविद्रोह" गर्न पाँच लाख जनता परिचालन गरिने विचार राखेका थिए। त्यस विचारलाई पछ्याउँदै सी.पी. गजुरेलले यङ कम्युनिस्ट लिग प्रभावशाली नरहेकाले अब नयाँ बल गठन गर्नुपर्ने आवश्यकता रहेको बताएका थिए। तर यङ कम्युनिस्ट लिग प्रभावशाली नरहेको भन्ने उनको भनाइ पत्याउन धेरैलाई गाह्रो छ। "Maoists to form tougher youth wing", *The Kathmandu Post*, २५ फेब्रुअरी २०११। फेब्रुअरीमा किरण खेमाको जोडमा केन्द्रीय समितिले "जनताको स्वयंसेवक परिचालन ब्युरो" निर्माण गर्ने निर्णय गऱ्यो। त्यस ब्युरोको नेतृत्व किरणका समर्थक तथा स्थायी समिति सदस्य नेत्रविक्रम चन्द "विप्लव"ले गरेका छन्। औपचारिक रूपमा त्यस ब्युरोले संविधान लेख्न दबाब दिनेछ र यदि संविधान नलेखिएमा "विद्रोह" को तयारी गर्नेछ। सरकारको एउटा साझेदार भईकन पनि सडक आन्दोलन गर्ने कुराको औचित्य पुष्टि गर्न एनेकपा (माओवादी) ले न्वारानदेखिको बल निकाल्नु पर्नेछ। नेताहरूको भनाइमा ब्युरोले "निर्माण, उत्पादन र पुनर्निर्माण" मा जोड दिनेछ र पार्टी सम्बद्ध विभिन्न सङ्गठनहरूको योजना र संयोजन गर्ने जिम्मेवारी ब्युरोको हुनेछ। यसबाट ब्युरो गठनको उद्देश्य विभाजित अवस्थामा रहेका समग्र पार्टी सङ्गठनहरूउपरको नियन्त्रणलाई बलियो बनाउने देखिन्छ। यङ कम्युनिस्ट लिग, विद्यार्थी र अन्य युनियनहरू, साथै प्रचण्ड र भट्टराईका समर्थकहरूसमेतले ब्युरोबारे प्रस्ट बोलेका छैनन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मार्च २०११।

[४७] नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को केन्द्रीय समितिको जून २००३ मा बसेको बैठकले पारित गरेको "वर्तमान अवस्था र हाम्रो ऐतिहासिक कार्यभार"। आदित्य अधिकारी, "The Ideological Evolution of the Nepali Maoists", Studies in Nepali History and Society, १५(२), डिसेम्बर २०१० (प्रकाशोन्मुख) पनि हेर्नुहोस्।

[४८] सेवा उपलब्ध गराएकै भरमा मात्र नेपालमा राजनीतिक वैधानिकताको निर्धारण गर्न सकिन्न। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित। तर वस्तु र सेवाहरूमा पहुँच बढाउने गरी आपूर्ति गराउन सक्ने, संरक्षण र वितरणको सञ्जालमा बढीभन्दा बढीलाई सहभागिता गराउन सक्ने र राजनीतिक स्थिरता ल्याउनमा सघाउ पुऱ्याएको देखाउन सक्ने पार्टीले अरूले भन्दा जनपरिचालन गर्न सक्ने ठाउँ बढी रहन्छ।

[४९] माओवादी पार्टी, त्यस पार्टीका नेता र तिनका नातागोताका व्यापारिक स्वार्थहरू धेरै जेलिएका छन् र त्यस धन्दाले पूरै पार्टी संरचनालाई गाँजेको छ। केही लगानी केन्द्रीय तहमा गरिएका छन्, जस्तै काठमाडौंमा रहेको जनमैत्री अस्पताल। धेरै आम्दानी हुने अन्य व्यवसाय ट्रेड युनियनहरूबाट सञ्चालित छन्, जस्तै

परिवर्तनकारीपन बोधो हुँदै जाँदाखेरि त्यसले खोल्ने ढोकाबाट परम्परागत राजनीतिक पात्रहरूका साथै नयाँ राजनीतिक झुन्डहरूले प्रवेश पाउन सक्नेछन्। पहिचानमा आधारित राजनीति गर्ने पार्टीहरूले अहिले नै माओवादीका केही एजेन्डाहरूलाई तोडिसकेका छन्। माओवादीका चरम राष्ट्रवादी उद्गारबाट मधेसी पार्टीहरू झनै चिढिएर टाढिनेछन्, किनभने राष्ट्रवादको यस प्रकारको परिभाषालाई उनीहरू मधेसीहरूको निष्ठाप्रति शङ्का गर्ने पहाडे अभिव्यक्तिका रूपमा हेर्दछन्। माओवादीहरूले राजावादीहरूलाई रिझाउन यस्ता खाले राष्ट्रवादी रटान लगाउँदा एनेकपा (माओवादी) भित्रकै ठूलो हिस्सालाई त्यो पाच्य हुने छैन।[५०] माओवादीले आफ्नो सुरक्षा र रणनीतिक चासोलाई बुझिदेला र सानो भाइको रूपमा भारत-नेपाल सम्बन्ध बढाउन सघाउला भन्नेमा भारत सदैव सशङ्कित रहनेछ।

मूलधारको राजनीतिमा प्रवेश गरेर माओवादीहरू यस्तो प्रणालीको भागीदार बनेका छन् जुन प्रणाली सुधारलाई सकेसम्म रोक्न चाहन्छ। त्यति हुँदाहुँदै पनि नेपाली राज्यलाई चुनौती दिने एउटै पार्टी माओवादीहरूको मात्रै हो। माओवादीहरू यस प्रणालीबाट आफै बदलिएका छन्, त्यो बेग्लै कुरा हो।[५१] तर यदि माओवादीहरू यस प्रणालीका तात्त्विक गुणहरूलाई बदल्न चाहन्छन् भने उनीहरूले विश्वास आर्जन गर्नुपर्छ, साझेदारहरूलाई लाभ दिन सक्नुपर्छ र टिकाउ गठबन्धनको निर्माण गर्नुपर्छ। तर उनीहरूले अरूलाई थर्काउने क्षमता कायम राखुन्जेल र हिंसा फेरि सुरु गर्ने विकल्प खुला राखुन्जेल यसो हुन गाह्रो छ।

## ख. नेपाली काङ्ग्रेस

नेपाली काङ्ग्रेसका दिवङ्गत नेता गिरिजाप्रसाद कोइरालालाई उनको महत्त्वाकाङ्क्षा, पेलेर जाने स्वभाव, भ्रष्टाचार र नाताबादका कारण निकै दोष लागेको थियो, तर उनको मृत्युपछि शान्ति प्रक्रियाको बागडोर सह्याल्न सक्ने कुनै अर्को राष्ट्रिय नेता नेकाले पाउन सकेन। त्यसैले नेकाको राजनीतिक बुद्धिवर्कत अवरोध खडा गर्नमै सीमित रहेको छ। त्यस पार्टीले आफूलाई माओवादीले सिक्का जमाउने र वामपन्थी ध्रुवीकरण हुन सक्ने खतरा विरुद्ध प्रजातन्त्रको अन्तिम दुर्गका रूपमा प्रस्तुत गर्दै आएको छ, तर यो आफै गुटबन्दीको राजनीतिबाट पीडित छ। माओवादीसितको गठबन्धनमा जाने वा त्यस कुराको विरोध गर्ने भन्ने विषय नै नेका सदस्यहरूबीचको रडाको बन्ने गरेको छ।

नेकाले माओवादीहरूबाट चाहेका कुरा बढाउँदै लगेका छन्। आफ्नो गिर्दो राजनीतिक शाखलाई उकास्नलाई नेका कुरा फेरिरहन्छ। यसभित्र रहेको अनुदारवादी गुटमा माओवादीप्रति गहिरो अविश्वास छ र सत्ता गुमाउनुपरेकामा त्यो गुट क्रुद्ध पनि छ। त्यस गुटको प्रभावमा परेर नेका नेतृत्वको ठूलो भागले कट्टर माओवादीविरोधी लाइन लिएको छ। नेका यस लाइनको सफलताका लागि मतलबी यारहरूमा भर परेको छ। त्यसैगरी नयाँ दिल्लीको कट्टर माओवादीविरोधी अडानबाट र अन्तमा केही नलागे नेपाली सेनाको सहयोगबाट यो लाइन सफल हुने आशा नेकाले राखेको छ। तर पछिल्ला दुई उपायबाट भने प्रजातान्त्रिक धरातलमा स्खलन हुनेछ। नेकाले आफ्नो समर्थनको आधार बढाउने काम खासै गर्न सकेको छैन र ठूला विषयको छलफलमा उल्लेख्य योगदान पुऱ्याउन पनि सकेको छैन। शान्ति प्रक्रियाउपर पार्टीको समग्र प्रभाव पनि घट्न गएको छ। त्यसो भएर पनि अवरोध गर्ने, अस्वीकार गर्ने, बिथोल्ने र ढिलो पार्ने उसको सामर्थ्य भने जस्ताको तस्तै छ।[५२]

नयाँ राजनीतिक यथार्थमा आफूलाई रत्याउन नेकालाई सबभन्दा गाह्रो त उसको आफ्नै संरचनाले पारेको थियो। गिरिजाप्रसाद कोइराला आफूखुसी निर्णयहरू लिन्थे। त्यस पार्टीले आन्तरिक प्रजातन्त्रतर्फको पहिलो पाइला सेप्टेम्बर २०१० मा चालेको थियो, जुन बखत उसको महाधिवेशनले प्रथम पटक सभापतिको निर्वाचन गरेको थियो। झट्ट हेर्दा नयाँ कार्यसमिति पार्टीको अहिलेसम्मको इतिहासमा एकदमै समावेशी प्रकृतिको देखिन्छ। किनभने त्यसमा सीमान्तीकृत समूह र "दोस्रो पुस्ता" का नेताहरूलाई मनोनित गरेर ल्याउने कोटा पनि राखिएको छ। तर यथार्थमा यसको केन्द्रीय समितिका महत्त्वपूर्ण पदका लागि र समितिउपर नियन्त्रणका लागि शीर्षस्थ नेताहरूमा चलेको तानातानीले पार्टीभित्रको फुटलाई उजागर गर्दछ। त्यस्तो तानातानी विशेषगरी सुशील कोइराला (तथा प्रधानमन्त्री पदका लागि उनका प्रतिनिधि रामचन्द्र पौडेल) र शेरबहादुर देउवाबीच छ। अनि जस्तोसुकै कमीकमजोरी भए पनि शान्ति प्रक्रिया ठीक छ र यो एकदमै ठीक छैन भन्ने फरक-फरक विचारको प्रभाव पनि केन्द्रीय नेताहरूको गुटबन्दीमा परेको छ।[५३]

---

काठमाडौंका क्यासिनोहरूका नाफाको बाँडफाँड र चन्दा असुलीका खास-खास ठाउँबाट हुने आम्दानी। नयाँ बनेको "जनताको स्वयंसेवक" बाट वाईसीएलले अहिले चुनौती खेप्नुपरेको भए पनि युद्धकालपछि माओवादीहरूको आर्थिक क्रियाकलापलाई वाईसीएलले नै धानेको थियो। चन्दा उठाउनेदेखि जडीबुटी सङ्कलन तथा प्रशोधन र काठको व्यापारमा पनि यङ कम्युनिस्ट लिग लागेको थियो। वाईसीएल अहिले पनि आर्थिक क्रियाकलापकै आधारमा सङ्गठित छ। सन् २००८ मा उत्पादन र निर्माण एकाइहरू बनाएर वाईसीएलको सङ्गठनात्मक पुनर्संरचना गरिएको थियो। वाईसीएलका जिल्ला वा एरिया इन्चार्जद्वारा हाँकिएका ती एकाइहरू अझै सक्रिय छन्। तिनमा केहीले पार्टी सङ्गठनलाई बलियो पार्न मद्दत पुऱ्याएका छन् भने केहीले व्यक्तिको र पार्टीभित्रकै खेमाहरूको प्रभाव बढाउने काम गरेका छन्। केही वरिष्ठ नेता र उनका परिवारजन सहभागी रहेको बताइएका जग्गाको कारोबारहरू जस्ता अन्य कामहरू नितान्त व्यक्तिगत लाभका लागि हुने गरेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनवरी-फेब्रुअरी २०११।

[५०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मार्च २०११।

[५१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मार्च २०११।

[५२] उदाहरणका लागि, माओवादीहरूले चौधओटा प्रदेशको प्रस्ताव गरेकोमा नेकाले छओटा प्रदेश प्रस्तावित गरेको छ। तर जातीय आधारमा खडा हुने सङ्घीयताको विरोध गर्नेबाहेक नेकाले आफ्नो प्रस्तावलाई बुझाउने प्रयास गरेको छैन। नेकाको सङ्घीयतासम्बन्धी प्रस्तावबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित, पृ. १२।

[५३] सन् २००२ मा देउवाको नेतृत्वमा नेका (प्रजातान्त्रिक) बनेर फुटेको थियो र सन् २००७ मा नेकाको पुनःएकीकरण भएयता पहिलो पटक पार्टीको बाह्रौं महाअधिवेशन भएको थियो। तीन हजारभन्दा धेरै प्रतिनिधिहरूले भाग लिएको सो महाअधिवेशनले ८५ सदस्यीय केन्द्रीय कार्यसमितिको निर्वाचन गरेको थियो। त्यसमा सीमान्तकृत समुदायहरूका लागि केन्द्रीय समितिमा २१ ओटा स्थान सुरक्षित राखिएको थियो। त्यसबाट पार्टीले ती समुदायका लागि छुट्टै व्यवस्था

पार्टीका केन्द्रीय समितिका पदाधिकारीहरूको नियुक्तिउपर चलिरहेको विवाद र देउवा-पौडेल प्रतिस्पर्धाका कारण नेकाले पूरै जोड लगाएर प्रधानमन्त्रीको चुनाव लड्न नसक्ने पक्का थियो। नेकाले संविधानसभाको निर्वाचनपछि बनेका कुनै पनि सरकारको नेतृत्व गरेको छैन, सहमतीय सरकार बनाएर त्यसको नेतृत्व लिन पनि नेका इच्छुक देखिएन। आन्तरिक विवाद हटाउनैका लागि उसले त्यसो गरेको हो।[५४] धेरै विषयहरूमा नेकाका जिल्लास्तरीय नेतृत्व काठमाडौंको राजनीतिबाट काटिएको छ, अन्तरपार्टी सम्झौता-वार्ताहरूबाट अलग्गिएको छ र आफ्नै केन्द्रीय नेतृत्वबाट छुट्टिएको छ। केन्द्रीय नेतृत्वले निर्देशन पठाउनलाई पनि बेवास्ता गर्दछ।[५५]

नेकाले आफ्नो उदारवादी छविको भरमा केही समय आफूलाई चलाउन सक्छ र माओवादीविरुद्ध "प्रजातान्त्रिक प्रतिपक्ष" को भूमिका खेल्न सक्छ। त्यसबाट उसको मौजुदा समर्थन आधार उस्तोविधि नघट्ला र काठमाडौंको राजनीतिमा उसको पहुँच पनि कायमै रहला। किनभने केही यस्ता ठाउँहरू छन् जहाँका मतदाताले वामपन्थी पार्टीलाई किमार्थ भोट दिँदैनन् र उनीहरूका लागि पहिचानमा आधारित राजनीतिले पनि खासै महत्त्व राख्दैन। तर नेकाले आफ्ना सञ्जाललाई पुनः क्रियशील पार्दै कल्पनाशीलता देखाएर काटमाडौंबाहिरको राजनीतिप्रति पनि उत्तिकै समर्पण नदेखाउने हो भने र खासगरी मधेसी पार्टीहरूसित जुध्नुपर्ने तराईमा ध्यान नपुऱ्याउने हो भने नयाँ-नयाँ पार्टीहरू उदाउँदै जाँदा भविष्यमा यसको प्रभाव र सान्दर्भिकता दुवै खुम्चिदै जानेछ।[५६]

## ग. एमाले

एमालेले सत्ता साझेदारीमा निर्णायक भूमिका खेल्दै आएको छ। सैद्धान्तिक र रणनीतिका हकमा विभाजित भएकै कारणले उसले त्यसो गर्न सकेको हो। उदाहरणका लागि माओवादी तथा भारतसित कसरी व्यवहार गर्नेदेखि लिएर राज्य पुनर्संरचनाको विषयसम्ममा[५७] पार्टीभित्र मतभिन्नता छ र त्यसले व्यक्तिगत होडबाजीको रूप पनि लिने गरेको छ। त्यसै कारणले पनि एमालेले घरी कट्टर माओवादी विरोधी सरकारको त घरी माओवादी समर्थित सरकारको नेतृत्व गर्न सकेको छ। मे २०१० मा संविधानसभाको म्याद थप्नेबारे भोट हुँदा पार्टी झन्डै-झन्डै फुट्ने अवस्थामा पुगेबाट, माधवकुमार नेपालको ठाउँमा प्रधानमन्त्री हुन झलनाथ खनालले दिएको उम्मेदवारी र माओवादीहरूसित खनालको निकटताबारे उठेको विवादबाट र मन्त्रिमण्डललाई पूर्णता दिने काममा खनालले आफ्नै पार्टीको चुनौती सामना गर्नुपरेबाट पार्टीको विभाजन स्पष्ट देखिएको छ।[५८] तर एमाले नेताहरू यस विभाजनलाई चर्काएर पार्टी फुटाइहाल्न चाहँदैनन्। तेस्रो ठूलो पार्टी हुनाले सौदाबाजी गर्न सक्ने स्थितिमा एमाले छ। केही गरी टुक्रिएर दुइटा पार्टी भएका खण्डमा दुवै पार्टी मधेसी समूहहरूभन्दा साना हुनेछन् र उनीहरूको प्रभाव पनि कम हुनेछ।

केन्द्रको हिसाब-किताब तल्लो तहमा जस्ताको तस्तै लागू हुँदैन। अझै पनि जिल्लाहरूमा एमालेको उपस्थिति र प्रभाव निकै राम्रो छ। यदाकदा एनेकपा (माओवादी) र नेकासित टक्कर पनि लिने गर्छ।[५९] तथापि

---

गरिनुपर्छ भन्ने तथ्यलाई स्वीकार गरेको बुझाउँछ। तथापि सङ्घीयताको सन्दर्भमा नेका कोटा प्रणालीको विरोधमा उभिएको छ। अल्प सङ्ख्यकहरूको प्रतिनिधित्वका लागि निर्वाचन गराउनुको सट्टा मनोनीत गरेर सदस्यहरू ल्याउने परिपाटीले अल्पसङ्ख्यक समुदायप्रति नेकामा रहेको पितृसत्तात्मक सोचलाई प्रतिबिम्बित गर्दछ। त्यसैगरी तथाकथित कट्टरपन्थी-नरमपन्थी-शान्ति प्रक्रिया समर्थकबीचको विभाजन पनि नामले इङ्गित गरेको परिभाषाभन्दा निकै जटिल छ। उदाहरणका लागि, देउवा खेमाका खुमबहादुर खड्का जस्ता धेरै नेताहरू राजावादी र दक्षिणपन्थी छन् भने अनुदारवादी भनेर चिनिएका र मिनेन्द्र रिजाल जस्ता "दोस्रो पुस्ता" का नेताहरू शान्ति प्रक्रियामा संलग्न रहेका छन्। देउवा प्रधानमन्त्री भएको बखत माओवादीले चार महिना लामो युद्धविराम भङ्ग गरेपछि नोभेम्बर २००१ मा उनले राजा ज्ञानेन्द्रसमक्ष संसद विघटन गरी सङ्कटकालीन अवस्था घोषणा गर्न सिफारिस गरेका थिए। तैपनि देउवालाई वरिष्ठ माओवादीहरूसमेत धेरैले सुशील कोइरालाभन्दा "लचिलो" र एनेकपा (माओवादी) सित तारतम्य मिलाउन खुला भएको बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११।

[५४]क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११।

[५५]नेकाका जिल्ला नेताहरूले १९ फेब्रुअरी २०११ मा प्रजातन्त्र दिवस मनाउन सबै ७५ जिल्लाहरूमा केन्द्रीय नेतृत्वबाट निर्देशन प्राप्त हुने आशा गरेका थिए। पार्टीले त्यसअघि प्रत्येक जिल्लामा प्रजातन्त्र दिवस मनाउन केन्द्रीय नेता र सभासदहरू पठाउने घोषणा गरेको थियो। ("काङ्ग्रेसले देशभर प्रजातन्त्र दिवस मनाउने", ekantipur.com, ९ फेब्रुअरी २०११।) तर जिल्ला तहमा पार्टी कतातिर जाँदैछ भन्ने पत्तो नपाई त्यो दिन त्यत्तिकै बित्यो। केही जिल्ला कार्यालयहरूलाई २८ मेमा संविधान जारी हुन नसकेको खण्डमा नयाँ संविधानसभाको ताजा चुनावका लागि तयार हुन भनिएको थियो भने धेरै जिल्ला समितले पार्टीबाट त्यस्तो केन्द्रीय निर्देशन नआएको बरु संविधान लेखन पूरा गर्नेबारे जागरण अभियानलाई जारी राखिराख्नुपर्नेमा जोड दिइएको बताए। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ताहरू, मार्च २०११।

[५६]"काङ्ग्रेसको क्रान्तिकारिता", सी.के. लाल, *हिमाल खबरपत्रिका*, १५-३० मार्च २०११।

[५७]उदाहरणका लागि, एमालेका सभासदहरूले संविधानसभाको राज्य पुनर्संरचना उपसमितिमा माओवादी प्रस्तावमा मत हाल्दै उक्त प्रस्तावलाई बहुमतद्वारा पारित गर्न सघाए, यद्यपि एमाले नेतृत्व जातीय आधारमा हुने सङ्घीयताबारे अझै दोधारमा छ। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित, पृ. १०-१२। त्यसैगरी वामपन्थी नेपाली राष्ट्रवाद ऐतिहासिक तवरले भारत विरोधी रहेकोमा माधव नेपालको सरकार र के.पी. ओली खेमाले भारतको समर्थन गरेर आफ्ना सरकारका साझेदारहरूभन्दा आफूलाई बढी भारतको नजिक देखाए।

[५८]खनालको संसदीय दलमा बहुमत रहेकाले गर्दा उनलाई संविधानसभाको म्याद नथप्ने हो भने पार्टी फुट्न सक्छ भनी ध्वांश दिन र मे २०१० मा माधव नेपाललाई प्रधानमन्त्रीको पदबाट राजीनामा दिलाउन बल मिल्यो। एमालेको केन्द्रीय समिति, पोलिटब्युरो र स्थायी समिति जस्ता निर्णयकारी निकायहरू खनाल र माधव नेपाल-ओली खेमामा झन्डै बराबरी बाँडिएका छन्। तर खनालको पक्षमा हल्का झुकाव छ। माओवादीसँग भएको सात बुँदे सहमतिको आलोचना गरेपछि केही संशोधनसहित केन्द्रीय समितिले त्यसलाई पारित गरेको थियो। एमालेभित्रको आन्तरिक द्वन्द्वबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको धरमराउँदो शान्ति प्रक्रिया*, माथि उल्लेखित।

[५९]जनवरी २०११ मा एमाले केन्द्रीय सचिवालयले एउटा तीन महिने सङ्गठन सुदृढीकरण योजना जारी गऱ्यो जसको उद्देश्य श्रमिक पृष्ठभूमिका धेरैलाई पार्टीप्रति

नेपालको वामपन्थी आन्दोलनको अग्लो मचानबाट माओवादीहरूबाट विस्थापित हुन पुगेको र आफ्नो आमूल परिवर्तनकारी एजेन्डालाई बाटामा कतै हराएको एमालेले आफूलाई प्रभावशाली स्थानमा ल्याउने हो भने यसले आफ्नो पुरानो सञ्जालमा मात्रै भर परेर बस्न हुँदैन। राष्ट्रिय राजनीतिमा प्रतिक्रिया मात्र जनाउने र अवसरवादिताको अनिश्चित फाइदा मात्र लिने हिसाबले बसिरहन मिल्दैन।[६०]

## घ. मधेसी पार्टीहरू

मधेसी पार्टीहरूले कि त संविधान दिनुपर्‍यो कि होइन भने संविधानसभालाई विघटन गर्नुपर्‍यो भनेर सरकारमाथि सुनियोजित तरिकाले दबाब दिन सक्छन्। यसै पनि नयाँ दिल्लीको धापमा धेरैजसो मधेसी पार्टीहरू विघटनको माग गरिरहेछन्।[६१] तर यो अडान अन्तरविरोधयुक्त छ। संविधान निर्माण र सङ्घीयता मधेसीहरूको पेवा माग हो र धेरैजसो मधेसी पार्टीहरू राज्य पुनर्संरचना आयोग बनाउने कुराको विरोधमा छन्। तसर्थ संविधानसभा उनीहरूको एक मात्र विकल्प हो। उनीहरूले अहिले लिएका अडान तत्कालको कार्यनीति मात्रै पनि हुन सक्छ। २८ मे नजिकिँदै गर्दा सरकार परिवर्तनका लागि जोड दिने वा राज्य पुनर्संरचनाबारे खोजेको कुरा प्राप्त गर्ने उनीहरूको दाउ हुन सक्छ। खैलाबैला मच्चाउनु र विशेषतः काठमाडौंलाई लक्ष्य गरेर राजमार्ग बन्द गर्नलाई धेरै मिहिनेत र धेरै मानिस चाहिँदैन। व्यापक जनपरिचालन गर्ने जाँगर नभएको बेला बन्दले राम्रो हतियारको काम गर्छ। तर निकै गम्भीर किसिमको विरोध प्रदर्शनहरू भएमा र अझ त्यसमाथि नागरिकहरूउपर कतैतिरबाट हिंसात्मक हमला हुन गएमा त्यसले खेललाई उलटपुलट पारिदिन सक्छ।

हरेकजसो मधेसी पार्टी फुटेका छन् र तिनले फुट्ने सम्भावना बोकेका छन्। तर फुटको कारण राजनीतिक लक्ष्य र रणनीतिउपरको मतमतान्तर नभई व्यक्तिगत मनोमालिन्य र संरक्षण सञ्जालको उपयोग गर्नेबारेको मतभेद हुने गर्दछन्। मधेसी जनअधिकार फोरम (नेपाल) फुट्ने कुरा घरीघरी आइरहन्छ, केही गरी सरकारमा भएकै बेला यो पार्टी फुटेको खण्डमा त्यसबाट गठबन्धन कमजोर हुन जानेछ।

मधेसी पार्टीहरू बहुधा एउटै ढिक्कोका रूपमा देखिन्छन् र उनीहरूप्रति व्यवहार पनि त्यसैअनुरूप हुने गर्छ। अनि केन्द्रमा उनीहरूको भूमिका गन्ती पुर्‍याउने कुराले निर्धारण गर्दछ कुनै तात्त्विक गठबन्धन बनाउने आवश्यकताले होइन। नयाँ दिल्लीको सरसहयोगमा संयुक्त प्रजातान्त्रिक मधेसी मोर्चा (संप्रममो) लाई दाउपेच खेल्ने हिसाबले बेलाबखत बिउँताउने गरिन्छ र त्यसलाई मन्त्री पद हत्याउने सौदाबाजीको साधनका रूपमा प्रयोग गरिन्छ, जस्तो अहिलेको सरकार र पहिलेको सरकारलाई समर्थन गर्ने बेला भएको थियो। त्यसपछाडि मात्र मधेसी एजेन्डा र नयाँ संविधानको हकमा त्यसको उपयोग हुन्छ।[६२] उपेन्द्र यादवको मधेसी

---

आकर्षित गर्नु थियो र अन्य पार्टीका कार्यकर्ताहरूलाई एमाले पार्टीमा आउन आह्वान गरिने कुरा पनि त्यस योजनामा परेको थियो। जारी निर्देशनमा पार्टीभित्रको गुटबन्दी, पार्टी मजदुर वर्गबाट बहकिएर उच्च वर्गतिर लहसिएको र पार्टीले आफ्ना कार्यकर्ताहरूलाई आर्थिक रूपमा मद्दत गर्ने नसकेकोमा चिन्ता व्यक्त गरिएको थियो। तर यी समस्याका कुनै ठोस समाधान भने अघि सारिएको छैन। "वैचारिक तथा सङ्गठन सुदृढीकरण अभियान" नेकपा (एमाले) केन्द्रीय सचिवालयल, काठमाडौं, फेब्रुअरी २०११। निर्देशनको कार्यान्वयन एमालेको कुन ठाउँमा कस्तो उपस्थिति र प्रभाव छ त्यसमा भर पर्ने भएकाले कार्यान्वयन एक नासको हुँदैन। केही जिल्लामा एमालेले संविधान लेखन प्रक्रिया तथा "संविधान लेख्न किन ढिलो भइरहेको छ" भन्नेबारेमा चेतनामूलक अभियान चलाइरहेको छ, कुनै जिल्लामा अन्य पार्टी छाडेकाहरूलाई, (खासगरी एनेकपा (माओवादी) त्यागेकाहरूलाई) एमालेमा प्रवेश गराएर पार्टी सदस्य सङ्ख्या बढाउने काम गरिएको छ। कुनै ठाउँमा चाहिँ एक दशकमै पहिलो पटक सम्मेलनहरू आयोजना भएका छन् र त्यस्ता ठाउँमा स्थानीय नेतृत्व आगामी चुनावका लागि योजना बनाउँदै छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं र टेलिफोन अन्तर्वार्ताहरू, फेब्रुअरी-मार्च २०११।

[६०] एउटा टड्कारो उदाहरणः मार्च २०११ मा झापा विद्रोहको ३८औं वर्षगाँठ मनाइएको थियो। झापा विद्रोह नेपालमा भएको पहिलो हिंसात्मक कम्युनिस्ट विद्रोह थियो र एमालेको ऐतिहासिक जग भनेकै त्यही हो। त्यस दिन बिहान एमालेले गरेको स्मृति सभामा एकाध सय मानिसहरू जम्मा भएका थिए। त्यसै दिउँसो माओवादीले गरेको कार्यक्रममा भने करिब १० हजार मानिसको उपस्थिति थियो। "Maoists eyeing UML revolutionaries", १० मार्च २०११।

[६१] मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का विजय गच्छेदार, सद्भावना पार्टी (सपा) का राजेन्द्र महतो र तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) का महन्त ठाकुर मार्च २०११ को मध्यतिर एकसाथ नयाँ दिल्ली गएका थिए र उनीहरूले त्यहाँ थुप्रै उच्चस्तरीय बैठकहरूमा भाग लिए। उनीहरू आन्दोलन चर्काउने धम्की दिँदै र संविधानसभाको विघटनको माग गर्दै काठमाडौं फर्के। मजफो (लोकतान्त्रिक) २८ जना सभासदहरू भएको सबभन्दा ठूलो मधेसी पार्टी हो र यसका नेता गच्छेदार प्रधानमन्त्री नेपालको सरकारमा उपप्रधामन्त्री थिए। सपा र तमलोपा विभाजनको मार खेपेका ससाना पार्टी हुन्। सन् २००७ मा ठाकुरले नयाँ पार्टी खोल्नुभन्दा पहिला नेपाली काङ्ग्रेसमा रहेर राम्रो छवि बनाएका थिए र उनी मधेसीभन्दा बढी एक ठूला नेताका रूपमा चिनिन्थे। एनेकपा (माओवादी) र मधेसी पार्टीहरूका बीच गठबन्धन सरकार बनाउने कुरा चल्दा उनको नाम सम्भावित प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएको थियो। मधेसी दलहरूबारेमा थप जानकारीका लागि हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?,* माथि उल्लेखित।

[६२] संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा (संलोममो) मा मजफो (लोकतान्त्रिक), सपा र तमलोपा पार्टीहरू समावेश छन्। मजफो फुट्नु र माओवादीसँग काम गर्न उपेन्द्र यादव तयार हुनुले गठबन्धन सरकारले सबैलाई समेट्ने प्रयास गर्न सक्ने देखिन्छ। जुलाई २०१० मा चारै पार्टीहरू मिलेर एनेकपा (माओवादी) र नेपाली काङ्ग्रेसलाई आफ्ना तीन प्राथमिकता उल्लेख भएको अवधारणापत्र दिएका थिए। तीन प्राथमिकतामा शान्ति प्रक्रिया, संविधान मस्यौदा र मधेसी मुद्दाहरू थिए। त्यस अवधारणापत्रमा सन् २००८ मा भएको २२ बुँदे सहमति र अगस्ट २००७ मा भएको आठ बुँदे सहमतिको कार्यान्वयन हुनुपर्ने, स्वायत्त मधेस प्रान्तको ग्यारेण्टी हुनुपर्ने, राज्यका निकायहरूमा मधेसीका लागि आरक्षण दिन कदम चालिनुपर्ने; निर्णय गर्ने अधिकार राज्य पुनर्संरचना आयोगको हातमा दिनुको साटो त्यो अधिकर संविधानसभामै रहनुपर्ने; मधेसीहरूलाई नेपाली सेनामा समूहगत भर्ना गर्नुका साथै नेपाली सेनालाई समावेशी बनाउनुपर्ने आदि मागहरू परेका थिए। त्यसैगरी माओवादीले लडाकूहरूसितको सम्बन्ध तोड्नुपर्ने, चार महिनाभित्र लडाकूहरूको समायोजन र पुनःस्थापना गरिनुपर्ने र वाईसीएल भङ्ग गर्नुपर्ने माग माओवादीसमक्ष राखिएको थियो। नेकाले उनीहरूका मागहरूमध्ये राज्य पुनर्संरचना आयोग गठन गर्ने निर्णय फिर्ता लिनुपर्ने, नेपाली सेनामा समूहगत भर्ना लिनुपर्ने र सिङ्गो मधेस स्वायत्त प्रदेश हुनुपर्ने माग अस्पष्ट भएकाले तिनलाई प्रष्ट्याउनुपर्छ भन्ने जवाफ दियो। माओवादीहरूले भने उनीहरूलाई सिङ्गो मधेस एक प्रदेशको माग स्वीकार्य

जनअधिकार फोरम (नेपाल) बेलाबेला त्यस मोर्चाबाट उछिट्टिन्छ। त्यो पार्टी हालको सरकारमा सामेल भएको छ र त्यसले गए साल प्रचण्डलाई भोट हाल्न संप्रममोलाई आह्वान गरेको थियो। एउटै स्वायत्त मधेसको माग दाउपेचका रूपमा मात्र अघि सारिएको बुझिन्छ र त्यसमा उनीहरूको त्यति जोड रहेको देखिन्न।[६३] माओवादीझैं मधेसी पार्टीहरू बृहत्तर सामाजिक आन्दोलनका प्रतिनिधिहरू हुन्। बाहिर आन्दोलन मच्चाउने अधिकार सुरक्षित राख्दै काठमाडौंमा उनीहरू गन्ती पुऱ्याउने राजनीति पनि खेलिरहनेछन्।

मधेसी पार्टीहरूका सामु अनेकन् चुनौतीहरू छन्। तराईको राजनीतिक परिस्थिति बदलिएको छ, तर सम्भ्रान्त पात्रहरू भने बदलिएका छैनन्, न त काठमाडौंको राजनीतिलाई सकेसम्म खैंचने उनीहरूको प्रवृत्ति नै फेरिएको छ। आफ्नो स्वार्थपूर्तिमा मात्रै लिप्त देखिनु उनीहरू आफ्नै लागि पनि फाइदाको कुरा होइन, खासगरी कृषि र वस्तु उत्पादन उद्योग बलैले घस्रिरहेको बेलामा। उनीहरू जसरी एकाएक खडा भए र जसरी उनीहरूले समर्थन पाए त्यसरी नै उनीहरूको समर्थन आधार पनि स्वात्तै खुम्चिन सक्छ। त्यो माथि उल्लेखित कारणले गर्दा पनि हुन सक्छ र नयाँ राजनीतिक प्रतिस्पर्धीहरूको उदयले पनि हुन सक्छ।[६४] थारू आन्दोलन फेरि सुरु भएमा मधेसी पार्टीहरूले त्यसलाई ठाउँ छाड्न पर्ने हुन्छ। काठमाडौंमा ती पार्टीहरूले एक्लाएक्लै होस् या मिलेर होस् दीर्घकालीन उपलब्धिका लागि आफ्नो शक्तिलाई कसरी राम्रोसित उपयोग गर्ने हो त्यो निर्णय गर्नुपर्छ। कहिलेकाहीं अरूबाट एक्लिने मधेसी जनअधिकार फोरम (नेपाल) बाहेक अन्य पार्टीहरूले नयाँ दिल्लीउपरको निर्भरतालाई सन्तुलित पार्नुपर्ने हुन्छ र नेकाको नेतृत्वको (वा एमालेले चाहेमा एमालेको) “प्रजातान्त्रिक” गठबन्धनको समर्थन गर्नाले मिल्ने फाइदा र एनेकपा (माओवादी) को टिकाउ शक्ति र अनुकूल राजनीतिक एजेन्डाबीच पनि सन्तुलन गर्नुपर्ने हुन्छ।[६५]

## ङ. जातीय पार्टी र आन्दोलनहरू

महत्त्वपूर्ण ठानिएका जातीय पार्टीहरूले संविधानसभाबाट सङ्घीयतासम्बन्धी उनीहरूका माग पूरा हुने आशा गरेका छैनन् र उनीहरू मे २८ को म्याद सकिएपछि जनपरिचालन गर्ने ताकमा बसेका छन्। उनीहरूका सङ्गठनात्मक आधार विखण्डित छ। सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय फोरम (संप्राफो) बाट फुटेर बनेको सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय पार्टी (संप्रापा) ले एक जना प्रभावशाली थारू प्रतिनिधि लक्ष्मण थारूलाई गुमाएको छ। उनी त्यस पार्टीलाई छाडेर पश्चिम तराईमा आफ्नो जनाधार तयार पार्नेतिर लागेका छन्।[६६] बृहत्तर आदिवासी-जनजाति मोर्चा बनाउन खोजिरहेका आन्दोलनकारीहरूका लागि यो ठूलो नोक्सानी हो।

तर लिम्बू, खम्बु र तामाङ समूहहरू भने एकजुट हुने र भावी रणनीति बनाउने तरखरमा लागेका छन्। त्यस सञ्जालमा शान्तिपूर्ण आन्दोलनको पक्षमा रहेका संप्राफो र संप्रापाका कार्यकर्ताका साथै किराँत जनवादी वर्कर्स पार्टी (किजवपा) जस्ता लडाकू समूहका सदस्यहरू पनि रहेका छन्।[६७] सन् २०१० मा भएको धरपकडपछि छरपष्ट भएको र निष्क्रिय मानिएको किजवपाले मार्च २०११ मा उदयपुरको एउटा गाविस भवनमा आगो लगाएर फेरि बौरिन थालेको सङ्केत देखाएको छ।[६८] आफूले चाहेजस्तो सङ्घीयताको मागलाई बल पुऱ्याउनका लागि यस जनजाति सञ्जालले विरोध आन्दोलन गर्ने निर्णय गरेमा अन्त नभए पनि पूर्वी पहाडमा भने त्यसका लागि सुहाउँदो वातावरण बनेको छ र आन्दोलनलाई ठूलै जनसमर्थन पनि मिल्नेछ। धेरै कुरा त्यस्तो आन्दोलनउपर राज्यको प्रतिक्रिया कस्तो हुनेछ, आन्दोलनकारीहरूले कुन उपाय अवलम्बन गर्नेछन् र आन्दोलनकारी नेताहरू कति हदसम्म सम्झौता गर्न तयार हुनेछन् त्यसमा भर पर्नेछ।

## च. परम्परागत राजावादी पार्टीहरू, राजावादीहरू र दक्षिणपन्थी हिन्दूहरू

नेका र एमालेभन्दा बरु माथि उल्लेखित समूहहरूले एनेकपा (माओवादी) को टिकाउपनलाई बुझेका छन् र आफ्नै सङ्गठनात्मक अवस्थाचाहिँ कमजोर रहेको स्वीकारेका छन्।[६९] परम्परागत रूपमा राजावादी रहेका राजनीतिक पात्रहरू अहिले अनुदारवादी बनेका छन्। उनीहरू पनि

---

नभएको र नेपाली सेनाको मापदण्डबमोजिम माओवादी लडाकूहरूको समायोजन र पुनर्स्थापना हुनुपर्ने कुरा पनि अमान्य भएको तथा सैद्धान्तिक रूपमा नयाँ संविधानमा “बहुदलवाद” को अवधारणा राख्न पनि आफू सहमत नभएको ठाडो प्रतिक्रिया दिए।

[६३] पछि सन् २०१० मा भएको सरकार गठनसम्बन्धी वार्ताको समयमा संलोममोले एक मधेस एक प्रदेशको मागलाई सूचीबाट हटायो। विजय गच्छेदारको मजफो (लोकतान्त्रिक) ले उक्त मागलाई प्रस्टसाथ छाडे पनि अरू मधेसवादी पार्टीले भने त्यसो गरेका छैनन्। व्यक्तिगत कुराकानीमा उनीहरू सबै जना तराईमा बस्ने अरू समूहहरूलाई पनि ठाउँ दिन जरुरी छ र त्यसका लागि उत्तरसित सम्बन्ध नराखी सुखै छैन भन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, मार्च २०११।

[६४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी-मार्च २०११। एक जना राजनैतिक विश्लेषक यसो भन्छन्ः “इज्जत पाउनु मात्रै सबै थोक होइन र जातीय राजनीतिको आयु पनि लामो हुँदैन। मधेसीहरू सिमानापारिको बिहारमा भएको प्रगति देख्छन् र उनीहरू आफ्नो पनि आर्थिक उन्नति चाहन्छन्।”

[६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी-मार्च २०११। हेर्नुहोस्, तुलानारायण साह, “मधेसी मोर्चाको गुलामी प्रवृत्ति” *कान्तिपुर,* २२ मार्च २०११।

[६६] ठूला जातीय पार्टीहरू सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय पार्टी (संप्रापा) र सङ्घीय लोकतान्त्रिक राष्टिय फोरम (संलोराफो) बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, पृ. १३-१४।

[६७] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, पृ. १६। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संलोराफो नेता, काठमाडौं, जनवरी २०११।

[६८] “वर्कर्सद्वारा सहकारीमा आगजनी”, *नेपाल समाचारपत्र,* ३ मार्च २०११।

[६९] उदाहरणका लागि, ६ फेब्रुअरी २०१० मा घोषणा गरिएको राष्ट्रिय जनशक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको पुनःएकीकरणलाई निर्वाचन आयोगले औपचारिक मान्यता दिएको छैन। “RPP, RJP unite after five years”, ekantipur.com, ६ फेब्रुअरी २०१०।

राजतन्त्रको पुनरागमन हुनु गाह्रो छ भन्ने मान्छन् र सम्भवतः वाञ्छनीयसमेत नहुने स्वीकार्छन्। उनीहरूका विचारमा नयाँ संविधानबाट माओवादीको स्थिति झनै बलियो हुनेछ र अर्को आमनिर्वाचनमा माओवादीहरूले बहुमत ल्याउनेछन्, त्यसबाट पूरै राज्यका अङ्गहरूमा उनीहरूको नियन्त्रण हुनेछ। माओवादीहरूले वैधानिक तवरमै सत्ता प्राप्त गर्ने हुनाले त्यसलाई टक्कर दिन बृहत्तर "प्रजातान्त्रिक गठबन्धन" खडा गरिनुपर्छ भन्ने दक्षिणपन्थी मान्यता रहेको छ। जिल्लामा कुनै हैसियत नभएका पार्टीहरूले यस्तो विचार राख्नु र नेकाले त्यस्तो गठबन्धनको नेतृत्व गरोस् भन्ने चाहना राख्नु मनको लड्डु घिउसित खानु जस्तै हो।

उग्र दक्षिणपन्थीहरू हिन्दूत्व अथवा हिन्दू राष्ट्रवाद, परम्परागत विशेषाधिकारसहितको राजतन्त्रको पुनःस्थापना, संविधानसभाको विघटन र शान्ति प्रक्रियाको सहमतिमा परेका सङ्घीयता, धर्मनिरपेक्षता र गणतन्त्रजस्ता आधारभूत विषयहरूमा जनमत सङ्ग्रह गरिनुपर्ने माग गरिरहेछन्। उनीहरूका विचारमा सर्वसत्तावादी माओवादीका महत्त्वाकाङ्क्षाको सामना "प्रजातान्त्रिक मोर्चाको भेषमा आउने एकाधिकारवादी शासनले गर्नेछ।"[७०] कट्टर हिन्दूवादी समूहहरू अहिले सानो रूपमा छन् तर आफ्ना सङ्गठनात्मक क्षमतालाई क्रमिक रूपमा बढाउँदै लगेका छन्। आफ्ना हकअधिकारका लागि सचेत हुँदै गएका अल्पसङ्ख्यक समूहहरू राजनीतिक रूपमा माओवादी प्रभुत्वसित लड्न सक्ने अवस्थामा नभएकाले राजावादी र दक्षिणपन्थी हिन्दू समूहहरूले अहिलेको समयलाई प्रतिशोधका लागि उपयुक्त ठानेका छन्।[७१]

## छ. भारत र अन्तर्राष्ट्रिय समुदाय

भारतले माओवादीका सम्बन्धमा लिएको अडानले ठूला चुनौतीहरू बेहोर्नुपरेको छ। वर्तमान सरकारबाट नयाँ दिल्लीका धेरैलाई खसखस भएको छ। उनीहरू भारतले साह्रै मन नपराउने मधेसी राजनीतिज्ञ उपेन्द्र यादवको मधेसी जनअधिकार फोरम (नेपाल) समाविष्ट यस सरकारलाई 'वाम सशक्तिकरण" को स्वरूप ठान्छन्। यस गठबन्धनले संविधानको अधिकांश खण्डको घोषणा गर्ने र संविधानसभाको म्याद थप्ने काममा सफलता पाएमा त्यो भारतीय संस्थापनाको एउटा हिस्साका लागि पचाउन गाह्रो कुरा हुनेछ। नयाँ दिल्लीले देखादेखी नेपाली राजनीतिका झिनामसिना कुरालाई समेत व्यवस्थापन गर्ने अहिलेको आफ्नो नीतिले पारेको असरलाई मूल्याङ्कन गर्ने बेला आएको छ। उसको यस नीतिले गर्दा नै माओवादीभित्र उग्र राष्ट्रवादी भारत विरोधी भावनाले जोड पाएको छ र उग्र दक्षिणपन्थी हौसिएका छन् भने चीनले हरेक क्षेत्रमा आफ्नो प्रभाव बढाउने मौका पाएको छ। नयाँ दिल्लीको दृष्टिमा माओवादीहरूकै कारणबाट नेपालमा बेइजिङको प्रभाव बढिरहेको छ र त्यसो हुनु भारतका लागि खतरा हो। यस्तो दृष्टिकोण आफ्नै चित्त बुझाउने जोखना हुन सक्छ। माओवादीहरूलाई ठेलेर कुनामा पुऱ्याएपछि उनीहरूले कसै न कसैको आड खोज्नु स्वाभाविक हो। फेरि चीनलाई रिझाउन खोज्नेमा माओवादीहरू मात्र एक्ला छैनन्।[७२]

यदि नयाँ दिल्लीले जुनसुकै तरिकाले भए पनि माओवादीहरूलाई अलग्याउने आफ्नो नीतिलाई कायम राख्ने हो भने त्यसको एउटै तार्किक निष्कर्ष हुन्छ संविधानसभाको विघटन र कुनै निर्वाचन हुनुअघि सम्भवतः राष्ट्रपतिको शासन।[७३] तर त्यसो हुनाका लागि धेरै कारक तत्त्वहरूको

[७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, फेब्रुअरी २०१०।

[७१] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित। उदाहरणका लागि, नेपाल डिफेन्स आर्मीमा एकै जनाको खेल देखिन्छ। त्यसो त मार्च २०११ मा विस्फोटक पदार्थहरूका साथमा केही मानिसहरू समातिएका थिए। नेपाल डिफेन्स आर्मीका नेता सन् २००९ मा राजधानीको सबैभन्दा पुरानो चर्चमा विस्फोटन गराएकोमा अहिले काठमाडौंको झ्यालखानामा छन्। त्यस घटनामा तीन जनाको ज्यान गएको थियो। तर हालसाल पक्राउ परेका मानिसहरूले प्रहरीलाई दिएका बयानमा आफ्नो मकसद चन्दा असुल्नु र अस्थिरता सिर्जना गर्नु रहेको बताएका छन्। "राजधानीमा डिफेन्स आर्मीका हर्ताकर्ता पक्राउ", *अन्नपूर्ण पोष्ट,* ५ मार्च २०११। हिंसालाई बढावा नदिने हिन्दू स्वयंसेवक सङ्घ जस्ता वैधानिक समूहहरू पनि यहाँ छन्। त्यस समूहका नेताको भनाइमा "जतिन्जेल नेपाल बहुसङ्ख्यक हिन्दू राज्य रहिरहन्छ त्यतिन्जेल धार्मिक अल्पसङ्ख्यकहरूलाई कुनै खतरा हुने छैन। हामी उनीहरूलाई धर्म परिवर्तन नगरून् भन्ने मात्रै चाहन्छौं।" अमिशराज मुल्मी र प्रणव खरेल, "A saffron wave", *The Kathmandu Post*, ५ मार्च २०११। रूढिवादी हिन्दूहरू माओवादीहरूसित पुरानो चलन उल्टिनेछ भनेर मात्र धर्मनिरपेक्षताबाट डराएका होइनन्, उनीहरू डराउने कारण चर्चहरूको सङ्ख्या र विदेशी इसाई समूहहरूको गतिविधि बढ्नु पनि हो। जून २०११ हुन लागेको जनगणनामा हिन्दूका रूपमा आफूलाई चिनाउने नेपालीहरूको सङ्ख्या घटेको देखिन सक्छ। हुन त केही नेपालीहरूले आफ्नो पहिचानमा बौद्धमार्गी वा प्रकृति पूजक भनेर लेखाउन पनि सक्लान्, तैपनि इसाईहरूको सङ्ख्या बढेको पाइन सक्छ। बाइबलको प्रचारमा हिँड्नेहरू उनीहरूको लक्ष्य दलितहरू नभएको बताउँछन्। आजभोलि गरिब बौद्धमार्गीहरू पनि इसाई बन्न त्यत्तिकै इच्छुक पाइन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अक्टोबर २०१० र फेब्रुअरी २०११।

[७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ दिल्ली, काठमाडौं, फेब्रुअरी, मार्च २०११। हेर्नुहोस् प्रशान्त झा, "Re-engagement", *Nepali Times*, ११-१८ मार्च २०११। सन् २००५ मा राजा ज्ञानेन्द्रले सत्ता लिएको बेला उनी काठमाडौंमा रहेको तिब्बतीहरूको निर्वासित सरकारको कार्यालय बन्द गर्न राजी भएका थिए। त्यस बेलादेखि यता बनेका नेपालको प्रत्येक सरकारले चिनिया सुरक्षा बललाई सीमा नियन्त्रणमा कडाइ गर्न दिएको छ। अवैध तवरले सिमाना पार गरेर आउने तिब्बती शरणार्थीहरूलाई बिनारोकटोक प्रवेश दिने दशकौं पुरानो नेपालको नीति रहँदै आएको भए तापनि त्यस्ताहरूलाई समातेर फर्काउन थालिएको छ। त्यसको बदलामा नेपालले पाउने सहयोग र ऋण अनुदान बढ्ने गरेको छ। मार्च २०११ मा चिनियाँ जनमुक्ति सेना (जमुसे) का प्रमुखले नेपालको अहिलेसम्मकै पहिलो भ्रमण गरेका थिए। त्यस भ्रमणले नयाँ दिल्लीको कन्सिरी तताएको हुनुपर्छ। उक्त भ्रमणका दौरानमा जनरल चेन बिङ्देले चिनियाँ जमुरो सेनाका तर्फबाट नेपाली सेनालाई सोझै १ करोड ७० लाख अमेरिकी डलर सहयोग गर्ने वचन दिए। पहिलादेखि नेपालले चीनबाट पाउने वार्षिक सैन्य सहयोग १० लाख अमेरिकी डलरदेखि १ करोड ३० लाख अमेरिकी डलरसम्म रहने गरेको छ। त्यसो त भारतीय सहयोग त्यसभन्दा ठूलो रहँदै आएको छ। डिसेम्बर २००९ मा नेपालका सेना प्रमुख छत्रमानसिंह गुरुङले भारतको भ्रमण गर्दा नेपाली सेनाले भारतबाट झन्डै ५ करोड ५० लाख अमेरिकी डलरको सहयोगको वचन पाएको थियो। सरोजराज अधिकारी "सैन्य सहयोगको होडबाजी", *कान्तिपुर,* २६ मार्च २०११। चीन र उसको जनमुक्ति सेनाप्रति नेपाली सेनाले खुलापन देखाउने औचित्यबारे थप जानकारीका लागि हेर्नुहोस् प्रदीप पीएम मल्ल, "China's Emphasis on Pancha Sheel", *People's Review*, ३१ मार्च-८ अप्रिल २०११।

[७३] काइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ दिल्ली, काठमाडौं, फेब्रुअरी, मार्च २०११।

समागम हुनु जरुरी छ, जस्तै सत्तामा रहेका पार्टीहरूमा विभाजन र कैयन् राजनीतिक पात्रहरूबाट नयाँ संविधान बनाउने मागको परित्याग। नेपालका राजनीतिक पात्रहरूले एनेकपा (माओवादी) बाट चाहेका कुरा प्राप्त गर्न यो हतकण्डा अपनाएको खण्डमा उनीहरूमा त्यसबाट निस्कने परिणामलाई नियन्त्रण गर्न सक्ने विश्वास पनि हुनुपर्छ। उदाहरणार्थ, त्यसपछि हुने आमनिर्वाचनमा पनि माओवादीले ल्याउने परिणाम त्यति नराम्रो नहोला।

नयाँ दिल्लीमा अहिलेसम्मको अडानको पक्षमा माओवादीले भारतको रणनीतिक स्वार्थको वास्ता नगरेको वा बेइजिङतिर लहसिएर भारत र नेपालको परम्परागत सम्बन्धलाई बिगार्न खोजेको भन्ने तर्क दिनुको सट्टा नेपालले यति दुःखले आर्जेको प्रजातन्त्रमा माओवादीको तर्फबाट गम्भीर खतरा छ भन्ने तर्कलाई अघि सार्ने काम हुँदैछ। यस अर्थमा भारत काठमाडौंमा जोसुकै सत्तामा आए पनि र त्यो भारतका लागि जतिसुकै अप्रिय भए पनि भारत त्यस्तो सत्तासित काम गर्न राजी छ, तर प्रजातन्त्रको प्रतिरक्षाका लागि भने हरसम्भव गर्न तयार रहनेछ।[७४]

एमाले-माओवादी-मजफो (नेपाल) को गठबन्धनले भारतलाई (र चीन र अन्य अन्तर्राष्ट्रिय पात्रहरूलाई समेत) के कुराको समयानुकूल सन्देश दिएको छ भने दुई देशबीचको सम्बन्धमा भारतकै कुरा बिक्दै आएको भए पनि उसको प्रभाव पनि सधैं एकनास रहँदैन र तल-माथि हुन सक्छ तथा नेपाली पात्रहरूको व्यवहारले यसमा फरक पार्न सक्छ।[७५] भारत अहिले सुरक्षा परिषद्मा छ र नेपाल अझै सुरक्षा परिषद्को एजेन्डामा छ। भारतीय कूटनीतिज्ञहरूले "छरछिमेकको अप्ठेरो परिस्थिति" लाई[७६] भारतले सल्टयाउन सक्ने दाबी गरे पनि नेपालप्रतिको आफ्नो व्यवहारबारे नयाँ दिल्लीको भनाइलाई चुनौती दिन सकिन्छ।[७७] तसर्थ भारतले आफ्नो अडानलाई अध्यावधिक गर्नु जरुरी छ, त्यसो नगरेमा नेपालउपर रहँदै आएको ऐतिहासिक प्रभाव क्षय हुने खतरा बेहोर्नुपर्नेछ।[७८]

बाँकी अन्तर्राष्ट्रिय समुदायले नेपाली पात्रहरूलाई नै विकास र राजनीतिक एजेन्डा तय गर्न दिनु, बृहत् शान्ति सम्झौतामा उल्लेख भएका संस्थाहरूमा सुधार ल्याउन देखाएको प्रतिबद्धतामा चासो देखाउनु र नेपालको शान्ति प्रक्रिया भनेको समायोजन र नयाँ संविधानको घोषणा मात्र होइन त्यसभन्दा पर्तिर पनि केही हो भन्ने सम्झनु उत्तम हुनेछ।[७९] दातृ संस्थाहरूले आफ्नो कार्यविधिको समीक्षा गर्नुपर्छ र आफूले पहिलेदेखि गरिआएको काम ठीक छ छैन त्यसको पनि विश्लेषण गर्नुपर्छ। त्यसो गर्दा आफूले दिन चाहेको सहयोग रकम सरकारी निकायहरूले उपयोग गर्न सक्ने नसक्ने पनि दातृ समुदायले हेर्नुपर्ने हुन्छ र अस्पष्ट तथा अनुगमन गर्न नसकिने पूर्वसर्तहरू राख्ने काम पनि गर्नु हुँदैन।[८०]

## ४. शान्ति प्रक्रियाका अन्य प्रतिबद्धताहरू

बृहत् शान्ति सम्झौता र तत्सम्बन्धी अन्य सम्झौताहरू सीमित रूपमा मात्रै लागू भएका छन् र नेपाली राज्यले सुकुम्बासीहरूका सङ्गठनदेखि लिएर ठूला जातीय समूहहरू एवं सशस्त्र समूहहरू समेतसित

[७४] यस कुराले परस्परमा नमिल्ने तर माओवादी र राजनीतिक क्षेत्रमा आउने विविध परिवर्तनको सम्भावनावाट तर्सेका धेरै नेपाली खेलाडीहरू जस्तै, नेका, मजफो (नेपाल) बाहेकका अन्य मधेसी पार्टीहरू, राजावादी, नेपाली सेनालाई एकआपसमा मिलाउँछ।

[७५] त्यसमाथि पनि खासखास पार्टीहरूमा र राजकीय संस्थाहरूमा समेत नयाँ दिल्लीका आफ्ना मान्छेहरू छन्। तर भारतको विरोध गर्नेमा कम्युनिस्टहरू र दक्षिणपन्थी नेपाली राष्ट्रवादीहरू मात्र होइनन्। त्यसमा सन् १९६० को दशकताका राजा महेन्द्रको शासनकालमा प्रोत्साहित गरिएको राज्य समर्थित राष्ट्रवादको बुझाइ र नेपाली राजनीतिमाथि भारतको खुला संलग्नताउपरको प्रतिक्रियाले पनि काम गरेको छ।

[७६] यस कुरालाई विशेषतः नेपालका माओवादीहरूको सन्दर्भमा समेत उल्लेख गरिएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, फेब्रुअरी, मार्च २०११।

[७७] अनमिनलाई निकाला गर्ने र बृहत् शान्ति सम्झौता एवं हतियार तथा सेना व्यवस्थापन अनुगमनबारेको सम्झौताउपर भइरहेको प्रहारलाई सघाउने भारतको प्रयासले अन्तर्राष्ट्रिय समर्थन पाउनुमा अनमिनले माओवादीलाई संरक्षण दिएर यथास्थितिलाई कायम राख्दै शान्ति प्रक्रियामा बाधा उत्पन्न गरेको भन्ने संदिग्ध धारणाले काम गरेको थियो। शान्ति प्रक्रियाले गति नपाउने कारण संयुक्त राष्ट्रसङ्घको एउटा सानो राजनीतिक मिसन र त्यसका निरशस्त्र अनुगमनकर्ताहरूले माओवादीहरूलाई उचालेकोले नभई सबभन्दा ठूलो पार्टीलाई सरकारमा सामेल नगराउनु थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं र नयाँ दिल्ली, जनवरी-फेब्रुअरी, २०११।

[७८] उदाहरणका लागि, खनाल प्रधानमन्त्री निर्वाचित भएलगत्तै भारतको भ्रमण गरी त्यहाँ उच्च तहमा छलफल गर्ने वरिष्ठ नेपाली नेताहरूमा पहिलो एउटा सानो पार्टी राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा थिए। हुन त, पहिले राजावादी धारमा रहेका थापा नेपालका पाका प्रजातान्त्रिक नेता हुन् तर नेपालमा अहिले प्रजातान्त्रिक गठबन्धन बनाउन सक्ने उनको हैसियत भने छैन।

[७९] बृहत् शान्ति सम्झौता भएको चार वर्षपछि जनवरी २०११ मा संयुक्त राष्ट्रसङ्घ र युरोपियन युनियनलगायतका प्रमुख दातृ निकायहरूद्वारा जारी गरिएको "शान्ति र विकास रणनीति" ले बृहत् शान्ति सम्झौतालाई आफ्नो आधार बनाएको छ र दातृ निकायहरूले खर्च गर्दा बढी पारदर्शिता अपनाउनुपर्नेमा जोड दिएकोछ। मुकुल हुमागाईं, "Donors unveil new development strategy", १३ जनवरी २०११। यो नीति तयार पार्नलाई एक वर्षभन्दा बढी समय लागेको थियो र त्यस क्रममा भएको मतमतान्तरका कारण एउटा ठूलो दातृ संस्था छलफल प्रक्रियाबाट अलग भएको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ दिल्ली, काठमाडौं, फेब्रुअरी २०११।

[८०] मन्त्रालयहरूले आफूसित वार्षिक बजेट खर्च गर्ने क्षमता नभएको कुरा सधैं बताउँदै आएका छन्। नोभेम्बर २०१० मा प्रमुख बहुराष्ट्रिय र दुईदेशीय दातृ संस्थाहरूले नेपाल सरकारलाई एउटा पत्र लेखेर शान्ति प्रक्रियामा भएको सुस्त गति, राजनीतिक गतिरोध र नेतृत्वको अभावजस्ता कुराले नेपालका लागि साधनस्रोत परिचालन गर्न अप्ठेरो परिरहेको उल्लेख गरेका थिए। "Donor concerns", *Nepali Times*, २४ नोभेम्बर २०१०। मार्च २०११ मा संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) ले सन् २०१०-११ मा नेपाललाई दिइएको ५ करोड ७० पाउण्डको सहयोगलाई बढाएर मार्च २०१४-१५ सम्ममा १० करोड ३० लाख पाउण्ड पुऱ्याउने घोषणा गऱ्यो। मार्च २०११ मा नै अमेरिकी सहयोग संस्था युएसएडले नयाँ नेपाल आर्थिक कृषि तथा सहयोग कार्यक्रमअन्तर्गत ३ करोड अमेरिकी डलर दिने घोषणा गऱ्यो।

अहिलेसम्ममा २४ ओटा सम्झौताहरू गरेको छ।[८१] तिनमा उल्लेख भएका धेरैजसो प्रतिबद्धताहरू नयाँ संविधान र राज्य पुनर्संरचनाबाट पूरा हुने छन्, तर त्यस्तो फराकिलो सुधार गर्नेतर्फको समग्र प्रयासले गति भने पाएको छैन। समावेशीकरण सम्बन्धमा पारित भइसकेको कानुनसमेत राम्रोसित लागू हुन सकेको छैन। शान्ति प्रक्रियाबाट तुरुन्तै मिल्ने फाइदा भनेको दरिलो राज्य सञ्चालन हो, तर त्यो विश्वास जगाउने खालको छैन। राजनीतिक र प्रशासनिक भ्रष्टाचार व्याप्त छ, अर्थ व्यवस्था खोच्याउँदै छ र पूर्वाधारहरू भत्कँदै छन्। यी क्षेत्रमा तुरुन्तै सुधार हुने आशा राख्नु व्यर्थ छ, तर तिनलाई छलफलको विषय भने अवश्य बनाउनु सकिन्छ। सुरक्षा क्षेत्रमा अनुभूत गर्न सकिने खालको सुधार गर्नलाई प्राथमिकता दिइनुपर्छ।

## क. नेपाली सेनाको प्रजातान्त्रिकरण

नेपाली सेना सुधारको कुनै पनि प्रयासलाई रोक्न चाहन्छ। सन् २००६ देखि नेपाली सेनाको नियन्त्रण राजाको हातबाट राष्ट्रपतिमा सरेको छ, तर अरू थोक जस्ताको तस्तै छन्। नेपाली सेनाका हिमायतीहरूका तर्कमा सेनाको संस्थालाई "राजनीतिकरण" गरिनु हुँदैन, यो संस्था सबभन्दा सुगठित, जिम्मेवार, राष्ट्रवादी, एकताबद्ध एवं नेपालको प्रतिनिधिमूलक निकाय हो र यसउपर अनाहकमा लान्छना लगाउने गरिन्छ। यसको आलोचना गर्नु र यसमा सुधार ल्याउन खोज्नु राष्ट्र विरोधी काम हो।[८२]

तर पोहोर साल मात्रै प्रधान सेनापतिले राजनीतिज्ञहरूका अनुनय-विनयमा (राजनीतिज्ञहरूले आफूले त्यो काम नगरेको बताए) अनमिनलाई नेपालबाट धपाउन दौडधुप गरेका थिए। त्यसले गर्दा उनको र पहिलेका रक्षामन्त्रीको सम्बन्ध बिग्रेको थियो। सेनाका अधिकृतहरूको एक समूहले सैनिक मर्यादा तोडेर पदोन्नतिबारे प्रधानमन्त्रीकहाँ सोझै गई गुनासो गऱ्यो। काठमाडौं र नयाँ दिल्लीमा वर्तमान सेनाध्यक्षको उत्तराधिकारी को हुने भनेर अहिलेदेखि नै भनसुन चल्न थालिसकेको छ। सेना पनि संरक्षणवाद र पहिचानको राजनीतिबाट अछुतो नरहेबाट त्यसभित्र असन्तुष्टि रहेको बताइन्छ।[८३]

सेनाभित्रको यस राजनीतिको सुरूवात राजनीतिक नेताहरूले कसै कसैलाई काखी च्याप्नाले र संस्थागत समर्थन पाउने मनसायले सेनाका केही व्यक्तिहरूप्रति भर पर्नाले हुन गएको हो।[८४] तर यी सबै कुराहरूले गर्दा नेपाली सेनाको अहमत्याईलाई बुझ्न सकिन्छ। नेपाली सेनाको आफ्नै संसार छ, त्यहाँ गुटबन्दी छ, राजनीतिक भनसुन चल्छ र त्यहाँभित्र पारदर्शीताको त कुरै नगरे हुन्छ।[८५]

वित्तीय पारदर्शिता नेपाली सेनामा सुधार ल्याउने सन्दर्भमा अत्यन्त संवेदनशील पक्ष हो। सैनिक कल्याणकारी कोषलाई पारदर्शी बनाउने केही प्रयासहरू नभएका होइनन्। तर त्यस कोषको सुपरीवेक्षण गर्ने महालेखा परीक्षकको कार्यालयले जनवरी २०११ मा त्यो कोष पारदर्शी नभएको र त्यसको सञ्चालन सेना कल्याणकारी नियमावलीबमोजिम नभएको बताएको थियो।[८६] सेनाले गर्ने खरिद र शान्ति सेनाबाट हुने

---

[८१] यसमा बृहत् शान्ति सम्झौता र हतियार तथा सेनासम्बन्धी सम्झौता गरिएदेखि यता राजनीतिक पार्टीहरूबीच भएका आधा दर्जनभन्दा बढी दुईदेशीय र बहुराष्ट्रिय सम्झौताहरू परेका छैनन्।

[८२] उदाहरणका लागि हेर्नुहोस्, त्रैलोक्यराज अर्याल, "Challenges ahead for Nepal Army", *Republica*, २ मार्च २०११।

[८३] नेपाली सेनाका अवकाशप्राप्त केही वरिष्ठ अधिकृतहरूसँगको निजी भेटमा उनीहरूले बताएअनुसार प्रधानसेनापनि गुरुङ आफूलाई अघि बढाउन राजनीतिको प्रयोग गर्ने पहिलो व्यक्ति होइनन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०११। रक्षामन्त्री र सेना प्रमुखबीचको असहमतिका सम्बन्धमा हेर्नुहोस्, विकास केसी, "Defence Minister sits on CoAS' reshuffle bid", *Republica*, ९ जनवरी २०११। जातीय असन्तुष्टि र तनावहरूका सम्बन्धमा हेर्नुहोस्, "ब्यारेकभित्र सैनिक विद्रोह", *जनआस्था,* ३० मार्च २०११ र क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित, पादटिप्पणी २८७।

[८४] सेप्टेम्बर २००९ मा रक्षामन्त्री विद्या भण्डारीले नेपाली सेनाको पक्षमा सार्वजनिक रूपमा बोल्दै पदपूर्तिका लागि भर्ना लिइनुपर्ने (सर्वोच्च अदालतको अन्तरिम आदेशको बर्खिलाफ गरेर) र हातहतियार र गोलीगठ्ठा खरिदको प्रक्रियालाई अगाडि बढाउन बृहत् शान्ति सम्झौता र हतियार तथा सेना व्यवस्थापनको अनुगमन सम्झौतामा संशोधन गरिनुपर्छ भनिन्। उनले यति बोल्न थालिन् कि उनकै पार्टी र मन्त्रिपरिषद्का सदस्यहरूले उनका भनाइसँग सरोकार नभएको भनेर पन्छिनुपर्ने भयो र जनवरी २०११ मा मन्त्रिपरिषद्ले उनका धारणाहरू आधिकारिक नभएको भनी बताउनुपऱ्यो। नेपाली सेना र माधव नेपालको सरकारमा रहेको व्यक्तिगत र समूहगत पक्ष-विपक्ष तथा सेनामाथि नागरिक नियन्त्रणप्रतिको अवज्ञा सन् २०१० को अन्त्यतिर टड्कारो रूपमा देखियो जुन बेला वरिष्ठ अधिकृतहरूको पदोन्नति र सरुवा तथा पाँच जना उपरथिहरूको विभागीय जिम्मेवारी हेरफेर गर्नुपर्ने गुरुङको प्रस्तावमाथि मन्त्री विद्या भण्डारी र प्रधान सेनापति छत्रमान गुरुङबीच मतभेद भयो। "NA defers transfer of brass", ekantipur.com, १४ नोभेम्बर २०१०; "Defence minister sits on CoAS' reshuffle bid", myrepublica.com, ९ जनवरी २०११।

[८५] नेपाली सेनाभित्रको पक्षपात र राजनीतिका सम्बन्धमा हेर्नुहोस् "उपरथि गौरव शमशेर राणालाई खुलापत्र" *साँघु,* २१ मार्च २०११। द्वन्द्वताका नेपाली सेनाका विवादास्पद प्राथमिकताहरूका सम्बन्धमा हेर्नुहोस् रणध्वज लिम्बू, "Lessons of war - I", *The Kathmandu Post*, २३ फेब्रुअरी २००९ र रणध्वज लिम्बू, "Lessons of war - II", *The Kathmandu Post*, २४ फेब्रुअरी २००९। नेपाली सेनामा राजनीतिकरण भयो र पदोन्नतिसम्बन्धी नियम-कानुन मिच्ने काम भयो भन्दै ब्रिगेडियर लिम्बू र दिलीप रायमाझीले आफ्नो पदबाट मार्च २००९ मा राजीनामा दिएका थिए। हुर्नुहोस् "सेनामा राजनीति" *साँघु,* २६ मार्च २००७। कसैको भनाइमा नेपाली सेना शान्ति प्रक्रिया सुरु हुनुभन्दा अगाडिको तुलनामा अहिले बढ्तै स्वायत्त छ। दीपक ज्ञवाली, "What "dramatic political gains", Ms Landgren?!" २५ मार्च २०११।

[८६] विकास केसी, "Irregularities dog NA Welfare Fund", *Republica*, १९ जनवरी २०११। उदाहरणका लागि, सन् २००९-२०१० मा सेना कल्याणकारी कोषले रु.७४ करोड ६७ लाख कमायो र रु.१ अर्ब २४ करोड खर्च गऱ्यो। यद्यपि ब्याजबाट भएको आम्दानीभन्दा धेरै खर्च गर्ने अनुमति थिएन। कोषमा करिब रु.१६ अर्ब मौज्दात छ। "कल्याणकारी दर्पण", नेपाली सेना कल्याणकारी कार्ययोजना विभाग, २०१०। आर्थिक वर्ष २०१०-२०११ मा ब्याजबाट रु.९३ करोड कमाइ हुने प्रक्षेपण गरिएको थियो। "सेनाको ब्याजै अर्ब नाघ्यो", *कान्तिपुर,* ८ अगस्ट २०१०। नेपाली सेनाका अधिकारीहरूको हवाला दिँदै उक्त कोषमा रु.४८ करोडभन्दा बढी रुपियाँ डुब्न लागेका बैङ्कहरूमा राखिएको समाचारहरू हालै प्रकाशमा आएका छन्। "NA millions caught in BFI cleft stick", २९ जनवरी २०११।

आम्दानी तथा खर्चबारे बाहिरबाट निगरानी हुन सक्तैन, किनभने रक्षा मन्त्रालय अत्यन्त कमजोर छ।[८७]

नेपाली सेनाको प्रजातान्त्रिकरण गर्ने पछिल्लो सरकारको बृहत् कार्ययोजनालाई आउने परिवर्तनको द्योतकका रूपमा लिन हुँदैन, वास्तवमा भन्ने हो भने त्यस कार्ययोजनालाई सरकारले पुनःपरीक्षण गर्नुपर्छ।[८८] त्यो दस्तावेज न बृहत् छ न त त्यसलाई कार्ययोजना नै भन्न सकिन्छ। त्यसलाई बरु रणनीतिक योजना भने हुन्छ। त्यस कार्ययोजनाको निर्माणमा नेपाली सेनाको पनि हात रहेको बुझिएको छ र नभन्दै त्यसमा नेपाली सेनाको भविष्यबारे विस्तारसित उल्लेख गरिएको छ र स्वायत्त अधिकार भएको सेनाले माओवादीहरू विरुद्ध अग्रदस्ताका रूपमा काम गर्नेछ भनी त्यसमा औंल्याइएको छ।[८९] त्यसमा प्रजातान्त्रिकरणचाहिँ "साधन-स्रोत सीमित हुँदाहुँदै पनि" गरिनुपर्ने कुरा हो भनिएको छ। दण्डहीनताका अनेकन् आरोपहरूबारे तथा "प्रजातान्त्रिकरण" को गाँठी कुरा मानिने गैरसैनिक नियन्त्रण बढाइनुपर्छ भन्ने तर्कका बारेमा त्यसमा कुनै उल्लेख छैन।[९०]

त्यसमा तालिम र अन्य बरबन्दोबस्तीबारे संसदीय सुपरीवेक्षणलाई स्वीकारिएको छ, तर सैन्य सञ्चालन र सैनिक रणनीतिलाई भने गोपनीय विषय मानिएको छ, जुन कुरा प्रजातान्त्रिक तवरले नियन्त्रण गरिएको सैन्य बलमा निर्णय प्रक्रियाको जिम्मेवारी वहन गर्नुपर्ने र सूचना आदान-प्रदान गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता विपरीत छ। सैनिक अदालतलाई सुधार गरिनुपर्ने कुरा पनि त्यसमा उल्लेख छैन, न त अनुसन्धानका गैरसैनिक निकाय र न्यायपालिकाका निकायहरूसित सम्बन्ध राखिनुपर्ने आवश्यकताबारे नै चर्चा छ। पारदर्शिता चाहिने कैयन् विषयहरूमा जम्मा एउटा धारा राखेरै सबैलाई लतपत पार्ने काम गरिएको छ।[९१] नेपाली सेनाको सुधारमा निकै महत्त्वको मानिएको समावेशीकरण विषयमा केवल ऐतिहासिक रूपमा सीमान्तीकृत समूहहरूको प्रवेशलाई "कानुनद्वारा सुनिश्चित गरिनेछ" भनिएको छ, तर त्यस सम्बन्धमा चालिने सकारात्मक पाइलाहरू के हुन् तिनको भने उल्लेख त्यसमा परेको छैन।[९२]

त्यसै समितिले तयार पारेको प्रजातान्त्रिकरणको योजनाको र राष्ट्रिय सुरक्षा नीतिबारेको मस्यौदामा रक्षा मन्त्रालयमा गरिनुपर्ने आमूल सुधारजस्तो गम्भीर र तात्त्विक विषयलाई सम्बोधन गरिएकै छैन।[९३] सुरक्षा नीतिबारेको दस्तावेज त झनै प्रेरणा जगाउने खालको छैन। "सामाजिक-आर्थिक चुनौतीहरू" (जसअन्तर्गत नागरिक आन्दोलन र पहिचानबारे उठ्ने आन्दोलन पर्न सक्छन्) को सन्दर्भ कोट्याएर "ध्वंसात्मक गतिविधि (रोक्ने)" जस्ता कुनै पनि कार्य र अवस्थामा नेपाली सेनालाई प्रयोग गर्न सकिने कुरालाई भने विस्तारसित उल्लेख गरिएको छ।[९४] नेपाली सेनाको आकारलाई कसरी धान्न सकिने, परिस्थिति सुहाउँदो र उपयुक्त बनाउन सकिन्छ त्यसबारे पनि कुनै व्याख्या त्यसमा परेको छैन र सन् २००१ मा विद्रोहको प्रतिकार गर्न खडा गरिएको सशस्त्र प्रहरी बलको भविष्यबारे पनि केही उल्लेख छैन, जुन सशस्त्र प्रहरी बलको आकार बढेर ३० हजार पुगेको छ जुन सङ्ख्या त्यो खडा गरिँदाको आकारभन्दा दोब्बर हो।[९५]

## ख. राज्य सञ्चालन

राज्य पुनर्संरचनाको विषय आफैमा जटिल छ, तथापि अहिलेको खाँचो भनेको यस सम्बन्धमा बनिसकेको सहमतिलाई लागू गराउनु र स्थानीय निकायहरूको पुनःस्थापना गराउनु हो। हुन त स्थानीय निकायहरू पनि राज्यका अन्य संरचनाहरूझैं प्रशासनिक र राजनीतिक भ्रष्टाचारबाट अछुतो छैनन्, तैपनि सङ्क्रमणकालीन राजनीति र खेलमेलले स्थानीय निकायहरूलाई बढ्तै चोट पुऱ्याएको छ। स्थानीय निकायहरूको पछिल्लो

---

[८७] रक्षा मन्त्रालयको हैसियत पोष्ट बक्स (पत्र मञ्जुषा) भन्दा बढी कहिल्यै रहेन। यद्यपि हालैका वर्षहरूमा त्यसलाई सशक्त बनाउन केही अन्तर्राष्ट्रिय सहयोग मिलेको छ।

[८८] उदाहरणका लागि हेर्नुहोस् "Govt floats plan to democratise army", The Himalayan Times online, ६ जनवरी २०११ र 'Army democratisation plan hits rough weather", *The Kathmandu Post*, २ मार्च २०११।

[८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, फेब्रुअरी २०११।

[९०] नेपाली सेनाका लोकतान्त्रिकरणका लागि विस्तृत कार्ययोजना, २ अगस्ट २०१०।

[९१] "मुख्यतः शक्ति विकेन्द्रीकरणको आधारमा सरकारप्रति जवाफदेही, स्पष्ट कार्यदिश, भूमिका र जिम्मेवारी; कल्याणकारी कोषको आम्दानी र खर्च, अवकाश, पदोन्नति, सरुवा, तालिम, सेमिनार र शान्ति सेनाको छनोट सम्बन्धमा पारदर्शी र जवाफदेही भएर काम गर्ने संस्कार सुनिश्चित गर्ने।" "कार्ययोजनाका प्रमुख प्राथमिकताहरू", ऐ.ऐ.।

[९२] ऐ.ऐ.। समावेशीकरणबारे नेपाली सेनाको अडान स्पष्ट छः "भर्ना प्रतिस्पर्धात्मक हुन्छ र यो स्वेच्छिक हुन्छ। तसर्थ मुलुकमा विभिन्न सामाजिक समूहका जनसङ्ख्याको अनुपातमा उनीहरूलाई सेनामा भर्ना हुन लगाउनाले सेनामा भर्ना हुन नचाहने नागरिकहरूको अधिकारको हनन हुन जान्छ र अर्कातिर सेनामा सेवा गर्न चाहने योग्य व्यक्तिहरू भर्ना हुनबाट वञ्चित हुन्छन्। "विभिन्न मधेसी जात समूहको अनुपात कुल जनसङ्ख्याको १४.२५ प्रतिशत हुन आउँछ ... तर उनीहरूको केवल ६.२६ प्रतिशतले अहिले सेनामा सेवा गरिरहेका छन्। सेनामा उनीहरूको कम उपस्थिति हुने कारण सैनिक सेवाप्रति मधेसी समुदायहरूको रुचि कम रहेको देखिन्छ। ब्रिटिस र भारतीय गोर्खा पल्टनहरूमा मधेसीहरूको प्रतिनिधित्व ठ्याम्मै छैन।" www.nepalarmy.mil.np/inclusiveness.php? मा उपलब्ध छ।

[९३] त्यस समितिमा रक्षामन्त्री विद्यादेवी भण्डारी, गृह मन्त्री भीम रावल, न्याय तथा कानुन मन्त्री प्रेमबहादुर सिंह, सङ्घीय तथा संसदीय मामिला एवं संस्कृति मन्त्री मिनेन्द्र रिजाल, विना विभागीय मन्त्री लक्ष्मणलाल कर्ण र रक्षा मन्त्रालयका सचिव र मुख्य सचिवसमेत थिए।

[९४] "सामाजिक आर्थिक चुनौतिहरू र हाँकहरू" मा तलका कुराहरू पर्छन्: विभिन्न समुदायबीच बढ्ने द्वन्द्व र सामाजिक सद्भावमा आउने खलबल, आर्थिक असमानता, जातीयता (पहिचानसित सम्बन्धित) र क्षेत्रीयता, प्राकृतिक साधनस्रोतहरूको बाँडफाँड र उपयोग, धार्मिक उग्रवाद। प्रहरीले आन्तरिक सुरक्षा व्यवस्था कायम गर्न नसकेको स्थितिमा नेपाली सेनालाई परिचालन गर्न सकिन्छ, जस्तो विध्वंसात्मक क्रियाकलापहरू रोक्न, राष्ट्र हित विपरीत गतिविधिहरू हुन नदिन, आतङ्कवादी गतिविधिहरू रोक्न र "विद्रोहहरू दबाउन"। राष्ट्रिय सुरक्षा नीति २०६७।

[९५] "सशस्त्र प्रहरी दिवस विशेष प्रकाशन", सशस्त्र प्रहरी बलको मुख्यालय, ३ नोभेम्बर २०१०, पृ. ९५।

चुनाव सन् १९९८ मा सम्पन्न भएको थियो।[९६] अहिले सबै स्थानीय निकायहरूको प्रमुखमा सरकारी कर्मचारीहरू छन् त तिनैले स्थानीय निकायहरू चलाइरहेछन्। ती सरकारी कर्मचारीहरूसित स्थानीय राजनीतिको माखेसाङ्लोलाई तोड्ने न त जाँगर छ न क्षमता नै। त्यसको अर्थ हो तिनीहरूको अध्यक्षतामा गठित सर्वदलीय संयन्त्रलाई स्थानीय बजेट रकमबिना कुनै जवाफदेही सबै पार्टीहरू मिलेर बाँडचुँड गर्ने भाँडो बनाउनु मात्रै हो। सङ्घीय संरचनाबारे ठेगान नलागेसम्म र अन्य परिवर्तनहरू नभएसम्म अन्तरिम उपायका रूपमा स्थानीय निकायहरूको निर्वाचन गरिनु सबभन्दा उत्तम उपाय हुन सक्छ। त्यस्तो निर्वाचन अर्को आम निर्वाचनसँगसँगै गरिनु उपयुक्त हुनेछ।[९७]

गएको साल सामान खरिदमा भएको चर्चित भ्रष्टाचारकाण्ड र अख्तियार दुरुपयोगका घटनाहरूबाट भ्रष्टाचारप्रति संस्थागत सहिष्णुता मात्र होइन संस्थागत समर्थनसमेत रहने गरेको र राजनीतिक तथा प्रशासनिक ओहोदाका मानिसहरू कसरी दण्ड-सजाय पाउनबाट जोगिन्छन् भन्ने तथ्य सामुन्ने आएको छ।[९८] सर्वोच्च अदालतले भ्रष्टाचारका मुद्दा हेर्ने विशेष अदालतले गरेको फैसला विरुद्ध परेका अपिलहरूलाई हेर्न थालेको छ। बितेका ६ महिनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) ले राज्य अधीनस्थ संस्थानहरू, नेपाल प्रहरी र अन्य व्यक्तिहरूले विगत ६ महिनामा गरेका अपराधबारे मुद्दा हालिसकेको छ वा मुद्दा हाल्ने तयारी गरिरहेको छ।[९९] यस्ता राजनीतिक, प्रशासनिक र वित्तीय स्वार्थका सञ्जालसितको लसपसका कारण राजनीतिक पात्रहरूको वैधानिकतामा केही फरक पर्दैन र निर्वाचनमा पनि उनीहरूलाई यही सञ्जालको हिमचिमले जिताउँछ, प्रणालीगत सुधारलाई अघि बढाउनाले होइन। टालटुले नै किन नहोस्, भ्रष्टाचार भनेर सबैले बुझेको विषयमा यदि कुनै पार्टीले केही गरेर देखाउने चेष्टा गर्छ भने त्यसको राजनीतिक लाभ उसले अवश्य पाउनेछ।[१००]

## ४. निष्कर्ष

नेपालका धेरैजसो राजनीतिक पात्रहरूका लागि समायोजन र नयाँ संविधान निर्माणजस्ता शान्ति प्रक्रियाका प्रमुख तत्त्वहरू सत्ता साझेदारी गरेर तत्काल फाइदा उठाउने र दीर्घकालीन रूपमा हुने पार्टीभित्र र बाहिरका समीकरण बनाउन गरिने सौदाबाजीको हतकण्डा बन्न पुगेका छन्। यसो हुने एउटा कारण त सहमतिको काल्पनिक अवधारणालाई बोकी हिँड्नाले उत्पन्न हुन गएको शिथिलता र शान्ति प्रक्रियाले खोजेको निःस्वार्थ तथा नैतिक चरित्र र निजी तथा पार्टीगत स्वार्थबीचको अन्तरविरोध पनि हो।

शान्ति प्रक्रियाको ढाँचालाई पहिले स्वीकारिसके पनि मुलुकको राजनीति अहिले खण्डित अवस्थामा छ र यस परिस्थितिबाट उत्पन्न महत्त्वाकाङ्क्षा तथा हताशाहरूलाई तुरुन्तै लगाम लगाउन सकिने अवस्था छैन। राज्य र यसका अङ्गका माध्यमबाट प्राप्त हुने सत्ता-शक्तिको उपभोग गर्ने पात्रहरू पहिले हेरी बढेका छन् र उपभोग गर्ने बाटाहरू पनि थपिएका छन्। ती कुरालाई पनि औपचारिक र संस्थागत सुधारको प्रक्रिया जसरी

[९६]राजा ज्ञानेन्द्रले फेब्रुअरी २०१० मा स्थानीय निर्वाचन गराए, तर धेरैजसो राजनीतिक पार्टीहरूले त्यसलाई बहिष्कार गरे। २५ प्रतिशतभन्दा पनि कम मतदाताहरूले चुनावमा मतदान गरे। त्यो चुनाव सेनाको समर्थनमा अडेको सत्ताले गरेको थियो। त्यस निर्वाचनको लगत्तैजसो प्रजातन्त्रको पुनःस्थापनाका लागि दोस्रो बहुदलीय जनआन्दोलन सुरु भयो। त्यसैले उक्त निर्वाचन अर्थहीन हुन गयो। सन् २००८ मा संविधानसभाका लागि भएको निर्वाचनमा ६० प्रतिशतजति मत खसेको थियो।

[९७]आदित्य अधिकारी, "Long wait for local government", *Himal Southasian*, अक्टोबर २०१०। विष्णुप्रसाद अर्याल, "Monitoring efforts go down the drain", *The Himalayan Times*, ३० मार्च २०११। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मार्च २०११। क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित।

[९८]यसमा सामान खरिदमा रु.३५ करोड बराबरको भ्रष्टाचार भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको काण्ड पर्दछ। त्यस काण्डमा सुडानमा खटिएका नेपाल प्रहरी डफ्फाका लागि कमसल सवारी साधनहरू पठाइएका थिए, जसका कारण त्यो डफ्फा नेपाल फिर्ता आउन सक्ने अवस्था उत्पन्न भएको थियो। त्यस काण्डमा पूर्वगृहमन्त्री (र शान्ति प्रक्रियाका वार्ताकार) कृष्णप्रसाद सिटौला र पूर्वप्रहरी प्रमुखहरूको संलग्नता भएको आरोप लागेको थियो। त्यसैगरी मेसिन रिडेबल पासपोर्टको ठेक्का नियम मिचेर दिएको सार्वजनिक लेखासमितिले ठहर गरेको थियो; सभासदहरूबाट कूटनीतिक पासपोर्ट बिक्री र दुरुपयोग गरिएको अभियोग लागेको थियो; सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगका दुई जना पूर्व आयुक्तहरूले अख्तियार दुरुपयोग गरेकामा निजहरूउपर कारबाही गर्ने आदेश भएको थियो। पैसाले भोट किन्ने प्रचलन पनि नेपालको राजनीतिक संयन्त्रको चरित्र रहँदै आएको छ। सेप्टेम्बर २०१० मा नयाँ प्रधानमन्त्रीको निर्वाचन हुन नसकेको बेला टेप प्रकरण बाहिर आएको थियो। त्यस टेपवार्तामा माओवादी नेता कृष्णबहादुर महराले सभासदहरूलाई खरिद गर्नका लागि नगद दिने एक जना "चिनियाँ" व्यक्तिसँग कुराकानी गरेको र काठमाडौंस्थित भारतीय राजदूतावासले सो टेप रेकर्ड बाहिर ल्याएको बताइन्छ। अगस्ट २०१० मा संविधानसभाका एक जना मधेसी सदस्यले आफूलाई काठमाडौंमा एक जना भारतीय खुफियाले भारतद्वारा सञ्चालित एउटा विद्यालयमा आफ्नो छोरीको भर्ना रद्द गरिदिने धम्की दिएको आरोप लगाएका थिए।

[९९]अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) एक संवैधानिक अङ्ग हो जसका आयुक्तहरूलाई राजनीतिक नियुक्ति दिने गरिन्छ। तर मार्च २०१० देखि यता सो आयोग प्रमुख आयुक्तविहीन छ र एक जना निजामती कर्मचारीले प्रमुखको काम चलाउँदै आएका छन्। मार्च २०११ मा अदुअआले सुडानमा बख्तरबन्द गाडीहरू पठाउँदा अनियमितता गरेकोमा प्रहरी महानिरीक्षकसमेत ५० जना वरिष्ठ प्रहरी अधिकृतहरू विरुद्ध मुद्दा चलाउने घोषणा गरेको थियो। सेप्टेम्बर २०१० मा प्रहरी निरीक्षक बनाइदिन्छु भनी घूस लिने एमाले सभासद् विरुद्ध अदुअआले मुद्दा चलायो। अक्टोबर २०१० मा राज्यको स्वामित्वमा रहेको नेपाल टेलिकमले अर्को पुस्ताको नेटवर्कसम्बन्धी ठेक्का दिँदा सार्वजनिक खरिद ऐन २००७ को प्रक्रियालाई मिचेको भन्दै सो ठेक्का रद्द गर्न नेपाल टेलिकमलाई निर्देशन दिएको थियो र डिसेम्बर २०१० मा गैरकानुनी ढङ्गले दुईओटा एयरबस जहाजहरू किन्न लागेकोमा नेपाल वायु निगम र यसका कार्यकारी अध्यक्ष विरुद्ध मुद्दा चलाइयो।

[१००]उदाहरणार्थ, बाबुराम भट्टराईले "चोखो" र समर्थवान अर्थमन्त्रीको व्यक्तिगत छवि बनाएकाले पनि जनतामाझ उनले आदर कमाएका छन्। नेपालको समग्र राजनीतिक प्रणाली कसरी सञ्चालित छ भन्नेबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित।

नै रूपान्तरणको प्रक्रिया मान्नुपर्छ। यस्तो हुनु अनिवार्य छ र त्यस्तो भएकामा दुःख मनाउ मात्रै गरिरहनुभन्दा त्यसलाई रोक्न र ठेगान लगाउन राजनीतिक रूपमा पहल गरिनुपर्छ। त्यस दिशातर्फको पहिलो कदमचाहिँ नयाँ संविधानको निर्माण, राज्य पुनर्संरचना र सुरक्षा क्षेत्रको सुधार हुनेछ। तर यी तीनै विषयमा प्रगति हुनलाई जनमुक्ति सेनाको समायोजनका साथै विघटन र यसका सदस्यहरूको पुनःस्थापना अनिवार्य सर्त हो।

फङ्केमा रहेका समूहहरूले काठमाडौंको ध्यान खिच्नलाई हिंसाको माध्यमद्वारा राज्यलाई चुनौती दिनुपर्ने रहेछ भन्ने बुझेका छन्। त्यसबाहेक, बल्झिन सक्ने अरू पनि बिन्दुहरू छन्, जस्तैः माओवादीभित्रका केही खेमा र भविष्यमा चोइटिन सक्ने समूहहरू, पूर्वी पहाड र तराईमा पहिचानको राजनीति गर्ने समूहहरू, कट्टर राजावादीहरूको सम्भावित गठबन्धन, हिन्दू समूहहरू र सेनाका कट्टर हिमायतीहरू तथा जनताको निराशा र राज्यको अव्यवस्थाबाट फाइदा उठाएर कुनै "लौह पुरुष" खोज्ने प्रयास।

औपचारिक शान्ति प्रक्रियालाई झेलिरहनुपर्दा पार्टीहरू वाक्क-दिक्क भएका हुन सक्छन्, तर उनीहरू यससित बाँधिएका छन् र नयाँ संविधान बनाउन वचनबद्ध छन्। यस तथ्यलाई इन्कार गर्नाले उनीहरूलाई नै हानि हुनेछ। शान्ति प्रक्रियालाई तिलाञ्जली दिनाले र यस प्रक्रियालाई क्षति पुऱ्याउनाले निम्त्याउने अझ गम्भीर र बृहत्तर खतरा त आफ्नो ठाउँमा छँदैछ। अल्पकालीन हिसाबमा हेर्दा पार्टीहरूले विगत चार वर्षमा जस्तो आचरण देखाउँदै आएका छन् त्यसभन्दा उनीहरूले बेग्लै आचरण देखाउने छाँट छैन। तर अहिले उनीहरूको समर्थन आधार टुक्रिँदै छ र वार्ताको टेबुल ठटाउन सक्ने तागत पनि घट्दै गएको छ। पार्टीहरूले शान्ति प्रक्रियाले तय गरेको ढाँचाअन्तर्गत नै रहेर काम गर्ने हो भने उनीहरूले आफूलाई पूर्ण राजनीतिक पात्रका रूपमा स्थापित गर्ने, भविष्यलाई सुरक्षित पार्ने र जुन परिवर्तन ल्याउने उनीहरूले वचन दिएका छन् त्यसलाई व्यवहारमा उतार्ने अन्तिम मौका उनीहरूसामु छ। यदि त्यसो नगर्ने हो भने त्यसको अर्थ त्यसबाट लामो र सम्भवतः अझ तिखारिएको सङ्घर्ष जन्मनेछ र अधुरो नै भए पनि नेपालले अहिले पाएको लोकतन्त्रउपरको खतरा कायम रहनेछ।

**काठमाडौं/ब्रसेल्स, ७ अप्रिल २०११**

# अनुसूची क

# सन् २००८ देखि क्राइसिस ग्रुपद्वारा प्रकाशित एसियासम्बन्धी रिपोर्ट र समीक्षाहरू

## Central Asia

*Political Murder in Central Asia: No Time to End Uzbekistan's Isolation*, Asia Briefing N°76, 13 February 2008.

*Kyrgyzstan: The Challenge of Judicial Reform*, Asia Report N°150, 10 April 2008 (also available in Russian).

*Kyrgyzstan: A Deceptive Calm*, Asia Briefing N°79, 14 August 2008 (also available in Russian).

*Tajikistan: On the Road to Failure*, Asia Report N°162, 12 February 2009.

*Women and Radicalisation in Kyrgyzstan*, Asia Report N°176, 3 September 2009.

*Central Asia: Islamists in Prison*, Asia Briefing N°97, 15 December 2009.

*Central Asia: Migrants and the Economic Crisis*, Asia Report N°183, 5 January 2010.

*Kyrgyzstan: A Hollow Regime Collapses*, Asia Briefing N°102, 27 April 2010.

*The Pogroms in Kyrgyzstan*, Asia Report N°193, 23 August 2010.

*Central Asia: Decay and Decline,* Asia Report N°201, 3 February 2011.

## North East Asia

*China's Thirst for Oil*, Asia Report N°153, 9 June 2008 (also available in Chinese).

*South Korea's Elections: A Shift to the Right*, Asia Briefing N°77, 30 June 2008.

*North Korea's Missile Launch: The Risks of Overreaction*, Asia Briefing N°91, 31 March 2009.

*China's Growing Role in UN Peacekeeping*, Asia Report N°166, 17 April 2009 (also available in Chinese).

*North Korea's Chemical and Biological Weapons Programs*, Asia Report N°167, 18 June 2009.

*North Korea's Nuclear and Missile Programs*, Asia Report N°168, 18 June 2009.

*North Korea: Getting Back to Talks*, Asia Report N°169, 18 June 2009.

*China's Myanmar Dilemma*, Asia Report N°177, 14 September 2009 (also available in Chinese).

*Shades of Red: China's Debate over North Korea*, Asia Report N°179, 2 November 2009 (also available in Chinese).

*The Iran Nuclear Issue: The View from Beijing*, Asia Briefing N°100, 17 February 2010 (also available in Chinese).

*North Korea under Tightening Sanctions*, Asia Briefing N°101, 15 March 2010.

*China's Myanmar Strategy: Elections, Ethnic Politics and Economics*, Asia Briefing N°112, 21 September 2010 (also available in Chinese).

*North Korea: The Risks of War in the Yellow Sea*, Asia Report N°198, 23 December 2010.

*China and Inter-Korean Clashes in the Yellow Sea,* Asia Report N°200, 27 January 2011.

## South Asia

*After Bhutto's Murder: A Way Forward for Pakistan*, Asia Briefing N°74, 2 January 2008,

*Afghanistan: The Need for International Resolve*, Asia Report N°145, 6 February 2008.

*Sri Lanka's Return to War: Limiting the Damage*, Asia Report N°146, 20 February 2008.

*Nepal's Election and Beyond*, Asia Report N°149, 2 April 2008 (also available in Nepali).

*Restoring Democracy in Bangladesh*, Asia Report N°151, 28 April 2008.

*Nepal's Election: A Peaceful Revolution?*, Asia Report N°155, 3 July 2008 (also available in Nepali).

*Nepal's New Political Landscape*, Asia Report N°156, 3 July 2008 (also available in Nepali).

*Reforming Pakistan's Police*, Asia Report N°157, 14 July 2008.

*Taliban Propaganda: Winning the War of Words?*, Asia Report N°158, 24 July 2008.

*Sri Lanka's Eastern Province: Land, Development, Conflict*, Asia Report N°159, 15 October 2008.

*Reforming the Judiciary in Pakistan*, Asia Report N°160, 16 October 2008.

*Bangladesh: Elections and Beyond*, Asia Briefing N°84, 11 December 2008.

*Policing in Afghanistan: Still Searching for a Strategy*, Asia Briefing N°85, 18 December 2008.

*Nepal's Faltering Peace Process*, Asia Report N°163, 19 February 2009 (also available in Nepali).

*Afghanistan: New U.S. Administration, New Directions*, Asia Briefing N°89, 13 March 2009.

*Pakistan: The Militant Jihadi Challenge*, Asia Report N°164, 13 March 2009.

*Development Assistance and Conflict in Sri Lanka: Lessons from the Eastern Province*, Asia Report N°165, 16 April 2009.

*Pakistan's IDP Crisis: Challenges and Opportunities*, Asia Briefing N°93, 3 June 2009.

*Afghanistan's Election Challenges*, Asia Report N°171, 24 June 2009.

*Sri Lanka's Judiciary: Politicised Courts, Compromised Rights*, Asia Report N°172, 30 June 2009.

*Nepal's Future: In Whose Hands?*, Asia Report N°173, 13 August 2009 (also available in Nepali).

*Afghanistan: What Now for Refugees?*, Asia Report N°175, 31 August 2009.

*Pakistan: Countering Militancy in FATA*, Asia Report N°178, 21 October 2009.

*Afghanistan: Elections and the Crisis of Governance*, Asia Briefing N°96, 25 November 2009.

*Bangladesh: Getting Police Reform on Track*, Asia Report N°182, 11 December 2009.

*Sri Lanka: A Bitter Peace*, Asia Briefing N°99, 11 January 2010.

*Nepal: Peace and Justice*, Asia Report N°184, 14 January 2010.

*Reforming Pakistan's Civil Service*, Asia Report N°185, 16 February 2010.

*The Sri Lankan Tamil Diaspora after the LTTE*, Asia Report N°186, 23 February 2010.

*The Threat from Jamaat-ul Mujahideen Bangladesh*, Asia Report N°187, 1 March 2010.

*A Force in Fragments: Reconstituting the Afghan National Army*, Asia Report N°190, 12 May 2010.

*War Crimes in Sri Lanka*, Asia Report N°191, 17 May 2010.

*Steps Towards Peace: Putting Kashmiris First*, Asia Briefing N°106, 3 June 2010.

*Pakistan: The Worsening IDP Crisis*, Asia Briefing N°111, 16 September 2010.

*Nepal's Political Rites of Passage*, Asia Report N°194, 29 September 2010 (also available inNepali).

*Reforming Afghanistan's Broken Judiciary*, Asia Report N°195, 17 November 2010.

*Afghanistan: Exit vs Engagement*, Asia Briefing N°115, 28 November 2010.

*Reforming Pakistan's Criminal Justice System*, Asia Report N°196, 6 December 2010.

*Nepal: Identity Politics and Federalism,* Asia Report N° 199, 13 January 2011.

*Afghanistan's Elections Stalemate,* Asia Briefing N° 117, 23 February 2011.

*Reforming Pakistan's Electoral System,* Asia Report N°203, 30 March 2011.

## South East Asia

*Timor-Leste: Security Sector Reform*, Asia Report N°143, 17 January 2008 (also available in Tetum).

*Indonesia: Tackling Radicalism in Poso*, Asia Briefing N°75, 22 January 2008.

*Burma/Myanmar: After the Crackdown*, Asia Report N°144, 31 January 2008.

*Indonesia: Jemaah Islamiyah's Publishing Industry*, Asia Report N°147, 28 February 2008 (also available in Indonesian).

*Timor-Leste's Displacement Crisis*, Asia Report N°148, 31 March 2008.

*The Philippines: Counter-insurgency vs. Counter-terrorism in Mindanao*, Asia Report N°152, 14 May 2008.

*Indonesia: Communal Tensions in Papua*, Asia Report N°154, 16 June 2008 (also available in Indonesian).

*Indonesia: Implications of the Ahmadiyah Decree*, Asia Briefing N°78, 7 July 2008 (also available in Indonesian).

*Thailand: Political Turmoil and the Southern Insurgency*, Asia Briefing N°80, 28 August 2008 (also available in Thai).

*Indonesia: Pre-election Anxieties in Aceh*, Asia Briefing N°81, 9 September 2008 (also available in Indonesian).

*Thailand: Calming the Political Turmoil*, Asia Briefing N°82, 22 September 2008 (also available in Thai).

*Burma/Myanmar After Nargis: Time to Normalise Aid Relations*, Asia Report N°161, 20 October 2008 (also available in Chinese).

*The Philippines: The Collapse of Peace in Mindanao*, Asia Briefing N°83, 23 October 2008.

*Local Election Disputes in Indonesia: The Case of North Maluku*, Asia Briefing N°86, 22 January 2009.

*Timor-Leste: No Time for Complacency*, Asia Briefing N°87, 09 February 2009.

*The Philippines: Running in Place in Mindanao*, Asia Briefing N°88, 16 February 2009.

*Indonesia: Deep Distrust in Aceh as Elections Approach*, Asia Briefing N°90, 23 March 2009.

*Indonesia: Radicalisation of the "Palembang Group"*, Asia Briefing N°92, 20 May 2009.

*Recruiting Militants in Southern Thailand*, Asia Report N°170, 22 June 2009 (also available in Thai).

*Indonesia: The Hotel Bombings*, Asia Briefing N°94, 24 July 2009 (also available in Indonesian).

*Myanmar: Towards the Elections*, Asia Report N°174, 20 August 2009.

*Indonesia: Noordin Top's Support Base*, Asia Briefing N°95, 27 August 2009.

*Handing Back Responsibility to Timor-Leste's Police*, Asia Report N°180, 3 December 2009.

*Southern Thailand: Moving towards Political Solutions?*, Asia Report N°181, 8 December 2009 (also available in Thai).

*The Philippines: After the Maguindanao Massacre*, Asia Briefing N°98, 21 December 2009.

*Radicalisation and Dialogue in Papua*, Asia Report N°188, 11 March 2010 (also available in Indonesian).

*Indonesia: Jihadi Surprise in Aceh*, Asia Report N°189, 20 April 2010.

*Philippines: Pre-election Tensions in Central Mindanao*, Asia Briefing N°103, 4 May 2010.

*Timor-Leste: Oecusse and the Indonesian Border*, Asia Briefing N°104, 20 May 2010.

*The Myanmar Elections*, Asia Briefing N°105, 27 May 2010 (also available in Chinese).

*Bridging Thailand's Deep Divide*, Asia Report N°192, 5 July 2010.

*Indonesia: The Dark Side of Jama'ah Ansharut Tauhid (JAT)*, Asia Briefing N°107, 6 July 2010.

*Indonesia: The Deepening Impasse in Papua*, Asia Briefing N°108, 3 August 2010.

*Illicit Arms in Indonesia*, Asia Briefing N°109, 6 September 2010.

*Managing Land Conflict in Timor-Leste*, Asia Briefing N°110, 9 September 2010.

*Stalemate in Southern Thailand*, Asia Briefing N°113, 3 November 2010.

*Indonesia: "Christianisation" and Intolerance*, Asia Briefing N°114, 24 November 2010.

*Indonesia: Preventing Violence in Local Elections*, Asia Report N°197, 8 December 2010 (also available in Indonesian).

*Timor-Leste: Time for the UN to Step Back*, Asia Briefing N°116, 15 December 2010.

*The Communist Insurgency in the Philippines: Tactics and Talks*, Asia Report N°202, 14 February 2011.

*Myanmar's Post-Election Landscape*, Asia Briefing N°118, 7 March 2011.

*The Philippines: Back to the Table, Warily, in Mindanao,* Asia Briefing N°119, 24 March 2011.

**International Headquarters**
149 Avenue Louise, 1050 Brussels, Belgium · Tel: +32 2 502 90 38 · Fax: +32 2 502 50 38
Email: brussels@crisisgroup.org

**New York Office**
420 Lexington Avenue, Suite 2640, New York 10170 · Tel: +1 212 813 0820 · Fax: +1 212 813 0825
Email: newyork@crisisgroup.org

**Washington Office**
1629 K Street, Suite 450, Washington DC 20006 · Tel: +1 202 785 1601 · Fax: +1 202 785 1630
Email: washington@crisisgroup.org

**London Office**
48 Gray's Inn Road, London WC1X 8LT · Tel: +44 20 7831 1436 · Fax: +44 20 7242 8135
Email: london@crisisgroup.org

**Moscow Office**
Belomorskaya st., 14-1 – Moscow 125195 Russia · Tel/Fax: +7-495-455-9798
Email: moscow@crisisgroup.org

**Regional Offices and Field Representation**
Crisis Group also operates out of over 25 different locations in Africa, Asia, Europe, the Middle East and Latin America.

See www.crisisgroup.org for details.

**www.crisisgroup.org**